लेखापरीक्षण प्रतिवेदन

देवानगञ्ज गाउँपालिका, सुनसरी

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

देवानगञ्ज गाउँपालिका, सुनसरी

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/174

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी ।

कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन. बजेट तलनात्मक विवरण. स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं ।

हाम्रो रायमा. यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन. बजेट तलनात्मक विवरण. स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२करोड ८ लाख ६१ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १ करोड ६४ लाख ३२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१५ लाख ६० हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार समेत गरी रु.१३करोड ९२ लाख ६८ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब २९ करोड २७ लाख १० हजार लेखापरीक्षण गरिएकोमा रू. १२ करोड २९ लाख १६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ६५ लाख ६९ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. ९० लाख ४५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७ करोड ९० लाख ५५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ६५ लाख ९० हजार र पेस्की बाँकी रु.७६ लाख ५७ हजार रहेको छ। गत वर्षसम्म रु.१८ करोड ६९ लाख १८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ३० करोड ९२ लाख ६५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने देवानगञ्ज गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त

अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी देवानगञ्ज गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(बालकृष्ण थापा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु							
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७०	१५५	१२,२९,१५,८५६	०	१४	६५,६९,२७०	६०,००,०००	७०	१४१	१२,२३,४६,५८४	९०,४५,१५९	२,६५,८९,५२०	७,९०,५५,३५८	०	०	१०,५६,४४,८८०	७६,५६,५४९

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सुनसरी	१८६९१८०००	०	०	१८६९१८०००	०	१२,२३,४६,५८४	३०९२६४५८४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	९१	सामग्री वितरणको भर्पाइ पेश गर्नुपर्नेः	४,९०,९८५
२	२०८०/८१	५६	नर्म्स भन्दा बढी खर्चः	७८,२८५
३	२०८०/८१	५८	एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालनः	६०,००,०००
जम्मा				६५,६९,२७०

(८०११४५०३३०० - देवानगञ्ज गाउँपालिका, सुनसरी)

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल ५३.५६ वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार ३९ हजार ३ सय ६७ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।९।३ देखि २०८१।१०।१४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- जम्मा रु.१,२९,२७,१०,२४९।८४ को लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १४,७०,४१५/- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत बित्तीय बिबरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी धरौटी अन्य कोष		६५८१२५९३.४३	१	चालु खर्च तथा पूँजीगत खर्च		४७८९३९३१०.३
२	राजस्व (आन्तरिक आय)		११४९१५८९१.८९		चालु खर्च	२७०६९३८५५.८८	
	क) आन्तरिक राजस्व	३३५६४१६७.१			पूँजीगत खर्च	२०८२४५४५४.४२	
	ख) राजस्व बाँडफाँड	८१३५१७२४.७९		२	IPFMS को खर्च तर्फ		१३९२६८०६३.९
३	वित्तीय हस्तान्तरण संघ		३३०१८२६२१		सामाजिक सुरक्षा भत्ता	१२०८६१४८२	
	क) वित्तीय समानीकरण अनुदान	१०७९७३०००			एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१६४३१५८१.८९	
	ख) सशर्त अनुदान चालु	१९४२५२३६०			स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१५६००००	
	ग) सशर्त अनुदान पूँजिगत	४१६६७१०			गरिव सँग विश्वेश्वर	४१५०००	
	घ) समपूरक अनुदान	१७७९०५५१		३	कोष तर्फको खर्च		२९०४९५६७.४१
	ङ) विशेष अनुदान	६००००००			धरौटी खर्च	१६०१०१३९.४१	
४	प्रदेश सरकारबाट प्राप्त		२१५०९०००		प्रकोप व्यवस्थापन कोष	७५३७५१५	
	क) वित्तीय समानीकरण अनुदान	७२८४०००			कार्य संचालन कोष	४९८१८९७	
	ख) सशर्त अनुदान चालु	२०२५०००			मर्मत सम्भार कोष	५२००१६.	
	ग) सशर्त अनुदान पूँजीगत	२२०००००		४	कोष तर्फको भौज्दात		२२८८४६०१.५५
	ग) समपुरक अनुदान पुँजीगत	१०००००००			धरौटीको मौज्दात	१४५१२८९३.२८	
५	IPFMS को प्राप्ती		१३९२६८०६३.८९		प्रकोप व्यवस्थापन कोष	१४५०८८.०६	
	सामाजिक सुरक्षा भत्ता	१२०८६१४८२			कार्य संचालन कोष	७७८५३४.९४	
	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१६४३१५८१.८९			मर्मत सम्भार कोष	१८६३१६७.९८	
	स्वास्थ्य क्षेत्र सुधार	१५६००००			संचित कोष खाता	५५८४९१७.२९	

	कार्यक्रम				मौज्दात		
	गरिव सँग विश्वेश्वर	४१५०००		५	फिर्ता तर्फ		२०५६२१७९.२५
६	कोष तर्फको आय धरौटी समेत		१९०१५५५२.१९		संघीय चालु	२०३२०१५३.५७	
	धरौटी आय	३५०३६४५.०८			संघीय पुँजीगत	१०४७९१.६८	
	प्रकोप व्यवस्थापन कोष	७६५८८५०.१५			प्रदेश चालु	११०५९१	
	कार्य संचालन कोष - विविध	५४८४८२१.९८			प्रदेश पुँजीगत	२६६४३	
	मर्मत सम्भार कोष	२३६८२३४.९८					
		जम्मा	६९०७०३७२२.४		जम्मा		६९०७०३७२२.४

३ **वित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति						
११०००	कर	८,६८,६८,४०१.५४	०.००	८,६८,६८,४०१.५४	४,४१,४०,१०९.३५	०.००	४,४१,४०,१०९.३५
१३०००	अनुदान	३३,१७,२८,३५६.७५	०.००	३३,१७,२८,३५६.७५	३४,८५,१३,१२२.२८	०.००	३४,८५,१३,१२२.२८
१४०००	अन्य राजस्व	२,९०,०६,९८०.५१	०.००	२,९०,०६,९८०.५१	१,१६,८०,६६३.४७	०.००	१,१६,८०,६६३.४७
क	**कुल जम्मा प्राप्ति**	४४,७६,०३,७३८.८०		४४,७६,०३,७३८.८०	४०,४३,३३,८९५.१०		४०,४३,३३,८९५.१०
३	चालु	२७,०६,९३,८५५.८८	०.००	२७,०६,९३,८५५.८८	२८,७३,७४,१९९.५५	०.००	२८,७३,७४,१९९.५५
२१०००	पारिश्रमिक / सुविधा	१५,७७,५३,०८६.९३	०.००	१५,७७,५३,०८६.९३	१५,९४,६७,५६४.४६	०.००	१५,९४,६७,५६४.४६
२२०००	मालसामान तथा सेवाको उपयोग	१०,१३,४८,२०४.९५	०.००	१०,१३,४८,२०४.९५	११,६६,०४,५२८.०९	०.००	११,६६,०४,५२८.०९
२५०००	सहायता (Subsidy)	४८,९१,९७६.००	०.००	४८,९१,९७६.००	१,८५,०००.००	०.००	१,८५,०००.००
२७०००	सामाजिक सुरक्षा	६४,१४,६२०.००	०.००	६४,१४,६२०.००	१,०८,३४,५३५.००	०.००	१,०८,३४,५३५.००
२८०००	अन्य खर्च	२,८५,९६८.००	०.००	२,८५,९६८.००	२,८२,५७२.००	०.००	२,८२,५७२.००
४	पूंजीगत	२०,८२,४५,४५४.४२	०.००	२०,८२,४५,४५४.४२	२३,५५,४३,३०१.००	०.००	२३,५५,४३,३०१.००
३१११०	भवन तथा संरचना	२,४१,५७,७६८.३९	०.००	२,४१,५७,७६८.३९	१,६८,४७,८७४.००	०.००	१,६८,४७,८७४.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	४०,२२,३९५.७३	०.००	४०,२२,३९५.७३	४५,३२,३७१.००	०.००	४५,३२,३७१.००
३११३०	अन्य पूँजीगत	०.००	०.००	०.००	१४,९८,०४८.००	०.००	१४,९८,०४८.००

	खर्च						
३११४०	सुरक्षा उपकरण	७,९८,९८०.००	०.००	७,९८,९८०.००	०.००	०.००	०.००
३११५०	सार्वजनिक निर्माण	१७,९२,६६,३१०.३०	०.००	१७,९२,६६,३१०.३०	२०,८४,३५,२९१.००	०.००	२०,८४,३५,२९१.००
३११६०	निर्मित सरचनाको सुधार खर्च	०.००	०.००	०.००	४२,२९,७१७.००	०.००	४२,२९,७१७.००
ख)	**कुल जम्मा भुक्तानी**	४७,८९,३९,३१०.३०		४७,८९,३९,३१०.३०	५२,२९,१७,५००.५५		५२,२९,१७,५००.५५
ग)	**बचत /कमी (ग = क-ख)**	(३,१३,३५,५७१.५०)		(३,१३,३५,५७१.५०)	(११,८५,८३,६०५.४५)		(११,८५,८३,६०५.४५
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	(१,१६,६०,३०५.०८)		(१,१६,६०,३०५.०८)	६९,१८,८०६.४८		६९,१८,८०६.४८
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**	(१,१८,७०९.००)		(१,१८,७०९.००)	(३८,६६१.००)		(३८,६६१.००)
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	(४,२९,९५,८७६.५८)		(४,२९,९५,८७६.५८)	(११,१६,६४,७९८.९७)		(११,१६,६४,७९८.९७
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	६,६५,४४,०६४.१३		६,६५,४४,०६४.१३	१७,८२,०८,८६३.१०		१७,८२,०८,८६३.१०
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**						

ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	२,३५,४८,१८७.५५		२,३५,४८,१८७.५५	६,६५,४४,०६४.१३		६,६५,४४,०६४.१३

४ **हिसाब मिलानः**

पालिकाले पेश गरेको म.ले.प.फा.नं. २७० श्रेस्ता अनुसार वर्षान्तको बाँकी रु. २,२८,८४,६०१/५५ रहेकोमा बैंक तथा नगद बाँकि रु. २,३५,४८,१८७/५५ देखिएको छ । श्रेस्ताभन्दा बैक बढी भएको रु. ६,६३,५८६/को सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ ।

५ **वित्तीय विवरणको यथार्थता:**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२,०८,६१,४८२/- एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १,६४,३१,५८१/८९ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु. १५,६०,०००/- गरिव सँग विश्वेश्वर रु.४,१५,०००/- समेत गरी रु.१३,९२,६८,०६४/- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

६ **फरक जिम्मेवारी:**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ६,५८,१२,५९३/४३ मौज्दात रहेकोमा यो वर्ष रु. ६,६५,४४,०६४/१३ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७,३१,४७०/७ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

७ **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ३,३५,६४,९६७/१० राजस्व बाँडफाँडबाट रु. ८,१३,५१,७२४/७९ र अनुदानबाट रु.३५,१६,९१,६२१/- समेत रु. ४६,६६,०८,३१२/८९ आम्दानी भएकोमा चालु तर्फ रु.२७,०६,९३,८५५/८८ र पूँजीगत तर्फ रु.२०,८२,४५,४५४/४२ समेत रु.४७,८९,३९,३१०/३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७.०० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.६५,३७,०००/- खर्च भएको छ जुन आन्तरिक आयको १९.४६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकम समेतबाट ५६.५२ प्रतिशत चालु र ४३.४८ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **फरक हिसाब:**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ७,३१,४७०/७ यस वर्षको प्राप्ति रु. १७,७२,८७,३९०/१७, यस वर्षको भुक्तानी रु. १८,८८,७९,८१०/५५ र बैङ्क मौज्दात रु. ६,६३,५८६/- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गत वर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	६६५४४०६४/१३	४४७६०३७३८/८०	४७८९३९३१०/३०	२३५४८१८७/५५
एकीकृत आर्थिक विवरणअनुसार	६५८१२५९३/४३	६२४८९११२८/९७	६६७८१९१२०/८५	२२८८४६०१/५५
फरक	७३१४७०/७	-1E+07	-3434178	६६३५८६

९ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक अनुदान खातामा रु.११,०७,०००/- मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

१० **वार्षिक खरिद योजना/गुरुयोजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२०,८२,४५,४५४/४२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक स्रोत अन्तर्गत खानी जंगल तथा अन्य स्रोत पूर्वाधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१२ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्रथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१३ **बजेट तथा कार्यक्रम तर्जुमा:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१४ **बजेट पेश, पारित र अख्तियारी:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.६४ करोड ४२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१५ **एकमुष्ट बजेट:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को २ मा बजेट पेश तथा पारित गर्ने बिषयमा आगामी आर्थिक बर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित बिबरण माथि छलफल गरि पारित हुने बजेटमा एकमुष्ट रकम राख्न मिल्ने देखिदैन । यसै गरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम १६ को उप नियम १८ मा कार्यालयले बजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत बजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि एकमुष्ट बजेट राख्न मिल्ने देखिदैन । यस पालिकाले यो वर्ष रु.२८५०००००/- एकमुष्ट बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट एकमुष्टमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

क्र सं	योजनाको नाम	बजेट / खर्च
१	विविध कार्यक्रम	१०००००
२	समपुरक कोष	२५००००००
३	आर्थिक सहायता/ धार्मिक तथा सांस्कृतिकलाई सहायता	३४०००००
	जम्मा	२८५०००००

१६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आर्थिक वर्ष २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ:

क्र.सं	मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च रकम	कुल खर्चमध्ये प्रतिशत
१	आर्थिक विकास	३४५५००००	२९३१५७९३.२९	८४.८५
२	सामाजिक विकास	२०६२२७५००	१७१६१३१६९.६४	८३.२२
३	पूर्वाधार विकास	२७००४६२२९.८१	१७५५१६८५०.७४	६५
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२२५००००	१४८३०३८.५२	६५.९१
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१२४५७५४४२	१०१०१०४५८.११	८१.०८
कुल जम्मा		६३७६४९१७२	४७८९३९३१०.३	७५.११

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये आर्थिक विकास विकासमा सबैभन्दा बढी ८४.८५ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ६५ प्रतिशत खर्च रहेको छ ।

१७ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयारगरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । पालिकाको पूँजीगतखर्च विश्लेषण गर्दा प्रथम त्रैमासिकमा १२.७४ प्रतिशत दोस्रो त्रैमासिकमा २३.१५ प्रतिशत तेस्रो त्रैमासिकमा २९.६० प्रतिशत चौथो त्रैमासिक ३४.६० प्रतिशत र असार महिनामा १५.८० प्रतिशत खर्च भएको देखियो । त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले असारमा अत्याधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न त्रैमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरिनु पर्दछ । साथै त्रैमासिक खर्चको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु . हजार)				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पूँजीगत खर्चतर्फ	२०८२४५४५४.४२	२६५५७८७५.३९	४८२०७२०९.३५	६१६२८४७५.	७१८५१८९४.६८	३२९०१३३२.६८
प्रतिशत		१२.७४	२३.१५	२९.६	३४.६	१५.८

१८ **जिन्सी निरीक्षण:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ तर सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरेको पाइएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१९ **अनुदानको अनुगमन:**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२० **पेश्की बाँकी:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली२०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.७६५६५४९/- फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

क्र.सं.	पेश्की लिएको गो. भौ. न मिति	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	पेश्कीको विवरण	म्याद ननाधेको	म्याद नाधेको
१	१। २०८०/०४/०१	तनविर एण्ड ब्रदर्स बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि.	केन्द्रबाट छनौट भएका नमुना विद्यालय , विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	०	१४९०५००
२	१। २०८०/०४/०१	तनविर एण्ड ब्रदर्स बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि.	श्री नव दुर्गा आवि , देवानगंज ७ चार कोठा भवन	१८२०००	०
३	१। २०८०/०४/०१	त्रिपल आइ. बिल्डर्स प्राइभेट लिमिटेड	देवानगंज वडा न ७ वडा कार्यालय पुर्व हकापारापण्डित टोल सम्मको ६ बाटोमा कालो पत्रे कार्य	५८०००	०
४	२। २०८०/०४/०१	ए. एस कन्स्ट्रक्शन	सडक तथा पूल निर्माण	०	९००००
५	२। २०८०/०४/०१	ए. एस कन्स्ट्रक्शन	वडा न १ को देवु घर देखि दक्षिण पशिचम हुदै भिखा सन्त कुमार भूपदेव घर सम्म मानेश्वर घर पश्चिम सुवालाल मेहता घरसम्म र बावुनन्दनको मन्दिर देखि पूर्व दक्षिण पिच वाटो सम्म कालो पत्रे कार्य।	५४००००	०
६	२। २०८०/०४/०१	ए. एस कन्स्ट्रक्शन	वडा न २ को यहिया घर दक्षिण बृजविहारि घर हुदै इलका प्रहरी चौक सम्मको बाटो कालो पत्रे कार्य ।	४६५०००	०
७	२। २०८०/०४/०१	जोया एण्ड ब्रदर्श कन्ट्रक्शन प्रा.लि.	वडा न १ सारदा नि मा वि विधालय देखि दक्षिण नारायण मेहतको घर देखि पश्चिम धोवी टोल इनरुवा कौवा कालेपत्रे निर्माण	१००००००	०
८	२। २०८०/०४/०१	त्रिपल आइ. बिल्डर्स प्राइभेट लिमिटेड	उमेश भगतको घर देखि पाँचौ सीमार स्कुल मा. बि. सम्म सडक कालोपत्र गर्ने कार्य	१४६००००	०
९	२। २०८०/०४/०१	भगवती कन्स्ट्रक्सन	गा पा भवनको क्यानटिन निर्माण कार्य	०	३२००००
१०	२। २०८०/०४/०१	भुमि-ए.एस जे/भी	सडक तथा पूल निर्माण	०	२९९०००
११	२। २०८०/०४/०१	भुमि-ए.एस जे/भी	वडा न ४ मा चन्देश्वर मेहताको घर देखि दक्षिण यादव टोल महानन्द घर पूर्व १९ मालटोल हुदै उत्तर हुलाकी वाटो सम्म काले पत्रे कार्य ।	०	८१००००
१२	२। २०८०/०४/०१	भुमि-ए.एस जे/भी	वडा न ६ जनता नि मा वि पूर्व उत्तर दक्षिण देवानगंज ७ रेखा सरदर टोल हुदै हक्पारा चौधरी टोल सम्मको वाटोमा कालो पत्रे कार्य ।	०	१७९३०००
१३	२। २०८०/०४/०१	सुन्दर्भ कन्स्ट्रक्सन प्रा ली १	चमेनिया पोखरी निर्माण कार्य	०	१०९००००
१४	२। २०८०/०४/०१	सुन्दर्भ कन्सट्रक्सन प्रा.लि.२	वडा नं १ को नारायण मेहताको घरदेखी दक्षिण भुटाइपाल शर्मा टोलको बाटो कालो पत्रे गर्ने कार्य	०	२२९९००
१५	२। २०८०/०४/०१	सुन्दर्भ कन्सट्रक्सन	वडा न ७ ध्रुव नारायण घर देखि पुर्व विर नारायण घर हुदै वुढी पुल सम्म कालोपत्रे कार्य	०	१२००००

		प्रा.लि.२			
१६	२। २०८०/०४/०१	सुन्दर्भ कन्सट्रक्सन प्रा.लि.२	वडा नं. १ नेवालाल यादवको घर देखि पुर्व बोहोरा पक्का थान हुँदै वडा नं. २ , ६ चमेनिया पोखरी जाने बाटो कालोपत्रे गर्ने कार्य	०	३५६९००
१७	२। २०८०/०४/०१	सरिता निर्माण सेवा	सडक तथा पूल निर्माण	०	४१००००
१८	२। २०८०/०४/०१	सरिता निर्माण सेवा	मानेश्वर मेहताको घरदेखि पुर्व रामदेव घर देखि उत्तर यादव टोल हुदै हरिनगरा विराटनगर क्रमगत कालो पत्रे योजना	०	२०००००
१९	२। २०८०/०४/०१	सरोज कन्स्ट्रकसन	वडा न ७ सरकारी पोखरी देखि पश्चिम पिच बाटो सम्म स्तरोनन्ती गर्ने कार्य	०	२०००००
२०	२। २०८०/०४/०१	सरोज कन्स्ट्रकसन	स्वास्थ्य चौकी देखि दक्षिण जाने बाटो निर्माण कार्य वडा नं.२	०	१७००००
२१	८। २०८१/०२/२१	पण्डित/ भगवती जे. भी.	१६ कोठे भवन निर्माण कार्य	२००००००	०
२२	९। २०८१/०३/०५	पण्डित भगवती जे. भी.	१६ कोठे भवन निर्माण कार्य	५४७३९६	०
२३	२४। २०८१/०३/२२	पण्डित भगवती जे. भी.	१६ कोठे भवन निर्माण कार्य	५४७३९६	०
२४	२४। २०८१/०३/२२	पण्डित भगवती जे. भी.	१६ कोठे भवन निर्माण कार्य	१२८६०००	०
२५	२। २०८०/०४/०१	नेपाल विधुत प्राधिकरण इनरुवा	अन्य विविध पूजिगत खर्च	०	७७२४९
२६	०	श्री कूँवर डेभलपर्स एण्ड विल्डर्स प्रा.लि.	१५ शैया हस्पिटल	२६६००००	
			जम्मा	१०७४५७९२	७६५६५४९
				पेश्की	७६,५६,५४९

२१ **आन्तरिक नियन्त्रण प्रणाली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र

सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वियन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।साथै अनुसूची 8 अनुसारको अधिकारको व्यवस्थापन गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिहरु तयार गरी कार्यान्वियन गरेको पाईएको तर मध्यमकालिन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरे अनुसार पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार अनलाईन प्रणाली मार्फत गर्ने गरेको पाइयो।

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत गरेको तर लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्नेमा सो नगरेको ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइयो ।

• वातावरणको संरक्षणको लागि एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन ।

• कार्यक्रम कार्ययोजना तथा लागत अनुमान तयार/स्वीकृत नगरी पेश्की दिने गरेको ।

• गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ (क) बमोजिमको मासिक अनुगमन भत्ता लिदा पदाधिकारीले अनुगमन तयार गरी पेश गर्ने नगरेको ।

• मर्मत अभिलेख खाता राख्ने नगरेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२२ **धरौटी सदरस्याहः**

मिति २०८१।३।२० गतेको २३ औं कार्यपालिकाको बैठकको प्रस्ताव नं. ९ मा धरौटी खातामा रहेको विविध नाम नखुलेको धरौटी रकम सदरस्याह गरी आन्तरिक राजस्व खातामा जम्मा गर्ने तथा प्रमाणको साथमा धरौटी रकम फिर्ता माग गरेमा पालिकामा बिनियोजित बजेटबाट धरौटी फिर्ता गर्ने निर्णय भएको छ । सो अनुरुप धरौटी स्रेस्ताको भौ नं. ४०/२०८१।३।२४ बाट रु.

५५,०१,५९३/९५ र ४१/२०८१।३।२४ बाट रु.४२,५७,३२६/२६ गरी जम्मा रु. ९७५८९२०।२१ सदरस्याह गरी पालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरेको पाइयो । यसरी धरौटी सदरस्याहा भएको रकम स्थानीय, प्रदेश र संघको अलग अलग गरी छुट्याई राखेको नपाइएकोले प्रदेश र संघमा जम्मा हुने राजस्व रकम यकिन गर्न सकिएन ।

२३ **जिन्सी हस्तान्त्रण**

: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्त्रण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।पालिकाले विभिन्न वडा कार्यालय ताथ स्वास्थ्य चौकीहरुलागि खरिद गरेका निम्नानुसारका खप्ने प्रकृतिका मालसमानहरु कार्यालयको केन्द्रिय जिन्सीमा आम्दानी जनाई विभिन्न वडा कार्यालय र स्वास्थ्य चौकीहरुका लागि हस्त्रान्तरण गरी खर्च जनाएको पाइयो ।साथै केहि मालसामानहरु मातहत कार्यालयमा सोझै दाखिला समेत गरेको पाइयो । पालिका मातहतका वडा कार्यालयहरु Cost Centre को रुपमा नरहने हुँदा छुट्टै खर्च भएर नजाने जिन्सी खाता राख्न मिल्ने देखिदैन । यसरी कार्यालय मातहतका इकाईहरुलाई स्थायी प्रकृतिका मालसामानहरु उपलब्ध गराउँदा छुट्टा छुट्टै सहायक जिन्सी खाता प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । कार्यालयले वडा कार्यालयहरुको नाममा खर्च जनाईएका तथा मातहत कार्यालयमा सोझै दाखिला भएका मालसमानहरु कार्यालयको मुल जिन्सीमा पुन आम्दानी जनाएको प्रमाण पेश हुनु पर्दछ ।रु.

क्र.स.	ब.उ.शि.नं.	गो.भौ./ मिति	मालसामान सप्लाईकर्ता फर्मको नाम	बिजक नं./मिति	मालसामानहरुको बिवरण	संख्या	कुल भुक्तानी रु.	कैफियत
१.	गाउँपालिका पूँजिगत	२४८। ०८१। ३।२४	ए.के.ईलेक्ट्रोनिक एण्ड मोबाईल सेन्टर, सुनसरी	११।०८१।३।९	स्टेण्ड पंखा	३	१९५००	वडा नं.-२ का लगि खर्च जनाईएको
			शुक्रतारा फर्निचर उद्योग, बिराटनगर	१९।०८१।३।२०	सोफा ११ सिटे टि टेवल सहित	१	९०१९८	
२.	गाउँपालिका पूँजिगत	२४४। ०८१। ३।२४	मेघाटेक सोलुसन प्रा.लि., बिराटनगर	३८१।०८१।२।८	क्यानन ईन्जेक्ट प्रिन्टर- जि-३७३०	१	३०८००	वडा नं.-३ का लगि खर्च जनाईएको
			जय श्री गणेश ट्रेडर्स, बिराटनगर	२५१।०८१।२।२८	कपडा सिलाउने मेशिन सेट	६	९९६६६	
३.	गाउँपालिका पूँजिगत	१६२। ०८०। १२।२८	दृष्य ईन्टेरियर्स एण्ड ट्रेडर्स, बिराटनगर	५१।०८०।१२।२	सोफा सेट टि टेबल सहित	१	११८०००	
४.	गाउँपालिका पूँजिगत	२३८। ०८१। ३।२४	सुनकोशी फर्निचर हाउस, मेनरोड, बिराटनगर	६४५।०८१।१।२६	सोफा सेट	२	९८०००	वडा नं.-७ का लगि खर्च जनाईएको
					आलमारी	१	१५५२५	
					सेमी टेबल स्टिल	१	१०५००	
					दराज	१	१५५२५	
					भिजिटर चेयर	१	६०००	
५.	गाउँपालिका पूँजिगत	१२५। ०८०। १०।१०	सान्केन्मा ट्रेड एण्ड सप्लायर्स, ईटहरी	७।०८०।८।६	सडक बत्ती जडान पोल र लाईट सहित	१	२४६६७९	वडा नं.-५ का लगि खर्च जनाईएको
६.	गाउँपालिका पूँजिगत	७६। ०८०। ८।११	न्यु पाथिभरा अटो प्लाजा, मोरङ्ग	TI808100695.080.7.19	ई-रिक्सा खरिद	१	२८००००	वडा नं.-३ का लगि खर्च जनाईएको
७.	गाउँपालिका पूँजिगत	७०। ०८०। ७।२३	लक्की ईलेक्ट्रोनिक्स, बिराटनगर	१३२।०८०।७।२	एम्प्लिफायर	१	४६०००	वडा नं.-३ का लगि खर्च जनाईएको
					साउण्ड सिस्टम १५ ईन्च	१	२४७४९	
					वायर माईक्रोफोन	१	११०००	
८.	गाउँपालिका पूँजिगत	६। ०८०। ५।५	टेच वर्ड ईन्टरप्राईजेज प्रा.लि., न्युरोड	१८६।०८०।३।२०	ल्यापटप तथा प्रिन्टर खरिद	१८	११८८०००	विभिन्नविद्यालयहरुका लागि खर्च जनाईएकोमा विद्यालयमा दाखिला नभएको
९.	गाउँपालिका पूँजिगत	३। ०८०।	हिमटेक ट्रेडर्स एण्ड सप्लायर्स,	४०-४७।विभिन्न	उषा सिलिङ्ग तथा वाल पंखा	१३	७०७३८	श्री माध्यमिक विद्यालय वडा नं.-३ मा

		५।४	बिराटनगर					दाखिला नभएको
						जम्मा	**२३७०८८०**	

प्रमाण पेश नगरेको	२३,७०,८८०

२४ **आवधिक योजना:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

२५ **योजना प्राथमिकीकरण:**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण उत्पादनमूलक रोजगारी लागत सहभागिता स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १३५ योजनामा बजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	स्वीकृत योजना संख्या	कार्यान्वियन योजना सङ्ख्या	रु. २० लाख माथिका योजना सङ्ख्या	रु. ५ लाखदेखि २० सम्मका योजना सङ्ख्या	रु. ५ लाख भन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	४७	३०	१२	१६	२
२	वडास्तरीय	८८	२५	०	१	२४
	जम्मा	१३५	५५	१२	१७	२६

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

२६ **प्रगति विवरण:**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयारगरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाईं जिम्मेवार बनाउनु पर्दछ ।

२७ **तलबी प्रतिवेदन:**

निजामती सेवा ऐन २०४९ स्वास्थ्य सेवा ऐन २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ शिक्षा ऐन २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३३ कर्मचारीको रु. २,४३,७७,७९०/- र पालिकाका १९ कर्मचारीको रु.१,२०,३४,८७१/- समेत रु. ३,६४,१२,६६१/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन

सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २१ जना पदपूर्ती भएको देखिन्छ भने १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२९ **विविध खर्च:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष विविधतर्फ रु.४३,९७,५७४/ खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ३,३५,६४,१६७/१० को १३.१ प्रतिशत हुन आउँछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३० **कानून र सञ्चालन स्थिति:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन ४ कार्यविधि लगायत ८ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

३१ **न्यायिक समिति:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ९९ र यो वर्ष थप भएको १३१ गरी कुल २३० विवाद दर्ता भएकोमा ५२ वटा मात्र फर्स्यौट भई १७८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३२ **फोहरमैला व्यवस्थापन:**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३३ **सहकारी नियमन:**

सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३४ **ईन्धन खर्चः**

कोशी प्रदेश सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन (कार्यालय तथा पदाधिकारी र इन्धन अन्य प्रयोजन) मा रु. ४७,०३,४३३/- खर्च गरेको छ । कार्यालयले उपलब्ध गराएकव विवरण अनुसार कार्यालयमा १ बारुण यन्त्र, १ साना सवारी, २७ मोटर साइकल र ३ थान एम्बुलेन्स रहेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राखि इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ

३५ **सार्वजनिक सुनुवाईः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ कोदफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन ।

३६ **अतिरिक्त समय खाजा खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले यस वर्ष अतिरिक्त समय काम काज गरेवापत कार्यक्रममा रु रु.३,०७,४३५/६५ खर्च गरेकोमा कार्यालय समयमा सम्पादन नभएका कार्य प्रमाणित हुने कामको अभिलेख तथा विद्युतिय हाजिरी राखेको देखिएन । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी निर्देशिकाले तोकेबमोजिम कार्यविधि पूराहुने अभिलेख तथा विवरण राखेरमात्र यस प्रकारको खर्च लेख्नुपर्दछ ।

३७ **सेवाप्रवाहको स्थिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	३४
पञ्जिकरणतर्फ	
जन्मदर्ता	९९२
मृत्युदर्ता	२०७
बसाईसराई आएको	१०
बसाईसराई गएको	५१
विवाह दर्ता	३४६
सम्बन्धविच्छेद दर्ता	५
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	३८.२९५ कि.
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	११.७ कि.मि.
आर. सि. सि.सडक निर्माण	५ कि.मि.
ग्राभेल सडक मर्मत	४ कि.मि.

३८ **गत वर्षको भुक्तानीः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४१(२) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा नियम ४१(१५) मा उल्लिखित खर्च शीर्षकमा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र भुक्तानी दिनु पर्ने कारण खोली महालेखा परीक्षको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई बार्षिक आर्थिक विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने र त्यस्तो भुक्तानी दिन बाँकीको कच्चावारी आर्थिक विवरणका साथ तालुक निकाय, सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । उल्लेखित व्यवस्थामा पारिश्रमिक, भत्ता, भ्रमण खर्च भूक्तानी गर्न सकिने व्यवस्था छ । गाउँ कार्यपालिकाको मिति २०८०।३।२९ गते निर्णयबाट विभिन्न ४४ आइटममा रु.१,७६,५४,३९३.४३ भूक्तानी दिन बाँकी देखाएकोमा यस बर्ष रु.१,७६,५४,३९३/४३ भुक्तानी दिएको छ ।

३९ **कार्यालय सम्बन्धी खर्चः**

कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट मसलन्द तथा कार्यालय सामाग्रीमा रु.२८,९९,८४०/- खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ ।

४० **भ्रमण खर्च तथा प्रमण प्रतिवेदनः**

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं. भ्रमणमा खटिनेको नाम दर्जा भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । पालिकाले यस वर्ष भम्रण

खर्चमा रु. २०,००,०००/- खर्च गरेको छ । भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण अभिलेख, भ्रमण प्रतिवेदन तथा अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी निययमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।

४१ **सवारी साधन मर्मतः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा सोको अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी सवारी साधन मर्मतमा विभिन्न भौचरहरुबाट रु १०,१८,३८२।- खर्च लेखेको छ । नियमको पालना गरी खर्च अनुगमन तथा नियन्त्रण तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । पालिकामा २७ वटा मोटरसाइकल, १ वटा गाडी, दमकल १ थान र ३ वटा एम्बुलेन्स रहेका छन् । साथै इन्धन खर्च लेख्दा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाबाट जारी कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार इन्धन खर्च पाउने मापदण्ड अनुकुल हुने गरी सभाबाट मापदण्ड बनाई सोही अनुसार खर्च लेख्नुपर्दछ ।

४२ **राजनीतिक दललाई आर्थिक सहयोगः**

पलिकाले सार्वजिनिक कोषको प्रयोग गर्दा बार्षिक स्वीकृत कार्यक्रमको सिमाभित्र रहेर खर्च लेख्नुपर्दछ । सार्वजनिक कोषबाट राजनीतिक दलका गतिविधि तथा कार्यक्रमका लागि रकम खर्च गरिनु कानुन सम्मत देखिंदैन । पालिकाले यस वर्ष तोकादेशका आधारमा देहायका राजनीतिक दलहरुलाई आर्थिक सहयोगबापत भुक्तानी गरिएको रकम नियमसम्मत नदेखिएकोले भुक्तानी गर्नुको कारण, औचित्य पुष्ट्याई सहित नियमित हुनुपर्दछ ।

गो भौ नं./मिति	राजनितिक दल	प्रयोजन	रकम	कैफियत
१०/ २०८०।५।२४	जनता समाजबादी पार्टी नेपाल	३ महिने पार्टी संगठन तथा विस्तार एवं सुदृढिकरण अभियान संचालन	२५०००	
७३२/२०८१।३।२४	नेकपा एमाले देवानगंज गा पा कमिटी सुनसरी	गाउँ अधिवेसन कार्यक्रम	२५०००	आलम अन्सारीको नाममा भुक्तानी भएको
जम्मा			५०,०००	

अनियमित भएको	५०,०००

४३ **संचार तथा पत्रपत्रिका छपाई खर्चः**

सार्वजनिक खरिद नियमाली, २०६४ को नियम ३१ सार्वजनिक नियकायले बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान र जुनसुकै सेवा खरिदगर्दा खुल्ला बोलपत्रको माध्यमद्वार गर्नुपर्ने उल्लेख छ । पालिकाले संचार कार्यक्रम र पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनमा जम्मा रु १६ लाख बजेट विनियोजन गरेकोमा सोको एकमुष्ठ लागत अनुमान तयार नगरी पटक पटक विभिन्न पत्र पत्रिका, मिडिया तथा अनलाइन मिडियालाई विभिन्न खरिद सम्बन्धी सूचना, सन्देशमूलक र जनचेतना मूलक सामग्री प्रकाशन तथा प्रसारण गरेवापत जम्मा रु.१३,५६,३०५ भुक्तानी दिएको देखियो । सार्वजनिक खरिद नियमावली बमोजिम एकमुष्ठ लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिमार्फत संचार माध्यम छनौट गरी पालिकाको आधिकारिक सूचना प्रसारण/ प्रकाशनको प्रमाण समेत संलग्न राखि पत्रिका/ मिडियालाई भुक्तानी दिनेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४४ **अन्य निकायको खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनमा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि वित्तीय समानीकरण अनुदान बापत केन्द्र सरकारबाट प्रापत रकम छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिंदैन । पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्वीकृति प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ । पालिकाले विभिन्न सरकारी कार्यालयको सञ्चालन खर्च, बस्तुगत

अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत ठुलो परिमाणमा भुक्तानी दिने गरेको पाइयो । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका कार्यालयलाहरुलाई निम्नानुसारको खर्चको भुक्तानी दिएको छ ।अन्य सरकारी कार्यालयहरुको खर्च तालुक मन्त्रालयको स्वीकृति बेगर पालिकाबाट भुक्तानी गर्दा खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरुलाई विभिन्न कामको लागि भुक्तानी दिएको बस्तुगत सहयोग तथा नगद रकम नियमसम्मत नभएको रु.

सि.नं.	ब.उ.शि.नं.	अन्य कार्यालयकोनाम	भुक्तानीरकम		कैफियत
			इन्धन सुविधा	रकम रु मा	
१.	प्रदेश प्रहरी अस्पताल संचलन गर्ने कार्य	प्रदेश प्रहरी अस्पताल इनरुवा	०	३००,०००	अस्पताल संचालन सहयोगार्थ
२.	गाउपालिका चालू	इलाका प्रहरि कार्यालय देवानगंज	डिजल२३५लि र पेट्रोल २२५	समय समयमा इन्धनको मुल्य परिवर्तन भइरहने हुनाले इन्धन खर्चको खुद रकम गणना गर्न नसकिने	
३.	गाउपालिका चालू	अस्थायी प्रहरि चौकी रा.सि.	पेट्रोल १६० लि.		
४.	गाउपालिका चालू	सशस्त्र प्रहरी वल नेपाल कप्तानगंज गुल्म	पेट्रोल १२०लि. र डिजल २८० लि.		
५	गाउपालिका चालू	इलाका प्रहरी कार्यालय साहेबगंज	१५० लि पेट्रोल		
६	गाउपालिका चालू	वि ओ पि साहेवगंज	१५० लि पेट्रोल		
७	गाउपालिका चालू	प्रहरी चौकी घुस्की	१४० लि पेट्रोल		
८	गाउपालिका चालू	वि ओ पि घुस्की	१३०लि पेट्रोल		
९	गाउपालिका चालू	अस्थायी प्रहरी चौकी मध्यहर्षाही	११०लि पेट्रोल		
१०	गाउपालिका चालू	ट्राफिक प्रहरी पोष्ट हरिनगर	७०लि पेट्रोल		
	जम्मा			३०००००	

अनियमित भएको	३,००,०००

४५ **विवाह खर्चः**

पालिकाले विगत बर्षहरुदेखि नै २० बर्ष उमेर पूरा गरी विवाह गर्ने किशोरीहरुलाई रु.१००००/- का दरले विवाह प्रोत्साहत भत्ता उपलब्ध गराउने निर्णय गरेकोमा यस वर्ष पनि ३७ जना किशोरीलाई रु.३,७०,०००/- विवाह प्रोत्साहन भत्ता उपलब्ध गराएको पाइयो । कानूनले २० बर्ष भन्दा मुनिको उमेरमा विवाह गर्न रोक लगाएको अवस्थामा कानुनले निर्धारण गरेको उमेर भन्दा मुनीको उमेरमा विवाह गर्ने किशोरीहरुलाई दण्डित गर्नुपर्नेमा नगरी एकतर्फि २० वर्ष पूरा भएपश्चात विवाह गर्ने किशोरीलाई प्रोत्साहन उपलब्ध गराउनु नियमसंम्मत देखिएन । यस्ता कार्यमा गरिने खर्चमा सुधार तथा नियन्त्रण गरी सामाजिक सचेतनाका कार्यक्रम मार्फत सचेतना जगाउनु पर्दछ ।

४६ **सहकारी संस्थालाई अनुदानः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा बितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानिय पूर्वाधार विकास तथा दिर्घकालीन पूँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित सहकारी लगायत निजी स्वामित्वका संस्थाहरुलाई अनुदान दिन तथा अन्य कार्यका लागि रकम खर्च गर्न मिल्दैन । कार्यालयले निम्न कृषि सहकारी लगायत नाफामूलक विभिन्न संस्थालाई विभिन्न प्रयोजनका लागि अनुदान उपलब्ध गराएको पाइयो । यसरी नाफा कमाउने उद्देश्यले स्थापना भएका सहकारी लगायतका विभिन्न निजी संघ संस्थाहरुलाई भुक्तानी दिनु नियमसम्मत देखिएन । यसरी अनुदान बापत भुक्तानी भएको खर्च रकम रु. २९३०२१।- नियमित हुनु पर्दछ ।रु..

सि.. नं .	ब. उ . शि . नं .	गो. भौ . /मिति	संस्थाको नाम	खर्च/अनुदानको प्रकार	खर्च/अनुदान रकम	कैफियत
१	गाउँपालिका पूँजिगत	२४६।०८१। ३।२४	प्राबिधिक कृषि सहकारी संस्था लिमिटेड, कप्तानगञ्ज-४, सुनसरी	अधुरो घेराबार तथा स्तरोन्नती	१९३०४१	
२	गाउँपालिका पूँजिगत	१२१।०८०। १०।७	साना किसान कृषि सहकारी संस्था लिमिटेड, देवानगञ्ज	ल्यापटप तथा प्रिन्टर खरिद	९९९८०	दाखिला नभएको
				जम्मा	२९३०२१	

अनियमित भएको	२,९३,०२१

४७ **कृषि तर्फः**

कृषि तर्फ देखिएका व्यहोराहरु देहाय अनुसार छन् ः

४७.१ (१६७-२०८१-३-११):

धान बीउः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका कृषि फर्मबाट धानको उन्नत बीउ खरिद गरी ५० प्रतिशत रकम रु.४,८९,०१२।५० भुक्तानी गरेको छ । खरिद गरिएको धानको उन्नत बीउ बितरण गरेको भरपाई संलग्न नभएकोले बितरण भरपाई पेश हुनुपर्दछ अन्यथा करकट्टि पछिको रकम असुल गरी दाखिला हुनुपर्दछ ।

क्र.सं.	भुक्तानी पाउने कृषक/समूह	विजक नं., खरिद मिति र खरिद सामग्री	परिमाण	पेश भएको जम्मा बिल	पालिकाबाट भुक्तानी
१	ओम सीडस अर्गानिक फर्टिलाइजर एण्ड एग्रोभेट सेन्टर (६०५०८४१९९)	१८३-मिति उल्लेख नभएको बाट राधा-१२ धान	७४९०	४४९४००	२५८७८३
२	ओम सीडस अर्गानिक फर्टिलाइजर एण्ड एग्रोभेट सेन्टर (६०५०८४१९९)	१८३-मिति उल्लेख नभएको बाट राधा-१२ धान	१२९५	८४१७५	०
३	शंकर खाद्य विज भण्डार (६११९४३०७३)	३२१-०८१।२।६ मा लाला बासमती धान बीउ	१९२५	१८२८७५	८८६९४.५
४	सिनुवारी महिला कृषि सहकारी संस्था लि (३०९०३९०२७)	४०-०८१।२।१ बाट रामधान	१२५५	८१५७५	१२६८३६
५	सिनुवारी महिला कृषि सहकारी संस्था लि (३०९०३९०२७)	४०-०८१।२।१ बाट स्वर्णसव-१	३०००	१८००००	०
	जम्मा			९७८०२५	४७४३१४

प्रमाण पेश नगरेको	४,७४,३१३.५

४७.२ **बहुक्षेत्रीय पोषण कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष बहुक्षेत्रीय पोषण विशेष कार्यक्रमबाट रु.६८३३४५।– को तरकारीजन्य बालीको बीउ खरिद गरी कुश्वाहा खाद विज भण्डार (३०३८६७०५६) लाई भुक्तानी गरेको छ । यस्ता प्रकारका सामग्री खरिद गर्नु पूर्व यस कार्यक्रमबाट लाभान्वित हुने वर्ग/समूहको पहिचान गरी उक्त समूहको आवश्यकता र मागलाई आधार मानी खरिद गरिनु पर्नेमा पहिचान र आधारबेगर खरिद गरिनु नियमसम्मत देखिएन । खरिद गरिएको सामग्री बितरण गरेको भरपाई समेत संलग्न नभएकोले भरपाई प्रमाण पेश हुनुपर्दछ ।

क्र.सं.	भौ.नं./मिति	सामान/सामग्रीको नाम	परिमाण	इकाइ मुल्य	भुक्तानी रकम
१	१६३-०८१।३।८	पट्टुवा २०० ग्रामको पोका	२००	१४८	२९६००
२	"	काँक्रो ५० ग्रामको पोका	२००	६३४	१२६८००
३	"	घिरौला ५० ग्रामको पोका	२००	१०९	२१८००
४	"	लौका ५० ग्रामको पोका	६००	२०	१२०००
५	"	धनिया ५० ग्रामको पोका	२००	२००	४००००
६	"	बोडी ५० ग्रामको पोका	२००	८०	१६०००
७	"	लट्टे ५० ग्रामको पोका	२००	१५०	३००००
८	"	साग ५० ग्रामको पोका	२००	१४९	२९८००
९	"	चम्सुर ५० ग्रामको पोका	२००	१००	२००००
१०	"	फर्सी ५० ग्रामको पोका	२००	८४	१६८००
११	"	भन्टा ५० ग्रामको पोका	२००	६४	१२८००
१२	"	भिन्डी १०० ग्रामको पोका	२००	१६१	३२२००
१३	१६४-०८१।३।८	कोकोपिट कि.ग्रा.	७५	६९०	५१७५०
१४	"	हजारी १० लिटरे	३०	६२०	१८६००
१५	"	स्प्रेयर थान	१५	५०५	७५७५
१६	"	भर्मिकम्पोष्ट कि.ग्रा.	६१५	४८	२९५२०
१७	"	प्लास्टिक ट्रे थान	१५०	१६०	२४०००
१८	"	तरकारी बाली बीउ(पट्टुवा, काँक्रो, घिरौला, लौका, धनिया, बोडी, भन्टा) पोका	१५	१०४०	१५६००
१९	"	सिकेचर थान	१५	९५०	१४२५०
२०	"	डोरी थान	३०	४०५	१२१५०
२१	"	फेरोमेन ट्याप टेप थान	३०	४०५	१२१५०
२२	"	बिइडर कुटो थान	७५	३१०	२३२५०
२३	"	जैविक विषादी प्याकेज थान	१५	५०५	७५७५
२४	"	मल्चिङ्ग प्लास्टिक	२७०	१४०	३७८००
२५	"	माइक्रो न्युटेन (भिटामिन, जिङ्क,बोरोन) सेट	१५	१०३५	१५५२५
२६	"	ग्लोब्स, गमबुट सेट	१५	१०००	१५०००
२७	"	गार्डेन कोदालो सेट	१५	७२०	१०८००
			४१८०		६८३३४५

प्रमाण पेश नगरेको	६,८३,३४५

४८ **पानी तान्ने मेसिन खरिदः** (८०-२०८०-१०-१७):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले मकैबाली प्रवर्द्धन कार्यक्रमबाट ४० सेट पानी तान्ने मेसिन प्रति सेट मुल्य अभिबृद्धि कर सहित रु.२४,५००।-का दरले खरिद गरी साङ्गकेन्मा ट्रेड एण्ड सप्लायर्स (६१७७०९१०३) लाई रु.९,८०,०००।– भुक्तानी दिएको छ । खरिद गरिएको उक्त मेसिन किसानलाई बितरण गरेको भरपाई नभएकोले बितरण भरपाई पेश हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	९,८०,०००

४९ **आधारभूत प्रयोगशाला निर्माणः** (१५३-२०८१-२-२३):

पालिकाले पशु पन्छी रोग अन्वेषणको लागि वडा नं. २ मा रहेका पशुसेवा केन्द्रहरुमा आधारभूत प्रयोगशाला स्थापना गरी पशुहरुमा देखा पर्ने रोगहरु सहज रुपमा पहिचान गर्न, दूध, रगत, परिजिबिहरुको अण्डा पहिचान गर्न तथा पशुहरुको सामान्यदेखि ठूला प्रकृतिका शल्यक्रिया गर्न यदुवंशी सेर्जिकल ट्रेडिङ्ग हाउस (६१२०८८५४९)बाट ल्याव सामग्रीहरु (बाइनोकुलर माइक्रोस्कोप, रेफ्रिजेनेटर लगायतका सामग्री) रु.५,६२,३९१।– मा खरिद गरेको छ । खरिद गरिएका ल्याव सामग्री प्रयोग गर्ने छुटै प्रयोगशाला निर्माण नभएको जनाएको छ । तर पनि खरिद गरिएका सामग्री उपयोगमा ल्याएको पालिकाले जनाएको छ । खरिद गरिएको सामग्रीहरुको सही उपयोग भए नभएको सम्बन्धमा पालिकाबाट लेखाजोखा गरी खरिद गरिएको सामग्रीको पूर्ण उपयोग गर्ने गराउनेतर्फ ध्यानजानु पर्दछ ।

५० **बिल भरपाईः** (१८८-२०८१-३-१८):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भौचरबाट खर्च गरेकोमा खर्च पुष्टि हुने प्रमाण कागजात नपुग देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ ।

क्र.सं.	कार्यक्रम	कार्यक्रम संयोजक	बिल रकम	खर्च रकम	नपुग रकम
१	बहुक्षेत्रीय पोषण कार्यक्रम १५ वटा बिलभरपाईको	सृजना पोखरेल	१६८६००	१७८४००	९८००

असुल गर्नुपर्ने	९,८००

५१ **स्वास्थ्य तर्फः**

स्वास्थ्य तर्फ देखिएका व्यहोराहरु देहाय अनुसार छन ्।

५१.१ **औषधि खरिदः** पालिकालाई वार्षिक रुपमा आवश्यक पर्ने नि:शुल्क वितरण गर्ने औषधिको परिमाण सम्बन्धमा वार्षिक आवश्यकताको परिणाम विवरण तयार गर्नुपर्दछ । उक्त विवरणको आधारमा तालुक निकायबाट प्राप्त हुने औषधिको परिमाण घटाई बाँकि औषधि पालिकाबाट खरिद गरी पुल सिस्टमको आधारमा औषधिको आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।पालिकाले खरिदगर्ने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनु पर्दछ । यसवर्ष पालिकाले संघीय सर्शत चालुवाट रु.१६,९२,०००/- र पालिका चालुबाट रु. २३,८७,३३१/- समेत जम्मा रु. ४०,७९,३३१।- को औषधि तथा सर्जिकल सामग्री खरिद गरेकोमा नि:शुल्क वितरणको लागि भन्ने लोगो सबै औषधिमा लगाएको समेत देखिएन ।

५१.२

औषधिको लागत अनुमान तयारीः पालिकालाई वार्षिक रुपमा आवश्यक पर्ने नि:शुल्क वितरण गर्ने औषधिको परिमाण सम्बन्धमा वार्षिक आवश्यकताको परिणाम विवरण तयार गर्नुपर्दछ । उक्त विवरणको आधारमा तालुक निकायबाट प्राप्त हुने औषधिको परिमाण घटाई बाँकी औषधि पालिकाबाट खरिद गरी पुल सिस्टमको आधारमा औषधिको आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । सार्वजनिक खरिद नियमावली, 2064 को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने र मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदि विषयहरुलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ अनुसार १ लाख भन्दा बढीको खरिदमा लागत अनुमान बनाइ स्वीकृत गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद गर्नको लागि स्वास्थ्य कार्यालय, इनरुवा, सुनसरीले आ.व.२०८०।८१को लागि निर्धारण गरको MRP दरलाई आधार मानी ७७ प्रकारका औषधि तथा औषधिजन्य सर्जिकल सामान मुल्य अभिबृद्धि कर बाहेक रु.१६,९१,७०२।५० को ३० दिने सूचना मिति २०८०।६।१६ मा प्रकाशन गरेको पाइयो । प्रकाशित सूचना अनुसार दररेट पेश गर्ने एक मात्र राम लक्ष्मण फार्मेसी (३००८७६८९३) सँग मुल्य अभिबृद्धि कर सहित रु.७,५०,२६७।३५ मा खरिद गर्ने गरी मिति २०८०।८।१४ मा सम्झौता गरी औषधि खरिद गरेको पाइयो । खरिद गरिएको औषधि जिन्सी दाखिला भएको मितिबाट १८ महिनासम्म म्याद रहनुपर्ने प्रावधान रहेकोमा पालिकाले सम्झौत गर्दा सम्झौताको बुँदा नं.५ मा १६ महिना हुनुपर्ने उल्लेख गरेता पनि जिन्सी दाखिला (eLMIS) मिति २०८०।९।२९ गरेको प्रतिवेदन बमोजिम ४८ प्रकारका औषधि मध्ये सेट्रिजिन एचसीएल ५एमजी/ ५ एमएल सिरप सहित ११ प्रकारका औषधि तोकिएको म्याद भन्दा कम म्याद भएको देखियो । पालिकाले विद्युतीय खरिद विधिबाट औषधि खरिद गरेपछि पनि पटक पटक गरी विभिन्न ५८ प्रकारका औषधि तथा औषधिजन्य सर्जिकल सामग्री रु.३३,२९,०६४।– खरिद गरेको देखिएकोले खरिद प्रकृयामा सुधार हुनुपर्दछ ।

क्र.सं.	बजेट शीर्षक	भौ.नं./मिति	आपूर्तिकर्ताको नाम	औषधि प्रकार	खरिद मुल्य	कैफियत
१	सशर्त	६५-०८०।९।२५	राम लक्ष्मण फार्मेसी (३००८७६८९३)	७७ प्रकारको औषधि	७५०२६७	e-bid को माध्यमबाट खरिद
२	सशर्त	१४४-०८१।१।३१	राम लक्ष्मण फार्मेसी (३००८७६८९३)	५७ प्रकारको औषधि	९४१७३३	e-bid को दरमा सोझै खरिद
३	पालिका	२७-०८१।१।३१	राम लक्ष्मण फार्मेसी (३००८७६८९३)		१३५६६०३	
४	पालिका	३२-०८१/०३/११	राम लक्ष्मण फार्मेसी (३००८७६८९३)	गर्भवती तथा सुत्करीका लागि ५७००० क्यालसियम चक्की खरिद	९८६१०	सोझै खरिद
५	प्रदेश चालु	२-०८०।११।२२	खनाल सर्जी इम्पेक्स	औषधि खरिद	३९९७२४	सोझै खरिद
६	प्रदेश चालु	५-०८१।१।९	वेस्टमेड सर्जिकल सप्लायर्स	औषधि खरिद	७९९१३	सोझै खरिद
७	पालिका पूँजीगत	१२-०८१।२।१	खनाल सर्जिकल हाउस	सर्जिकल सामान	४७४४	सोझै खरिद
८	पालिका पूँजीगत	१०-०८०।९।२५	खनाल सर्जिकल हाउस	सर्जिकल सामान	४४७७३७	सोझै खरिद
		जम्मा			४०७९३३१	

(विस्तृत विवरण बेरूजु दफा ५१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५१.३ **निःशुल्क उपचार सहायताः** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट ३० जनाको लागि रु.१५,६०,०००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनीकरण गर्नु पर्दछ ।

क्रम	उपचारको किसिम	व्यक्ती संख्या	रकम रु हजारमा
१	मृगौला प्रत्यारोपण	१	६०
२	हेमोडायलायसीस	३	१८०
३	क्यान्सर	२४	१२००
४	स्पाईनल इन्जुरी / पक्षघात	२	१२०
	जम्मा	३०	१५६०

५१.४ (७६-०८०।१०।१४-२०८०-१०-१४):

न्यानो झोला कार्यक्रमः स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७९।८० को बाँकी ६५ वटा न्यानो झोला जिम्मेवारी सारेको र यस आर्थिक वर्षमा न्यानो झोला ९० वटा रु.८०,९९९।- खरिद गरेको देखिन्छ । पालिका अन्तर्गत रहेका एकवटा बर्थिङ्ग सेन्टरमा प्रसूती भएका ४४ जना सुत्केरी आमाहरुलाई ४५ वटा बितरण गरी कप्तानगन्ज स्वास्थ्य चौकीमा ११० वटा न्यानो झोला बाँकी रहेको देखिन्छ । बाँकी रहेको न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । वर्थिङ्गसेन्टरगत सुत्केरी गराएको र न्यानो झोला बितरण गरी बाँकी रहेको विवरण देहायबमोजिम रहेका छन्

क्र. सं .	बर्थिङ्गसेन्टरको नाम/ वडा नं .	सुत्केरी संख्या	न्यानो झोला बितरण	बाँकी मौज्दात
१	कप्तानगन्ज स्वास्थ्य चौकी , देवानगन्ज गा. पा. वडा न. ३, सुनसरी	४४	४५ (जुमल्याहा १)	११०
	जम्मा	४४	४५	११०

५१.५ **खोपको अवस्थाः** पालिकालाई आवश्यक पर्ने खोपको डोज स्वास्थ्य कार्यालय, सुनसरीबाट प्राप्त हुने पालिकाले जनाएको छ । यस आ.व.मा पालिकालाई तल उल्लेखित ११ प्रकारका खोपको लागि ३२८४९ डोज प्राप्त भएकोमा २५३८१ डोज प्रयोग भएको, ७४५८ डोज फिर्ता गरेको र ८५५७ डोज खोप खेर गएको पालिकाबाट उपलब्ध विवरणबाट देखिन्छ । प्राप्त डोजमध्ये २६ प्रतिशत खेर गएको देखिएकोले खोपको पूर्ण उपयोग गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

खोपको प्रकार	प्राप्त डोज	प्रयोग भएको डोज	फिर्ता भएको डोज	खेर गएको
B.C.G	६६८०	४८७०	१७९०	४१६३
RoTA	२११३	१५०१	६०८	७
O.P.V	३३१०	२६५०	६६०	४३०
F.I.P.V	२४४०	२०५५	३८५	४९५
pcv	३२१६	२४५५	७६५	१२७
DPT, Hep-B, Hib	३६००	२७१०	८९०	४०६
M.R	३९९०	३१९०	८००	१६०१
J.E	२०६५	१५२०	५४०	७११
TCV	११९५	८००	४००	१८६
TD	२०४०	१४३०	६२०	४३१
कोभीडको फाइजर खोप	२२००	२२००	०	
जम्मा	३२८४९	२५३८१	७४५८	८५५७

५२ **अग्रिम कर कट्टी नगरेकोः**

आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार सेवा प्रदायकलाई सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकममा १५ % आयकर र निजी सवारी साधन तथा चल्ती मेशि भाडा बापतको रकममा १० प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसारको

सेवा प्रदायकलाई भाडा बापतको रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी असुल नगरेको हुँदा कर बापतको रकम असुल गरी राजस्व दाखिला हुनु पर्दछ ।

केहि उद्वाहरण:-									
क्र.स.	ब.उ.शि.नं.	गो.भौ./ मिति	भुक्तानी पाउने ब्यक्ति/कर्मचारी/ फर्मको नाम	बापत	भुक्तानी रकम	कर दर	कट्टी हुनुपर्ने रकम	कट्टी भएको रकम	नपुग कर रकम रु.
१	गाउँलिका पूँजिगत	१२४। ०८०। १०।१०	सुर्योदय बायोग्यास तथा उर्जा विकास कम्पनी प्रा.लि., बिराटचोक, मोरङ्ग	१६ स्थानमा बायोग्यास निर्माण	८०००००	१५	१२००००	१०८६८	१०९१३२
२	गाउँपालिका पूँजिगत	७८९। ०८०। १२।५	समिर तामाङ्ग	,,	५७०००	१५	८५५०	०	८५५०
								जम्मा	११७६८३
								असुल गर्नुपर्ने	१,१७,६८२

५३ कर तथा शुल्क असुलीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	प्राप्तिको स्रोत	वार्षिक अनुमानित आय	असुली
१	११३१३ - सम्पती कर	०	१७२०
२	११३१४ - भुमिकर/मालपोत	८२००००	७६९८०३
३	११३१७ - वहाल कर	२०००००	४३९५५४/३२
४	११३१८ - वहाल विटौरी कर	०	३०५०
५	११६११ - व्यवसायले भुक्तानी गर्ने	०	२२१२५
६	११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	११७७६००	०
७	११६९१ - अन्य कर	४००,०००	३३६४९४२
८	१३४१२ - अन्य व्यक्तिगत आन्तरिक अनुदान	०	३८५००
९	१४२११ - कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	१५५०००	०
१०	१४२१८ - विद्युत सेवा शुल्क	०	६६००
११	१४२२१ - न्यायिक दस्तूर	५०,०००	१७१०
१२	१४२२३ - शिक्षा क्षेत्रको आम्दानी	०	१५००
१३	१४२२४ - परीक्षा शुल्क	३५०००	१०६९५०
१४	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	५००००	२१२२४०
१५	१४२४२ - नक्सापास दस्तुर	५००००	३४७६३/५७
१६	१४२४३ - सिफारिश दस्तुर	३००००००	२५०५८५२
१७	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	२५०००	३९७०००
१८	१४२४५ - नाता प्रमाणित दस्तुर	५०,०००	१०८२५०
१९	१४२४९ - अन्य दस्तुर	८०००००	७२००६८
२०	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	०	३४१७४५
२१	१४२६२ - विद्युत सम्बन्धी दस्तुर	०	१४३५०
२२	१४२६५ - अन्य क्षेत्रको आय	०	२००
२३	१४३११ - न्यायिक दण्ड , जरिवाना र जफत	५,०००	०
२४	१४५२९ - अन्य राजस्व	११७२४५८५२/३५	१४७४३८५५/२१
२५	१४५३१ - सरकारी घर , जग्गा , गुडवील बिक्रीबाट प्राप्त रकम	११५०००००	९७१६३८९
२६	१४६११ - व्यवसाय कर	०	१३८००
२७	१५१११ - बेरूजू	१८८७०००	०
जम्मा		१३७४५०४५२/३५	३३५६४९६७/१०

वार्षिक आय अनुमान रु.१३,७४,५०,४५२/३५ रहेकोमा जम्मा अशुली रु. ३३५,,६४,९६७/१० रहेको छ । जुन आय अनुमानको तुलनामा २४.४१ मात्र अशुली भएको छ । आय अनुमानलाई यथार्थ र वस्तुपरक बनाउदै आन्तरिक आय बृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

५४ **आय ठेक्कामा मूल्य अभिवृद्धि करः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसार आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु. १,५३,०८६/०५ असुल नगरेकोले असूल गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नु पर्ने रु.

सि. नं.	ठेक्केदारको नाम	बापत	ठेक्का रकम	दाखिला रकम	बैंक दाखिला मिति	अशुल हुनु पर्ने मु.अ.कर
१	अवुल मियाँ देवानगञ्ज -३, सुनसरी	मवेशी हाट देवानगञ्ज -३, सुनसरी	१५५५८५	१५५६००	२०८०।४।५	२०२२६.०५
२	लक्ष्मण शाह सोनार, देवानगञ्ज -२, सुनसरी	दैनिक व्यापार तथा कृषिजन्य निकासी कर	१०२२०००	१०२२०००	२०८०।४।८	१३२८६०
					जम्मा	१५३०८६.०५

असुल गर्नुपर्ने	१,५३,०८६.०५

५५ **स्वीकृत दरबन्दी बेगर शिक्षक नियुक्तीः**

पालिकाले स्वीकृत दरबन्दी बेगर प्रा.बि. तहको २ शिक्षकको रु. ३२९०२/ का दरले १३ महिनाको ८५५४५२/ र स्वयम सेवक शिक्षक १ को मासिक रु.२२५०० का दरले १२ महिनाको रु.२७००००/- तथा ३ कार्यालय सहयोगीको रु.६०००/- को दरले १३ महिनाको २३४००० गरि जम्मा रु.१३५९४५२/ भूक्तानी भएको रकम नियमसंम्मत नदेखिएको रु.

अनियमित भएको	१३,५९,४५२

५६ **नर्म्स भन्दा बढी खर्चः**

अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ अनुसार प्रतिष्ठान बाहेक अन्य निकायबाट सञ्चालित नगरपालिका स्तरीय भएमा अधिकृत स्तरका तालिममा कार्यपत्र बापत रु.१,०००।- र कक्षा सञ्चालनबापत रु.४००।- गरी रु.१,४००।- र सहायक स्तरका तालिममा कार्यपत्र वापत रु.७००।- र कक्षा सञ्चालन वापत रु.६००।- गरी जम्मा रु.१,३००।- प्रति सेसनका दरले स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिक भुक्तानी गर्न सक्ने तर सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ । नमुनाको रुपमा परीक्षण गर्दा पालिकाले देहायका कार्यक्रममा पालिकाकै स्रोत व्यक्ति भएको अवस्थामा पनि कक्षा लिए बापत भुक्तानी दिएकोले नर्म्स बिपरित भुक्तानी भएको रु.३८,४२०।-असुल गर्नुपर्दछ ।

भौ.नं./मिति	स्रोत व्यक्तिको नाम	कार्यक्रम	तालिम स्तर	संचालन मिति	कक्षा संख्या	भुक्तानी दर	हुनुपर्ने दर	बढी भुक्तानी
२२५-०८१।३।२३	गुलबचन्द मेहता	अर्गानिक खेती तथा मल उत्पादन सम्बन्धी तालिम	सहायक स्तर	०८१।३।२०, २१ र २२ गते	३	१३००	७००	१५३०
११८-०८०।१२।२२	सम्झना चौधरी	बहुक्षेत्रीय पोषण कार्यक्रमबाट ७ वटै वडाहरुमा महिनावारी, सुत्केरी अवस्था, गलत सामाजिक एवं साँस्कृतिक मान्यता बिरुद्ध अभिमुखीकरण २०८०।८।११ देखि २४ गतेसम्म	"	"	७	४५००	७००	२२६१०
१३०-०८१।१।१८	रामराज पौडेल	२०८० चैत्र २९ र ३० गते व्यक्तिगत घटना दर्ता..अभिमुखीकरण	"	"	३	१३००	७००	१५३०
१५१-०८१।२।२१	शुशील कुमार मेहता	वडा नं. १ र ७ मा कृषकहरुलाई पोषण युक्त खद्य वस्तु उत्पाद सम्बन्धी तालिम	"	"	४	१५००	७००	२७२०
"	मुना न्यौपाने	"	"	"	४	१३००	७००	२०४०
"	गुलबचन्द मेहता	"	"	"	८	१५००	७००	५४४०
२१७-०८१।३।२२	इन्द्र कुमार श्रेष्ठ	वेव वेस एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली तालिम	अधिकृत	०२८१ असार ५ देखि ७ गतेसम्म	१	१६००	१०००	५१०
"	अजित कुमार मिल्लिक		"	"	४	१५००	१०००	२०४०
		जम्मा						३८४२०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **१,७८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **४,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **१०,७१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **२,९७५**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२,९७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१०,८८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१६,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१६,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३८,४२०

५७ **फरक शीर्षकमा खर्चः** (२१७-२०८१-३-२२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सरकारी रकमको खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही गर्नुपर्ने र नियम ४१(क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने विषयमा IEMIS सम्बन्धी काम गर्ने शिक्षक/कर्मचारीलाई कम्तीमा दुई दिने क्षमता विकास तालिम सञ्चालन गर्ने र उक्त तालिम सञ्चालन गराउँदा शैक्षिक सुशासनका लागि संस्थागत विकास,विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण शीर्षकबाट खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले विद्यालय सञ्चालन तथा व्यवस्थापन शीर्षकबाट रु.२,५३,४८५।- खर्च गरेको छ । शीर्षक फरक पारी गरिएको खर्च नियमसम्मत नदेखिएकोले खर्च गरिनुको कारण खुलाई नियमित गरिनु पर्दछ ।

अनियमित भएको	२,५३,४८५

५८ **एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालनः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **६,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५९ **शिक्षातर्फ थपः**

५९.१ **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षणः** ८७,२४९-०८१।३।२४ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभूत तह सञ्चालित विद्यालयहरुलाई रु.१०,०००।- र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५,०००।- अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत ५ वटा माध्यमिक विद्यालय सहित २७ वटा सामुदायिक विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि रु.३,०५,०००।- अनुदान रकम निकासा दिएको

देखियो । उपलब्ध अनुदानबाट विद्यालयहरुले यस वर्षको आर्थिक लेखापरीक्षण गराई प्रतिवेदन पालिकामा पेश गरेको छैन । पालिकाले विद्यलयबाट प्रतिवेदन प्राप्त गरी लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझाव विद्यालयले कार्यान्वयनमा ल्याए नल्याएको सम्बन्धमा लेखाजोखा हुनुपर्दछ ।

क्र.स.	विद्यालयको नाम	ठेगाना, देवानगञ्ज वडा नं.	निकासा रकम
१	श्री जनता मावि	१	१५०००
२	श्री शारदा आ.वि	१	१००००
३	श्री घोषला आ. वि	१	१००००
४	श्री पशुपति शिक्षा मन्दिर	१	१००००
५	श्री राजाजी आ.वि.	१	१००००
६	श्री मा.वि.	२	१५०००
७	श्री रामजानकी आ.वि	२	१००००
८	श्री हरिशिव आज वि.	२	१००००
९	श्री शिव दलित आ.वि	२	१००००
१०	श्री कृष्ण मा.वि	३	१५०००
११	श्री मा.वि. पांचौसिमर	३	१५०००
१२	श्री विव्या आवि	३	१००००
१३	श्री पदम आ.वि.	४	१००००
१४	श्री सरस्वती आ.वि	४	१००००
१५	श्री बाबूजी आ.वि.	४	१००००
१६	श्री दिनाभद्री आ.वि.	४	१००००
१७	श्री अमरसिंह मा.वि.	५	१५०००
१८	श्री आ.वि.	५	१००००
१९	श्री गणेश आ. वि.	५	१००००
२०	श्री फोचोदास आ.वि	६	१००००
२१	श्री कृष्ण आ.वि. हकपारा	६	१००००
२२	श्री जनता आ.वि	६	१००००
२३	श्री वि.पि. आ.वि	६	१००००
२४	श्री सरस्वती आ.वि.	७	१००००
२५	श्री आ.वि. पक्कीटोल	७	१००००
२६	श्री जनप्रिय आ.वि	७	१००००
२७	नवदुर्गा आ. वि .	७	१००००
	जम्मा		३०५०००

५९.२ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०८०।८१ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसंग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५९.३ **सेनिटरी प्याड खरिदः** २४६-०८१।३।२४ कार्यक्रम कार्यान्वियन पुस्तिकाको २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, पालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याकंसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउने व्यवस्था छ ।

पालिकाले पालिका अन्तर्गत रहेका विद्यालयमध्ये १६ वटा विद्यालयहरुले मिति २०८०।७।२१ देखि मिति २०८१।२।२१ गतेसम्म माग गरेको माग पत्र संलग्न गरेको देखिए पनि माग पत्रममा माग गर्नुको वस्तुनिष्ठ आधार भएको देखिएन । यस वर्ष रु.९,९७,०००।- बजेट व्यवस्थापन गरी पालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने छात्राहरुको संख्या यकिन नगरी पालिकाले अनुमानित ११२८३ सेनिटरी प्याडको मुल्य अभिबृद्धि कर सहित रु.९,२८,९७७।– को खरिद गर्ने निर्णय गरेको देखियो । तर लागत अनुमान बनाएको र स्वीकृत भएको पाइएन । पालिकाले कोटेशनको माध्यमबाट मेडि इन्टरप्राइजेज प्रा.लि. (६१०००५६९१) बाट ११२८३ प्याकेट सेनिटरी (Pure Ultra Clear Sanitary २८० mm) प्याड प्रति प्याकेट रु.८२.३३ (मु.अ.कर समेत) का दरले रू.९,२८,९६७।३४ मा खरिद गर्ने गरी मिति २०८१।३।१६ मा सम्झौता भएको देखियो । सम्झौता पश्चात आपूर्ति कर्ताको विजक नं.२७-२०८१।३।२० अनुसार ११२८३ प्याकेटको मुल्य अभिबृद्धि कर सहित रु.९,०३,३२२।-को बिल पेश भएको देखियो । यस सम्बन्धमा पालिकाको निरीक्षण अनुगमन प्रतिवेदन अनुसार ९६०० प्याकेट मात्र सेनिटरी प्याड आपूर्ति भएको जनाई भुक्तानी दिन सिफारिस गरेको आधारमा रु.७,६८,५८०।– भुक्तानी भएको देखिन्छ । पालिकाले लागत अनुमान नबनाउनु, बिनियोजित रकम बराबरको सामान खरिद गर्न खोजिनु, सम्झौतामा आपूर्ति गरिने प्याडको संख्या उल्लेख नहुनु, अन्य पालिकाले खरिद गरेको असल अभ्यासको अनुसरण नगरिनु, खरिद प्रकृया प्रतिस्पर्धा नहुनु जस्ता समस्या देखिएकोले यस्ता कार्यमा सुधार हुनुपर्दछ ।

पालिकाले आर्थिक वर्षको सुरुमा नै खरिद गरी विद्यालयहरुलाई बितरण गर्नु पर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको, खरिद गरिएका सेनिटरी प्याड गुणस्तर भए नभएको सम्बन्धमा पालिकाले परीक्षण नगरी भुक्तानी दिएको देखियो । खरिद गरिएका सेनिटरी प्याड पालिकाको भण्डारणमा विगत वर्ष खरिद गरिएको सहित ३६ बोरा अर्थात १०८०० प्याकेट मौज्दातमा रहेको देखियो । पालिकाबाट विद्यालयहरुलाई हस्तान्तरण गरेको र विद्यालयबाट विद्यार्थीहरुलाई बितरण गरेको प्रतिवेदन पेश हुनुपर्दछ । रु.७६८५८०

प्रमाण पेश नगरेको	७,६८,५८०

५९.४ **ल्याब सामग्री अनुदानः** २१६-०८१।३।२२ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा प्राविधिक धार सञ्चालन रहेका विद्यालयलाई प्रयोगशालाको स्तरोन्नतिका लागि प्रति विद्यालय रु.२,००,०००।– उपलब्धा गराउने व्यवस्था छ । पालिकाले यस वर्ष श्री अमरसिंह मा.वि.-५ लाई रु.२,००,०००।– उपलब्ध गराएको देखिएकोमा खर्च पुष्टि हुने प्रमाण नभएकोले प्रमाण पेश हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	२,००,०००

५९.५ **एकमुष्ठ अनुदानः** ८७-०८०।११।१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३ अन्तर्गत ९.९ मा शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका र सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ का आधारमा समायोजन वा एकीकरण हुनुपर्ने विद्यालयमा नपर्ने सामुदायिक विद्यालयहरुलाई मात्र करार सम्झौता अनुसार कार्य सम्पादन गर्ने शर्तमा वार्षिक एकमुष्ट रु. १०,००,०००।– निकासा दिने व्यवस्था छ । यस्तो रकम निकासा गरेपश्चात विद्यार्थीको लागि पाठ्यपुस्तक, दिवाखाजा र छात्राबृत्ति अनुदान मात्र उपलब्ध गराउने व्यवस्था छ । पालिकाले देहायका विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराए पश्चात पनि भुक्तानी गर्न नमिल्ने शीर्षकमा निकासा दिएको देखिकएकोले उक्त रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ ।

क्र.स.	विद्यालयको नाम/वडा नं.	विद्यालय संचालन व्यवस्थापन	विद्यालय सुधार योजना	सा.ले.प.आ.ले.प.	निकासा रकम
१	श्री पशुपति शिक्षा मन्दिर-१	१५०००	१००००	१००००	३५०००
२	श्री राजाजी आ.वि.-१	१५०००	१००००	१००००	३५०००
३	श्री हरिशिव आज वि.-२	१५०००	१००००	१००००	३५०००
४	श्री शिव दलित आ.वि-२	१५०००	१००००	१००००	३५०००
५	श्री गणेश आ. वि.-५	१५०००	१००००	१००००	३५०००
६	नवदुर्गा आ.वि.-७	१५०००	१००००	१००००	३५०००
	जम्मा	९००००	६००००	६००००	२१००००

असुल गर्नुपर्ने	२,१०,०००

५९.६ **पाठ्यपुस्तकः** १३३,१९७- कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । यसरी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने, विद्यार्थीहरुले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने, जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने लगायतका व्यवस्था छ । पालिकाले यस आ.व.मा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नगराई IEMIS मा देखिएको शैत्रिक सत्र २०८१ को तथ्याङ्कलाई आधार मानी २७ वटा सामुदायिक र ३ वटा परम्परागत विद्यालयतर्फका कक्षा १ देखि १२ सम्मका (५४५७ जना सामुदायिक र ३६४ जना परम्परागत) जम्मा ५८२१ विद्यार्थीको पाठ्यपुस्तकका लागि ३३ विद्यालयलाई रू.३७,६१,१९७।-निकासा दिएको छ । पालिकाले विद्यालयहरुले समयमा नै पूरा सेटमा नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई बितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरेको देखिएन । IEMIS र विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नहुँदा विद्यालयलाई दिइने अन्य बुक कर्नर व्यवस्थापन, सिकाइ सामग्री व्यवस्थापन लगायतका शीर्षकमा हुने अनुदान निकासा यथार्थ हो भनी भिडान गर्न नसकिने हुँदा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन गराई अनुदान दिनु पर्दछ र खर्चको सुनिश्चितताको लागि आवश्यक संयन्त्र बनाइ अनुगमन गरिनु पर्दछ ।

कक्षा	सामुदायिक विद्यालयका विद्यार्थी संख्या	परम्परागत विद्यालयका विद्यार्थी संख्या	जम्मा विद्यार्थी
१	६५१	९९	७५०
२	५९३	४२	६३५
३	६०६	५६	६६२
४	५०५	५६	५६१
५	४६२	६०	५२२
६	४५४	२५	४७९
७	४५७	२६	४८३
८	५०६	०	५०६
९	४६९	०	४६९
१०	३६३	०	३६३
११	१५९	०	१५९
१२	२३२	०	२३२
जम्मा	५४५७	३६४	५८२१

५९.७ **विद्यालय सुधार योजना निर्माणः** ८७-०८०।११।१ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि आधारभूत तहका विद्यालयलाई प्रति विद्यालय रु.१५,०००।– र माध्यमिक विद्यालयहरुलाई रु.२०,०००।-का दरले एकमुष्ठ अनुदान दिने उल्लेख छ । यस्तो अनुदान विद्यालय सुधार योजना निर्माण गरेका तथा अद्यावधिक गरेका विद्यालयहरुलाई मात्र उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले पालिकाभित्रका ५ वटा माध्यमिक विद्यालय सहित २७ वटा विद्यालयहरुलाई विद्यालयलाई सुधार योजना निर्माणको लागि रु.३,२०,०००/- निकासा दिएकोमा विद्यालयले विगत वर्षहरुमा पेश गरेको सुधार योजनाको नक्कल गरी पेश गरेको र कतिपय विद्यालयले विद्यालय सुधारका लागि अपनाइने विषय उल्लेख नगरी पेश गरेको देखियो । विद्यालयले योजना अनुरुपको शैक्षिक सुधार कार्यक्रम गरे नगरेको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

५९.८ **विद्यालयमा निकासाः** १९७-०८१।३।२४ पालिकाले शैक्षिक गुणस्तर शीर्षकबाट अमरसिंह मा.वि.लाई रु.३,००,०००।– निकासा दिएको छ । निकासा दिनुको प्रयोजन खुलाई खर्च पुष्टि हुने बिल भरपाई सहितको प्रमाण पेश हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	३,००,०००

५९.९ **छात्रवृति कार्यक्रमः** ४८५/०८०।१२।१९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले यो बर्ष विपन्न वर्गका विधार्थीहरुको आर्थिक सहुलियत शीर्षकबाट हिमटेक ट्रेडर्स एण्ड सप्लार्स विराटनगर मार्फत रु १,९९,८९७ का २ थान ल्यापटप खरिद गरी २ जाना विद्यार्थीलाई वितरण गरेको सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्

प्राप्त कर्ताको नाम	पाएको सामान	मोडल/स्पेशिफिकेसन	मुल्य (भ्याट सहित)	कैफियत
भरत कुमार मेहता	डेल ल्यापटप	Dell Vostro 3520 intel core i5 12 th generation 256gb ssd 16 gb ram 15.6 inch display	९९९४९	
प्रद्युमन कुमार मेहता	डेल ल्यापटप	Dell Vostro 3520 intel core i5 12 th generation 256gb ssd 16 gb ram 15.6 inch display	९९९४९	

देवानगंज गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ मा गाउपालिका अध्यक्षको तोकादेशमा रु १०,००० सम्म तथा सो भन्दा बढी रकमको हकमा कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहायता उपलब्ध गराउन सकिने व्यवस्था उल्लेख छ । उक्त कार्यविधिमा विपन्न विद्यार्थीलाई बस्तुगत सहायता सम्बन्धमा कुनै पनि व्यवस्था उल्लेख भएको देखिएन । यसै गरी वडा कार्यलयबाट निज व्यक्तिहरुको विपन्नताको सिफारीस भइ नआएको, निजहरुलाई ल्यापटप वितरण सम्बन्धमा कार्यपालिकामा निर्णय भएको नदेखिएको तथा पेश भएको कागजातमा विपन्नता भए नभएको यकिन गर्ने आधार तथा कागजात समेत पेश नभएको र केवल निवेदकको निवेदन उपर पालिका अध्यक्षको तोकादेशका आधारमा उक्त सुविधा उपलब्ध गराइएको देखिन्छ । यस्तो प्रकारको सहयोगको भुक्तानी गर्नु अघि कार्यविधि बनाएर मात्र खर्च लेख्नु पर्नेमा कार्यविधि बेगर रु.१९९,८९८/ रकमका दुई थान ल्यापटप कम्प्युटर वितरण गरिनु नियमसम्मत देखिएन । पालिकाले बितरण गरेको ल्यापटप सम्बन्धमा विपन्न विद्यार्थी खुल्ने प्रमाण, वडाबाट भएको सिफारिस पत्र र पालिकाको निर्णयबेगर भएको खर्च रकम असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,९९,८९८

६० **शिक्षातर्फः**

६०.१ **शिक्षक दरबन्दी र पदपूर्तिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत ३० वटा बाल विकास केन्द्र, १३ वटा प्राथमिक विद्यालय, ८ वटा निम्न माध्यमिक विद्यालय र ६ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । उक्त विद्यालयहरुमा शैक्षिक सत्र २०८० मा बालविकास बाहेक कक्षा १ देख १२ सम्म अध्ययन गर्ने विद्यार्थी संख्या ९६२६ जना रहेको देखिन्छ । सञ्चालनमा रहेकामध्ये दरबन्दी रहेका १७ विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

तह	दरबन्दी संख्या	पदपूर्ति					विद्यार्थी संख्या (२०८०)	विद्यार्थी शिक्षक अनुपात	शिक्षकको तलब भत्तामा खर्च
		स्थायी	राहत	करार	शिक्षण अनुदान	जम्मा			
प्राथमिक शिक्षक	५६	५१	२९	३	०	८३	६६५९	८१:०१	६२८२०३२९
निम्न माध्यमिक शिक्षक	१८	१३	३	५	१	२२	१७२१	७९:०१	
माध्यमिक शिक्षक	१०	१०	४	०	५	१९	८५४	४५:०१	१९९४००००
उच्च माध्यमिक शिक्षक				४		४	३९२		
प्राविधिक धार				९		९		३१:०१	
जम्मा	८४	७४	३६	२१	६	१३७	९६२६	७१:१	८२७६०३२९

पालिकाको कुल दरबन्दीमा ८८ प्रतिशत दरबन्दी स्थायीबाट पदपूर्ति भएको देखिन्छ । पदपूर्त हुन बाँकी दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । पालिकाको विद्यार्थी शिक्षक अनुपात हेर्दा सबैभन्दा कम उ.मा..वि.तहमा एक शिक्षकले ३१ जना र सबैभन्दा बढी नि.मा.वि. तहमा एक शिक्षकले ८१ जना विद्यार्थीलाई अध्यापन गराउने पालिकाबाट उपलब्ध तथ्याङ्कबाट देखिन्छ । समग्रमा पलिकामा एक शिक्षकले ७१ जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ । शिक्षा नियमावली, २०५९ अनुसार तराईमा एक शिक्षकले औषतमा ५० जना विद्यार्थीलाई अध्यापन गराउनु पर्ने व्यवस्था भन्दा बढी विद्यार्थी अध्यापन गर्ने गरेको देखिन्छ । तथापी दिव्य आधाभूत विद्यालयमा स्थलगत अवलोकन गर्दा बालविकासदेखि कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थी संख्या ५७ रहेको देखिएकोमा १ जना बालविकास सहजकर्तासहित जम्मा ५ जना शिक्षक कार्यरत रहेको देखियो । बालविकासमा मात्र २३ जना जना विद्यार्थी रहेकोले कक्षा १ देखि ५ सम्मको विद्यार्थी र शिक्षक अनुपात ८.५ अर्थात एक शिक्षकले ९ जना विद्यार्थी अध्यापन गर्ने देखियो । त्यसै गरी ३० बालविकास केन्द्रमा ८६ जना बालविकास सहजकर्ता कार्यरत रेहेको देखिएकोले पालिकाले विद्यार्थी संख्याको आधारमा शिक्षकको दरबन्दी मिलान गरी पठनपाठनमा प्रभावकारिता ल्याउनु पर्ने देखिन्छ ।

६०.२ **शिक्षक, विद्यार्थी र विद्यालयः** पालिकामा सञ्चालन रहेका २७ वटा सामुदायिक र ३ वटा परम्परागत विद्यालयहरुमा शैक्षिक सत्र २०८१ मा प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थी ६७६२ जना रहेको देखिन्छ । पालिकामा १०० जनाभन्दा कम विद्यार्थी भएका विद्यालय ३ वटा रहेको देखिन्छ । पालिकाले उपलब्ध गराएको तथ्यांक अनुसार विद्यार्थी संख्याको आधारमा विद्यालयको संख्याको अवस्था देहाय बमोजिम रहेका छन्

क्र.सं.	विद्यार्थी संख्या	सार्वजनिक विद्यालय संख्या
		शैक्षिक सत्र २०८१
१	५० जना भन्दा कम विद्यार्थी भएको	०
२	५० देखि १०० जना	३
३	१०० देखि १५० जना	४
४	१५० देखि २०० जना	३
५	२०० देखि २५० जना	२
६	२५० देखि ३०० जना	२
७	३०१ देखि ४०० जना	७
८	४०१ देखि ५०० जना	३
९	५०० देखि माथी	६
	जम्मा	३०

६०.३ **पालिकाको शैक्षिक अवस्थाः** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा कक्षा ८ मा ५१७ जना विद्यार्थी अध्ययनरत रहेको देखिएकोमा पालिकाबाट उपलब्ध तथ्याङ्कबाट कक्षा ८ र एस.ई.ई. परीक्षाको नतिजा हेर्दा ग्रेड A र A+ ल्याउनेको संख्या कम देखिन्छ । पालिकाले शैक्षिक गुणस्तर अभिबृद्धि गर्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ । पालिकाबाट उपलब्ध भएका कक्षा ८ र १० को अन्तिम परीक्षामा सहभागी विद्यार्थीहरुको नतिजा देहाय बमोजिम रहेको छः

क्र.सं.	GPA	GRADE	कक्षा ८	एस.ई.ई.
१	०.८-१.२	D	४	१७
२	१.२-१.६	D+	२१	१३
३	१.६-२.०	C	३१	२३
४	२.०-२.४	C+	४४	१४
५	२.४-२.८	B	८७	१९
६	२.८-३.२	B+	२१९	१८७
७	३.२-३.६	A	२३	२९
८	३.६-४.०	A+	१९	५
जम्मा			४४७	३०७

६०.४ **निःशुल्क शिक्षाः** नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षादेखि बाह्र कक्षासम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत ११ वटा संस्थागत विद्यलय सञ्चालनमा रहेको जनाएको छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

६०.५ **विद्यार्थी निर्वाह खर्चः** ४२,१९७-०८१।३।२० कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा प्राविधिक धार कक्षा ९-१२ अध्ययन गर्ने विद्यार्थी संख्या यकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याव असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु. १५,०००।– का दरले हुन आउने रकम एकमुष्ट रुपमा विद्यालयलाई अनुदान दिने, प्राविधिक धार अन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारिक अभ्यास गर्न कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना र कक्षा १२ पछि ६ महिनाको व्यावहारिक अभ्यास वा कक्षा १२ पछि १२ महिनाको व्यावहारिक अभ्यास गराउनु पर्ने र व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले सम्बन्धित विद्यार्थीको बैंक खातामा उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस वर्ष प्राविधिक धार सञ्चालन भएका अमरसिंह माध्यमिक विद्यालय, देवानगञ्ज-५ लाई विद्यालयले पेश गरेको विद्यार्थी संख्या १६५ जनाको आधारमा रु.२४,७५,००।- अनुदान उपलब्ध गराउनु पर्नेमा रु.२०,४३,८५०।– उपलब्ध गराएको छ तर अनुदान निकासा भएको रकममध्ये व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने कक्षा १०, ११ र १२ का जम्मा ११७ जना विद्यार्थीका खातामा विद्यालयले नियमानुसार रू.२,८८,०००।- रकम जम्मा गर्नुपर्नेमा गरेको देखिएन । आगामी दिनमा कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भएको व्यवस्था कार्यान्वियन हुनुपर्दछ । विद्यालयले विद्यार्थीको खातामा उक्त रकम जम्मा गरेको प्रमाण पेश हुनपर्दछ ।

क्र. सं.	विद्यालयको नाम	कक्षा ९ का विद्यार्थी संख्या	कक्षा १० का विद्यार्थी संख्या	कक्षा ११ का विद्यार्थी संख्या	कक्षा १२ का विद्यार्थी संख्या	जम्मा निकासा	भरपाई पेश हुनपर्ने
१	अमरसिंह माध्यमिक विद्यालय, देवानगञ्ज-५	४८	२७	४८	४२	२०४३८५०	४७७०००

प्रमाण पेश नगरेको	४,७७,०००

६०.६ **कक्षा ८ को परीक्षा संञ्चालनः** २३१-०८१।३।२३ (पालिका) कार्यक्रम कार्यान्वियन पुस्तिकाको २.८.१५ क्रियाकलाप नं. २.७.१३.३०२ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवं विद्यार्थी मूल्यांकन पालिकास्तरीय हुने भएकोले प्रश्न निर्माण, परीक्षा सञ्चालन, परीक्षण, ग्रेडिङ्ग, रिजल्ट तयारी लगायतका कार्यका लागि प्रति विद्यार्थी रु. २७५।- का दरले खर्च गर्ने व्यवस्था छ साथै परीक्षालाई थप व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय तहले आन्तरिक स्रोतबाट समेत बजेट व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाबाट उपलब्ध तथ्याङ्क अनुसार पालिकाले यस वर्ष पालिका अन्तर्गत ११ वटा (सामुदायिक ९, परम्परागत र संस्थागत २) विद्यालयहरूमा कक्षा ८ मा अध्ययन गर्ने ५१३ जना देखिएको जनाए पनि ४४७ (सामुदायिक ३९४, परम्परागत ० र संस्थागत ५३ जना) जना विद्यार्थीको परीक्षा सञ्चालन गर्न संघीय सशर्तबाट रु.१,४१,४७५।- र पालिका चालुबाट रु.३,००,०००।- गरी जम्मा रु.४,४१,४७५।- खर्च गरेको देखिन्छ तर पालिकाबाट भुक्तानी हुने रकम यस वर्ष भुक्तानी भएको जनाएको छ । परीक्षामा सहभागी हुने विद्यार्थी संख्यालाई आधार लिदा एक विद्यार्थीको परीक्षा लिने कार्यको लागि औषतमा रू.९८७।६३ खर्च गरेको पाइन्छ, जुन खर्च रकम पुस्तिकामा उल्लेखित व्यवस्था भन्दा तेम्बरले बढी हुन आउँछ । खर्च गर्ने प्रक्रियामा मितव्ययिता अपनाउनु पर्दछ।

६०.७ **दिवा खाजाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार स्थानीय निकायले दिवाखाजा वापत कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुलाई प्रति दिन प्रति विद्यार्थी रु.१५/- का दरले एक शैक्षिक शत्रमा १८० दिन नवढ्ने गरी विद्यालय सञ्चालित दिन र सो दिनहरुमा उपस्थित विद्यार्थीको संख्या यकिन गरेरमात्र विद्यालयलाई त्रैमासिक रुपमा पेश्की स्वरुप विद्यालयको वैंक खातामा निकासा दिनु पर्ने व्यवस्था छ । विद्यालयले आफूले पाउनुपर्ने अनुदान रकम निकासा लागि अघिल्लो महिनाको चौमासिक प्रगति विवरण तयार गरी अनुदान निकासा माग वमोजिमको ढाँचा अनुसूची ७ मा उल्लेख भए वमोजिम स्थानीय तहमा पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष २८ वटा सामुदायिक विद्यायल र १ धार्मिक गरी जम्मा २९ वटा विद्यालयका बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि दिवा खाजामा २०८० श्रावणदेखि चैत्रसम्म रू. ५४,२४,४५०।- र २०८१ बैशाखदेखि असारसम्म रू. २४,४७,६४०।- गरी जम्मा रू.७८,७२,०९०।- खर्च गरेको देखिन्छ । पालिकाले उपलब्ध गराएको IEMIS को तथ्याङ्क अनुसार शैक्षिक सत्र २०८० को ECD देखि कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थी संख्या (सामुदायिक विद्यालयमा ६६५९ र परम्परागतमा ० जना) ६६५९ जना रहेको देखिएको तर विद्यालयहरुले प्रमाणित गरी पेश गरेको हाजिरी सहितको माग फाराम अनुसार ४३०९ जना देखियो । विद्यालयले पेश गरेको विद्यार्थी संख्याको आधारमा खर्च रकमसँग तुलना गर्दा औषतमा एक विद्यार्थीको लागि ८३.९२ दिनको दिवा खाजा बापतको रकम उपलब्ध गराएको देखियो । त्यसैगरी शैक्षिक सत्र २०८१ मा सोही कक्षाहरुमा अध्ययन गर्ने विद्यार्थी संख्या (सामुदायिक विद्यालयमा ४१२१ र परम्परागतमा १८० जना) ४३०१ जना देखिएकोमा विद्यालयले प्रमाणित गरी पेश गरेको हाजिरी फाराम सहितको माग फाराममा ४१७४ जना विद्यार्थी रहेको देखियो । विद्यालयले पेश गरेको विद्यार्थी संख्यानुसार २०८१ बैशाखदेखि असारसम्म औषतमा एक विद्यार्थीको लागि ३९ दिनको दिवा खाजा उपलब्ध गराएको देखियो । पालिकाले दिवा खाजामा गरेको खर्चको आधारमा विद्यार्थीलाई वार्षिक औषतमा १२३ दिनको दिवा खाजा खुवाएको देखिन्छ । पालिकाले विद्यालयहरुबाट पेश भएको विद्यार्थीको प्रमाणित हाजिरीको आधारमा दिवा खाजाबापतको रकम निकासा दिएको छ । निकासा रकमको सहि उपयोग सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

६०.८ **नमुना विद्यालयः** १९७-०८१।३।२० क्रियाकलाप नं.२.७.१३.१३ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस वर्ष अमरसिंह माध्यमिक विद्यालय,देवानगञ्ज-३ लाई प्र.अ. र शिक्षकहरुलाई प्रोत्साहन अनुदानबापतको रकम रु.१,५०,०००।– सहित जम्मा

रु.४६,५०,०००।– भुक्तानी दिएको छ । यस विद्यायलाई नमुना विद्यालयका लागि २०७५।७६ अगावै छनौट गरेको र ५ वर्षे अवधि समाप्त भएको देखिएकोमा विद्यालयले पुनः विद्यालय सुधारका लागि बहुवर्षिय (५ वर्षे) गुरुयोजना (२०८०-८४) तयार गरेको देखियो । विद्यालयको बहुवर्षिय योजना अनुसार यस आर्थिक वर्षमा शैक्षिक पक्ष, भौतिक पक्ष र व्यवस्थापकीय पक्षमा सुधारका लागि के कस्ता कार्यक्रम गर्ने भन्ने स्पष्ट योजना देखिएन । पालिकाले नमुना विद्यालयका लागि विगत वर्षमा कुन कुन शीर्षकमा कति रकम अनुदान उपलब्ध गराएको हो सोको व्यवस्थित अभिलेख राख्नु पर्नेमा राखेको पाइएन । यसरी अभिलेख नहुँदा एउटै कार्यको लागि पुनः अनुदान रकम निकासा भई दोहोरो हुन सक्ने जोखिम रहने हुँदा अनुदान निकासाको व्यवस्थित अभिलेख राखेर मात्र निकासा दिनुपर्दछ । यस वर्ष नमुना विद्यालयको लागि अनुदान उपलब्ध गराएकोमा विद्यालयले तयार गरेको गुरु योजना स्वीकृत सहित कार्ययोजना अनुरुपको शीर्षकमा खर्च भएको खर्चको बिल भरपाई पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	४६,५०,०००

६०.९ **अनुदान शिक्षकः** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.४० र ४१ मा माध्यमिक विद्यालय कक्षा ९-१० र आधारभूत विद्यालय कक्षा ६-८ लाई विज्ञान, गणित, अंग्रेजी विषयमा शिक्षण सहयोग अनुदान दिने व्यवस्था छ । शिक्षण सहयोग अनुदान शिक्षक भर्ना भए पछि माध्यमिक तहको लागि मासिक रु.४३,६८९।- का दरले र आधारभूत तहका लागि मासिक रु.३४,७३०।- का दरले १२ महिना र चाडपर्वबापत थप १ महिनाको पारिश्रमिक उपलब्ध गराउने व्यवस्था छ । पालिकामा यस वर्ष शिक्षण सहयोग अनुदानतर्फ आधारभूत तहमा १ जना र माध्यमिक तहमा ५ जना शिक्षक कार्यरत रहेको पालिकाबाट उपलब्ध तथ्याङ्कबाट देखिन्छ । पालिकाले उपलब्ध गराएको तथ्याङ्क अनुसार आर्थिक वर्षको सुरूबाट नै शिक्षक पदपूर्ति भएको देखिएन । तर पनि यस शीर्षकमा दामासायीले हुने पूरै आर्थिक वर्षको खर्च भएको देखियो । देहायका शिक्षकहरु नियुक्ति भएको मितिबाट माध्यमिक तहको शिक्षण सहयोग अनुदान शीर्षकमा रु.१९,६८,९१७।- खर्च हुनुपर्ने देखिएकोमा रु.२८,४०,०००।- भएको र आधारभूत तहमा रु.४,०८,६५४।- हुनुपर्ने देखिएकोमा रु.४,५१,०००।- खर्च भएको देखियो । बढी खर्च रु.९,१३,४२९।- भएको देखिएकोमध्ये लेखापरीक्षणको क्रममा रु.५,८४,०००।- असुल गरी बेरुजु दाखिला भएको र थप बढी खर्च भएको रु. ३,२९,४२९।- सम्बन्धमा तलब भुक्तानी गर्न मिल्ने प्रमाण/कारण पेश हुनुपर्दछ ।

क्र.सं.	तह	शिक्षक नियुक्ति मिति	शिक्षकको नाम	पालिकामा कार्यरत शिक्षक संख्या	हुनुपर्ने खर्च	भएको खर्च	फरक
१	आधारभूत	२०८०।५।८	सुकुमारी यादव	१	४०८६५४	४५१०००	४२३४६
२	माध्यमिक	२०८०।१२।३०	प्रकाश कुमार मेहता	५	१९६८९१७	२८४००००	८७१०८३
३	माध्यमिक	२०८०।१२।३०	सुनिल कुमार मेहता				
	जम्मा				२३७७५७१	३२९१०००	९१३४२९

(विस्तृत विवरण बेरूजु दफा ६०.९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	३,२९,४२९

६१ **सामाजिक सुरक्षा खर्च तर्फः**

सामाजिक सुरक्षा खर्च तर्फ देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

६१.१ **निकासा र वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा पालिका र बैंक बीच द्विपक्षीय मिति २०७७/१२/३० मा सम्झौता भई पालिकाभित्र रहेका ७ वटै वडाहरुको सामजिक सुरक्षा भत्ता बैंकबाट उपलब्ध गराउदै आएको छ । पालिकाले प्रथम र दोस्रो त्रैमासिक बैंकिङ्ग प्रणालीबाट र तेस्रो र चौथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता विद्युतीय भुक्तानी प्रणाली (EFT) बाट बितरण गरेको छ । यस आर्थिक वर्षमा पालिकालाई रु.१२,१५,३२,०००/- बिनियोजन भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरी बाट बैंकलाई रु. १२,०८,६१,४८२ निकासा दिएको छ । पालिकाले उपलब्ध गराएको लाभार्थी भुक्तानी प्रतिवेदन अनुसार लाभग्राहीकोको खातामा रु.१२,०७,६७,०६८।– जम्मा भएको देखिन्छ । पालिकाले विभिन्न मितिमा ३ वटै बैंकबाट चेक लिई कोष तथा लेखा नियन्त्रक

कार्यालयमा रु.४,३५,६९६।३१ फिर्ता गरेको देखिन्छ । निकासा गरिएको रकममध्ये लाभार्थीको खातामा जम्मा नभएको देखिएको रु.९४,४१४।– सम्बन्धमा फिर्ता भए नभएको यकिन गर्नुपर्दछ । यस वर्ष गाउँपालिकाबाट लाभान्वित भएका र बितरित रकमको विवरण देहायबमोजिम उल्लेखित छन्

चौमासिक	प्रथम त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक		जम्मा वितरण रकम
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	
जेष्ठ नागरिक	१७४६	२०७७४५८९	१७५६	२०९६५२१०	१७७१	२१०९५९००	१८७१	२२०९९८४२	८४९३५५४१
जेष्ठ नागरिक दलित	१४०	१०७९९६०	१४०	११०३९००	१४१	११०९२२०	१३६	१०६४०००	४३५७०८०
जेष्ठ नागरिक एकलमहिला	२३५	१८६९९८०	२४१	१९१७४०१	२३८	१८८५९४०	२०७	१६५१८६०	७३२५१८१
विधवा	४३३	३३८०९४९	४४८	३५२४५००	४५६	३५९६३२०	४६८	३७०५३८०	१४२०७१४९
पूर्ण अपाङ्ग	६४	७५६७७०	६६	७७८०५०	६९	८०९९७०	७१	८४९८७०	३१९४६६०
अतिअसक्त अपाङ्ग	१९१	१२१९३४४	१९४	१२३२११२	२०३	१२७६८००	२०७	१३२१४८८	५०४९७४४
वालपोषण दलित	२८४	४३०९५६	२७९	४३१०९४	२८१	४२१३२२	२६८	४१४३४१	१६९७७१३
जम्मा	३०९३	२९५१२५४८	३१२४	२९९५२२६७	३१५९	३०१९५४७२	३२२८	३११०६७८१	१२०७६७०६८

(विस्तृत विवरण बेरूजु दफा ६१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६१.२ **तुलनात्मक विवरण**: पालिकाको गत विगत वर्षहरुमा सामाजिक सुरक्षा भत्ता बापत आर्थिक वर्ष २०७८।७९ मा २६३६ जना लाभग्राहीलाई रु.९,१०,४४,९४८।- बितरण गरेकोमा आ.व. २०७९।८० मा रु.११,४२,३९,८५२।- र यस आ.व. मा रु. १२०७६७०६८।- बितरण गरेको देखिन्छ । आर्थिक वर्ष २०७८।७९ को तुलनामा आर्थिक वर्ष २०७९।८० मा ४१३ लाभग्राही थप भई रु.२,३१,९४,९०४।- बढी खर्च भएको र आर्थिक वर्ष २०७९।८० को तुलनामा आर्थिक वर्ष २०८०।८१ मा १२४ जना लाभग्राही थप भई रु.६५,२७,२१६।- बढी खर्च भएको देखियो । पालिकाबाट तीन आर्थिक वर्षमा लाभान्वित भएका सामाजिक सरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण देहायबमोजिम रहेको पाइयो । रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ ।

क्र.सं	लाभग्राही वर्ग	भत्ता दर	२०७८।७९ मा रहेको लाभग्राही संख्या	२०७९।८० मा रहेको लाभग्राही संख्या	२०८०।८१ मा रहेको लाभग्राही संख्या
१	जेष्ठ नागरिक भत्ता(६८ वर्ष उमेर पुगेको)	४०००	१२०२	१७४६	१८७१
२	जेष्ठ नागरिक भत्ता (दलित)	२६६०	१६८	१३३	१३६
३	जेष्ठ नागरिक एकल महिला	२६६०	३५६	२४२	२०७
४	विधवा	२६६०	४०३	४२६	४६८
५	पूर्ण अपाङ्गता भत्ता	३९९०	६६	६९	७१
६	अति अशक्त अपाङ्गता भत्ता	२१२८	१५६	१७९	२०७
७	बालबालिका	५३२	३४०	३०९	२६८
	जम्मा		२६९१	३१०४	३२२८

(विस्तृत विवरण बेरूजु दफा ६१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६१.३ **एम.आई.एस विवरण :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस. मूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । एम.आई.एस. मूल अभिलेखको परीक्षण गर्दा तेस्रोमा ३० जना र चौथो त्रैमासिकमा ३२ जना लाभग्राहीको नागरिकता नं. एक अर्काबीच मिलान भएको, केही लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भई सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

६१.४ **निस्कृय खाताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निस्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था छ । पालिकाले यस आ.व.मा १०(दश) वटा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । पालिका र बैंकबीच भएको सम्झौताको बुँदा नं. ८ मा भएको व्यवस्था बमोजिम बैंकबाट निस्कृय खाताको विवरण प्राप्त गरी पालिकाबाट लगत कट्टा भएको लाभग्राहीको लगत कट्टा भए पछि बैंकमा गएको रकम फिर्ता भए नभएको यकिन गरी फिर्ता हुन बाँकी रकम फिर्ता हुनुपर्दछ ।

६१.५ **औषधि उपचारः** मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुदा नं ४ मा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्था वा संगठन संस्थावाट रोजगारी/ निवृतिभरण वा बिदेशी सरकारवाट रोजगार/पेन्सन प्राप्त गरिरहेका ब्यक्तिले मासिक वृति नपाउने उल्लेख छ साथै नेपाल सरकारवाट उपलब्ध गराइदै आएको ज्यरेष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडिएको भत्ता अपांङ्ग भत्ता लगायत नेपाल सरकारबाट साविकमा पाइ आएको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलव्ध गराइने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृति मात्र प्राप्त गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाबाट सेवाग्राहीले दोहोरो सुविधा पाउने सम्भावना रहेकोले आन्तरिक नियन्त्रणको प्रभावकारी व्यवस्था गरी दोहोरो नहुने गरी व्यवस्था मिलाउनु पर्दछ ।

६२ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन २०६३, को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु हुदैन भनी उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्पदी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सार्वजनिक खरिद कार्यको प्रकृति अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमा अनुसार शिलबन्दी दरभाउपत्र वा बोलपत्रमार्फत कार्य गराउनु पर्नेमा निम्नानुसारको सार्वजनिक खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी सोझै गराएको रु. १०६५२४४३।- खरिद गरेको पाइयो । पालिकाले सोझै कार्य गराएका निम्नानुसारका योजनामध्ये अधिकांश योजनाहरु बाटोमा माटो पुर्ने प्रकृतिका पाईएको हुँदा दिगो विकासमा पालिकाले ध्यान दिएको पाइएन । पालिकाले सालिन्दा माटो पुर्ने कार्यमा ठुलो रकम खर्च गर्दै जानु, सो कार्यको अस्तित्व समेत अर्को आर्थिक बर्षमा नरहनु र सोही स्थलमा दोहोर्‍याएर कार्य गराए नगराएको एकिन गर्न सक्ने अवस्था देखिएन । पालिकाले बजेटको ठुलो अंश सोझै खरिद गर्ने उद्देश्यबाट बाँडफाँड गरि कार्य गराएको सम्बन्धमा सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । पालिकाले यसरी खर्च गर्नुको कारण र औचित्य पुष्टी गरी खर्च नियमित गर्नु पर्दछ ।

क्र.स.	ब.उ.शि.नं.	गो. भौ. नं./मिति	भुक्तानी पाउने फर्मको नाम	बिवरण	बिजक नं./ मिति	मू.अ.कर सहित भुक्तानी रु.
१.	गाउँपालिका पूँजिगत	२५०। ०८१।३। २४	देवानगन्ज कन्ष्ट्रक्सन एण्ड डिजाईनिङ्ग प्रा.लि. मध्यपुर, भक्तपुर	कृष्ण मा.बि. पूर्व जाने बाटोदेखि उत्तर खत्वे टोल जाने बाटो मर्मत	००३। ०८१।३। २४	९३३५६३
२.	गाउँपालिका पूँजिगत	२४०। ०८१।३। २४	जय बजरंगवली निर्माण सेवा, सुनसरी	वडा नं.-४, मेन रोड बाटोदेखि राजेशको घरसम्म माटो पुरी ग्राभेल गर्ने कार्य	४।०८१। ३।४	३७०५६५
३.	गाउँपालिका पूँजिगत	२३६। ०८१।३। २४	जय माँ काली कन्ष्ट्रक्सन, देवानगञ्ज	ईलाका प्रहरी कार्यालय देवानगञ्जका विभिन्न बाटोको मर्मत	११। ०८१।३। १९	४७१०५५
४.	गाउँपालिका पूँजिगत	२३४। ०८१।३। २४	निर्मला कन्ष्ट्रक्सन, सुनसरी	गाउँपालिका परिसरमा रहेका विभिन्न बाटोहरु मर्मत	०१। ०८१।३। २३	९७४४४३
५.	गाउँपालिका पूँजिगत	२०९। ०८१।२। २४	नरसिंहनाथ निर्माण सेवा, ईनरुवा	माटो पुरी ग्राभेल गर्ने कार्य	०७। ०८१। १२।६	४३२३१५
६.	गाउँपालिका पूँजिगत	६७। ०८०।७। २	नरसिंह कन्ष्ट्रक्सन, देवानगञ्ज, सुनसरी	गा.पा. वडा नं. १,२ र ७ मा माटो र ग्राभेल गर्ने कार्य	१।०८०। ५।१९	९५४४०५
७.	गाउँपालिका पूँजिगत	६६। ०८०।७। २	जय माँ काली कन्ष्ट्रक्सन, देवानगञ्ज-सुनसरी	वडा नं.-२ पूरानो हटियामा माटो र ग्राभेल गर्ने कार्य	१।०८०। ५।१९	५०३०९०
८.	गाउँपालिका पूँजिगत	६५। ०८०।७। २	भगवती कन्ष्ट्रक्सन, देवानगञ्ज	वडा नं.३,४,५,६ मा बाटो मर्मत	२।०८०। ५।१८	९२९३७६
९.	गाउँपालिका पूँजिगत	२६। ०८०।५। १७	सिता निर्माण सेवा, सुनसरी	सुखरामको घर उत्तर ताराचन बाटोमा आर.सि.सी. ढलान	०५। ०८०।३। २२	९६१७२१
१०.	गाउँपालिका पूँजिगत	१७। ०८०।५। १३	बि.ए.जी. कन्ष्ट्रक्सन, सुनसरी	माटो पुरी ग्राभेल गर्ने कार्य र आर.सि.सी. ढलान कार्य	०१। ०८०।३। २४	६९१३७८
११.	गाउँपालिका पूँजिगत	२०१। ०८१।२। २०	AMP CONSTRUCTION, JHAPA	गुलाबचन्दको घरदेखि अमिनको घरसम्म लगायतका सडकहरु निर्माण	१८। ०८१।२। १६	८३९९२६
१२.	गाउँपालिका पूँजिगत	५।०८०। १२।२५	ए.एच. निर्माण सेवा, बिराटनगर	पंकजको घरदेखि बजारसम्म जानेबाटो तथा बिज बिहारीको घरदेखि दक्षिणको बाटो ढलान	५।०८०। १२।२५	९२३३४७
१३.	गाउँपालिका पूँजिगत	२२४। ०८१।३। २३	सुनसरी युथ कन्ष्ट्रक्सन प्रा.लि., सुनसरी	वडा कार्यालयमा बाउण्ड्री वाल तता गेट निर्माण कार्य	०१। ०८१।३। २	७६७७७६

१४.	संघीय शसर्त पूँजिगत	४३। ०८१।३। १६	शुभास निर्माण सेवा, सुनसरी	सित भण्डार बाउण्ड्री वाल निर्माण वडा नं. ४	०४। ०८१।३। १६	८९९४८३
	जम्मा				**जम्मा**	**१०६५२४४३**
					अनियमित भएको	१,०६,५२,४४३

६३ **उपभोक्ता समितिबाट कार्यः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी स्थानीय सीप, स्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिबाट कार्यहरु गराउँदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्नेमा गरेको पाइएन ।

६४ **उपभोक्ता समिति मार्फत पुजापाठ कार्यक्रमः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्य नै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । पालिकाले नियममा भएको व्यवस्था बिपरित उपभोक्ता समितिमार्फत विभिन्न प्रकारका पुजापाठ कार्य गराई रु. रु.२०,६६,७५७/- खर्च लेखेको छ । पालिकाले पुजापाठको लागि खर्च रकम निकासा दिनै पर्ने अवस्था भएमा मठ, मन्दिर तथा धर्मालम्बी अनुसारका व्यवस्थापन समितिको माग र आवश्यकताको पहिचान गरी औचित्यताको आधारमा मितव्ययी तवरले दिनुपर्नेमा उपभोक्ता समिति गठनगरी भुक्तानी दिएको देखिनु नियमसम्मत देखिएन । उपभोक्ता समिति गठन गरी पुजापाठ गर्ने गराउने प्रणालीमा नियन्त्रण गरी खर्च भएको रकम औचित्य पुष्ट्याई सहित नियमित हुनुपर्दछ ।

सि.नं.	उपभोक्ता समितिको/संस्थाको नाम	प्रयोजन	भुक्तानी रकम	कैफियत
२२६/०८१। २।२८	दुर्गा पुजा तथा दशैं मेला व्यवस्थापन समिति वडा नं १	दुर्गा पुजा	३२५,०००	खर्चको विस्तृत विवरण पेश नभएको तथा लागत सहभागिता पनि नदेखिएको
२६२/०८०।/ ९।११	श्री श्री १०८ श्री नवदुर्गा भवानी मन्दिर वडा नं ४	दुर्गा पुजा दशैं पुजा	६५०,०००	वडा नं ४ बाट रु ४००००० र पालिकाबाट रु २५०००० लागत सहभागिता नदेखिएको खर्चको वृस्तित विवरण पेश नभएको केवल किराना पसल तथा नाचगानको विल भरपारई पेश भएको
२६६/०८०। ९।१२	श्री श्री १०८ श्री काली मन्दिर वडा नं २	कलश यात्रा	१५०,०००	वडा नं २ बाट रु १००००० र पालिकाबाट रु ५०००० लागत सहभागिता नदेखिएको खर्चको वृस्तित विवरण पेश नभएको केवल किराना पसल तथा नाचगानको विल भरपारई पेश भएको
२६९/०८०। ९।१२	दुर्गा पुजा पाठ उस वडा नं ७	दशैंमा दुर्गा पुजा	२१००००	वडा नं ७बाट रु १००,०००, वडा नं ६बाट रु १०,०००र पालिकाबाट रु १००,०००
२८६/०८०। ९।२३	श्री श्री १०८ श्री बैष्णवी काली मन्दिर पुजा तथा मेला उस वडा नं ३	काली पुजा पाठ तथा शुभ दिपालिको मेला	२००,०००	
२९६/०८०। ९।२५	श्री श्री १०८ श्री बैष्णवी काली मन्दिर वडा नं ३	कालि पुजापाठ तथा सांस्कृतिक कार्यक्रम	१५००००	वडा नं ३ को बजेटबाट संचालित
३४५/०८०। १०।१५	अधुरो कृष्ण मन्दिर निर्माण कार्य समिति वडानं ५	पुजापाठ तथा सांस्कृतिक कार्यक्रम	११७८४७	
३४५/०८०। १०।१५	श्री कालीपूजा मेला उ स गा पा ५	पुजापाठ तथा सांस्कृतिक कार्यक्रम	९२१९८	
३४५/०८०। १०।१५	श्री लक्ष्मी मन्दिर सेवा समिति	पुजापाठ तथा सांस्कृतिक कार्यक्रम	९६७१२	
५७३/०८१। २।१	धार्मिक तथा सांस्कृतिक संस्था सहायता	दिनाभद्री सम्मेलन तथा पुजापाठ उ स वडा नं ४	७५०००	
जम्मा			२०,६६,७५७	

अनियमित भएको	२०,६६,७५७

६५ **Geo-Technical Investigation:** (४-२०८०-१२-२):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ ।पालिकाबाट निर्माण हुने फोचोदास आधारभूत विद्यालयको भवन निर्काण कार्यका लागि DPR तयारीका साथ Geo-Technical Investigation सम्बन्धी अध्ययन समेत गरी सो बापत रु. ३,३९,७२६।- (मू.अ.कर सहित) परामर्शदाता फर्म न्यु योगिनी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी, सप्तरीलाई भुक्तानी गरेको पाइयो।खानी उत्खनन,हाईड्रोपावर, रेलमार्ग, सुरुङ्गमार्ग, हवाईमैदान जस्ता ठुला संरचना निर्माणको लागि Geo-Technical Investigation गर्नुपर्ने

आवश्यकता पर्नेमा सानो लागतमा बन्ने सामान्य विद्यालय भवन निर्माणका लागि Geo-Technical Investigation गर्ने प्रचलन रहेको छैन। पालिकाबाट Geo-Technical Investigation को लागत अनुमान तयारीको आधार तथा नर्म्स र दर विश्लेषण पेश नभएको हुँदा सोको लागत निर्धारण स्वीकृत नर्म्स बमोजिम भए नभएको एकिन गर्न सकिएन।परामर्शदाताले उक्त Geo-Technical Investigation सँग सम्बन्धित Geo-Technical Report पेश समेत नहुँदै सम्पूर्ण रकम भुक्तानी दिएको पाइयो । यसरी सामान्य निर्माण कार्यमा आवश्यक नपर्ने अध्ययन गराउनु, सोको प्रतिवेदन पेश समेत नभएको हुँदा सो बापत भुक्तानी भएको रकम रु. ३,३९,७२६।- असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	३,३९,७२६

६६ **स्रोत सुनिश्चितता नभई DPR**

पालिकाले अमरसिंह मा.वि. मा पशु विज्ञान क्याम्पस तथा हस्पिटल भवन निर्माण कार्यको बिस्तृत आयोजना प्रतिवेदन (DPR) तयारी कार्य, क्रिडेशन ग्रुप नेपाल प्रा.लि.बाट गराई रु.१४,०९,११०।- (मू.अ.कर सहित) खर्च गरेको पाइयो । नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका-२०७४ (पहिलो संशोधन २०७५) अनुसार उक्त विद्यालयको स्वीकृत कार्य योजना आ.व. २०७४।७५ देखि शुरु भई २०७९।८० मा समाप्त भएको पाइयो ।त्यसपछि विद्यालयको कार्ययोजना थप, परिमार्जन तथा अद्यावधिक भएको पाइएन।उक्त पशु विज्ञान क्याम्पस तथा हस्पिटल भवन निर्माण कार्यका लागि ठुलो रकम आवश्यक पर्ने, विद्यालयको आन्तरिक स्रोत नहुनु साथै गाउँपालिकाले समेत आफ्नो स्रोतबाट यस किसिमको ठुलो बजेट आवश्यक पर्ने योजना सञ्चालन गर्न सक्ने अवस्था देखिएन । अन्य स्रोतबाट समेत यती ठुलो बजेट रकमको स्रोत सुनिश्चितता गर्न सक्ने भरपर्दो आधार देखिएन। यसरी स्रोतको सुनिश्चितता नहुँदै योजनाहरुको DPR तयार गरी खर्च गर्नु औचित्यपूर्ण देखिएन । उक्त DPR को लागत अनुमान तयारीको आधार र दर विश्लेषण पेश नभएको हुँदा सोको लागत निर्धारण स्वीकृत नर्म्स बमोजिम भए नभएको एकिन गर्न सकिएन । परामर्शदाताले उक्त DPR सँग सम्बन्धित Main Report, Cost Estimate/Rate Analysis Report, Structural Analysis Report, Soil Test Report & Drawing पेश समेत नहुँदै सम्पूर्ण रकम भुक्तानी दिएको पाइयो । स्रोत सुनिश्चितता बेगर योजना सञ्चालनका लागि DPR तयार गर्नु, डि.पि.आर. का लागि बार्षिक कार्यक्रम स्वीकृत नहुनु, सोसँग सम्बन्धित सम्पूर्ण प्रतिवेदनहरु लेखापरीक्षण अवधिसम्म प्राप्त नहुनु जस्ता कारणबाट DPR मा भएको खर्चको आवश्कता तथा औचित्य पुष्टी नभएको हुँदा सो बापत भएको खर्च रकम रु.१४,०९,११०।- असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	१४,०९,११०

६७ **परामर्श सेवा खरिद (प्रदेश पूँजिगत):**- (४-२०८०-१२-२):

पालिकाबाट बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र डिपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। डि.पि.आर. गर्नका लागि स्वीकृत कार्यक्रम तथा बजेट व्यवस्था भए/नभएको एकिन गरेर मात्र गर्न पर्नेमा प्रदेश शसर्त पूँजिगतमा DPR सम्बन्धी कार्यक्रम र बजेट व्यवस्था नहुँदै निकासा फिर्ता गर्नुपर्ने रकमबाट गराएको पाइयो । डि.पी.आर.तयार गर्दा कार्यालयको मौजुदा प्राविधिक जनशक्तिबाट हुनसक्ने अवस्था भएकमा कार्यालय भित्रबाट र मौजुदा जनशक्तिबाट गर्न नसकिने भएमा मात्र बाह्य परामर्शदाता फर्म/ब्यक्तिबाट गराउनु पर्दछ।सबै किसिमका DPR बाह्य परामर्शदाताबाट गराउनुको कारण पालिकाले पुष्टी हुनुपर्दछ ।पालिकाले आगामी दिनमा कार्यालयकै प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्नेतर्फ ध्यान दिनु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ।यसरी डि.पी.आर बनाउने कार्यमा नियन्त्रण हुनु पर्दछ।तल उल्लेखित DPR को लागत अनुमान तयारीको आधार तथा नर्म्स र दर विश्लेषण पेश नभएको हुँदा सोको लागत निर्धारण स्वीकृत नर्म्स बमोजिम भए नभएको एकिन गर्न सकिएन । परामर्शदाताले उक्त DPR सँग सम्बन्धित Main Report, Geo-Technical Investigation Report, Cost Estimate/Rate Analysis Report, Structural Analysis Report, Soil Test Report & Drawing पेश समेत नहुँदै सम्पूर्ण रकम भुक्तानी दिएको पाइयो । स्रोत सुनिश्चितता बेगर योजना सञ्चालनका लागि DPR तयार गर्नु, डि.पि.आर. का लागि बार्षिक कार्यक्रम स्वीकृत नहुनु, सोसँग सम्बन्धित सम्पूर्ण प्रतिवेदनहरु लेखापरीक्षण अवधिसम्म प्राप्त नहुनु जस्ता कारणबाट DPR मा भएको खर्चको आवश्कता तथा औचित्य पुष्टी नभएको हुँदा सो बापत भएको खर्च रकम रु. ५,७२,३८५।- असुल हुनुपर्दछ ।

क्र.स.	ब.उ.बि.नं.	परामर्शदाताको नाम	अध्ययनको बिषय	आयोजनाको लागत (मू.अ.कर सहित)	लागत अनुमान (मू.अ.कर सहित)	Geo-Technical Investigation खर्चबाहेक शिरोभार खर्च बाहेकभुक्तानी रकम (मू.अ.कर सहित)	योजना कार्यान्वयनको अवस्था	कैफियत
१.	प्रदेश पूँजिगत	१६ कोठे भवन निर्माण कार्य	DPR of Phochodas Aadharbhut School Building	३४१७७६१२	९९७९६८।५०	५७२३८५	योजना कार्यान्वयनमा गएको	प्रदेशको कार्यक्रममा डि.पि.आर को लागि बजेट व्यबस्था नभएको
२.					जम्मा	**५७२३८५**		

असुल गर्नुपर्ने	५,७२,३८५

६८ **परामर्श सेवामा शिरोभार खर्च:** (४।०८०।१२।२-२०८०-१२-२):

सार्वजनिक खरिद नियमावली-२०६४ को अनुसूची-१ मा सार्वजनिक निर्माण कार्यको लागत अनुमान तयार गर्दा मात्र १५ प्रतिशत ओभरहेड जोडन मिल्ने देखिन्छ । नियमावलीमा परामर्श सेवा खरिदका लागि लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड जोडन मिल्ने व्यवस्था गरेको छैन । पालिकाबाट खरिद गरेका निम्नानुसारका परामर्श सेवाको लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड जोडेको पाइयो । जसबाट लागत अनुमानको दर बढेको कारण पालिकालाई रु.८५,८५८।- बढी ब्ययभार पर्न गएको पाइयो । यसरी ओभरहेड बापत भुक्तानी भएको रकम निम्नानुसारको परामर्शदाता फर्मबाट असुल हुनुपर्दछ ।

क्र.स.	ब.उ.बि.नं.	गो.भौ./मिति	परामर्शदाताको नाम	अध्ययनको बिषय	आयोजनाको लागत (मू.अ.कर सहित)	लागत अनुमान (मू.अ.कर सहित)	Geo-Technical Investigationखर्च बाहेक भुक्तानी रकम (शिरोभार खर्च र मू.अ.कर सहित)	भुक्तानी भएको शिरोभार खर्च (मू.अ.कर सहित)
१.	प्रदेश पूँजिगत	४।०८०।१२।२	न्यु योगिनी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी, सप्तरी	DPR of Phochodas Aadharbhut School Building	३४१७७६१२	९९७९६८।५०	६५८२४२	८५८५८
							जम्मा	**८५८५८**

असुल गर्नुपर्ने	८५,८५८

६९ **सार्वजनिक निर्माण व्यवस्थापन:-**

सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन:-

६९.१ **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन।यस पालिकाले गत विगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

कार्य सम्पन्न प्रतिवेदन: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने

दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन।

गुणस्तर परिक्षणः सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केहि ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परिक्षण भएको पाइएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामाग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

डि.एल पि.अभिलेखः सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी.मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन।यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको एकिन गर्ने सक्ने अवस्था रहेन।अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

AS BUILT DRAWING: सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित ठुला योजनाको समेत AS BUILT DRAWING पेश भएको पाइएन । यस्तो प्रतिवेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

च्यानेज (CHAINAGE) नखुलेको: कार्यालय अन्तर्गतका निम्न सडकहरुको विभिन्न स्थानमा फरक निर्माण व्यवसायीहरुबाट कार्य गराएको पाइयो । उक्त सडकको विभिन्न स्थानमा बोलपत्र, शिलबन्दी दरभाउ पत्र र सोझै खरिद बिभिबाट सडक निर्माण तथा मर्मत सम्बन्धी कार्य गराएको पाइयो । यसरी एकै सडकको फरक फरक स्थानमा निर्माण तथा मर्मत कार्य गराउँदा चेनेज खुलाई लागत अनुमान तयार गर्नु पर्नेमा गरेको पाइएन । यसरी चेनेज तथा कार्य स्थल नखुलाएको कारण निर्माण कार्यको OVER LAPPING भई दोहोरो नापी हुन सक्ने, एउटा निर्माण व्यवसायीको दायित्व भित्रको कार्य अर्को निर्माण व्यवसायीबाट भई भुक्तानी हुने सम्भावना रहन्छ । उल्लेखित योजनाहरुको कार्यस्थलको DEMARCATION तथा चेनेज नखुलेको कारण सडकको फरक फरक खण्डमा कार्य भए नभएको एकिन गर्न सकिएन । यसमा कार्यालयले ध्यान दिएको पाइएन ।

प्राकृतिक स्रोतको रोयल्टीः कोशी प्रदेश आर्थिक ऐन-२०८० को दफा ७(१), अनुसुचि-५ बमोजिम पालिकाले प्रदेश सरकारले तोकेको ढुङ्गा, गिट्टीको लागि रु.७ प्रति घन फिट र बालुवा लगायतका निर्माण समाग्रीमा रु.६ प्रति घन फिटको का दरले रोयल्टी असुल गर्नु पर्नेमा गरेको पाइएन।कार्यालयले ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट लागयतका स्थानिय निर्माण सामाग्रीहरुको रोयल्टी संकलनका लागि ठेक्का समेत लगाएको छैन।विभिन्न योजनाहरुमा स्थानिय खोलनाला र खानीहरुबाट संकलन गरिएको निर्माण सामाग्री प्रयोग गरेको पाईएको हुँदा सो बापतको रोयल्टी रकम गणना गरी असुल गर्नु पर्नेमा गरेको पाइएन । कार्यालयबाट विभिन्न योजनामा प्रयोग भएको निर्माण सामाग्री बापतको रोयल्टी रकम एकिन गरी असल गर्नु पर्दछ ।

६९.२ **ईट्टाको दर विश्लेषण (उपभोक्ता):** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, इंटा, माटो, बालुवा, क्रकंट पाता, पोलिथिन पाईप, जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाऊ, मेशिन र उपकरणको भाडा वा कामदारको

ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्न योजनाको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको प्रयोग नगरेको कारणबाट निम्न आईटमवाईज कार्यको लागत अनुमान बढेको पाईपो । जसबाट कार्यालयलाई रु. १,१४,२०३।- बढी ब्ययभार परेको पाइयो । उक्त रकममा उपभोक्ताको अंश कट्टी गर्दा हुन आउने रु. १,०८,४९२।- नियमित हुनुपर्दछ । रु.

क्र.स.	ब.उ.शि.नं.	गो.भौ./ मिति	योजनाको नाम	उपभोक्ता समितिको नाम	आईटमवाईज कार्यको बिवरण	खुद भएको कार्य परिमाण (घ.मी.)	लागत अनुमानको दर	तयार हुनुपर्ने ल.ई. को दर	बढी भुक्तानी भएको	उपभोक्ताको अंश	खुद बढी भुक्तानी
१.	गाउँपालिका पूँजिगत	२५२। ०८१। ३।२४	सतसङ्ग भवन प्राङ्गणमा शौचालय निर्माण तथा माटो पुर्ने कार्य	सतसङ्ग भवन प्राङ्गणमा शौचालय निर्माण तथा माटो पुर्ने कार्य	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY (Ground Floor) WORK 1:6 C/S	१०.६२	१५१५५। ९२	१३९०१। ९२	१३३१७	६६६	१२६५१
२.	प्रदेश पूँजिगत	१९। ०८१। ३।१२	खेल मैदान निर्माण	खेल मैदान निर्माण उ.स.	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY (First Floor) WORK 1:4 C/S	१७.५६	१५६७४। ६३	१४४२०। ६३	२२०२०	११०१	२०९१९
३.	गाउँपालिका पूँजिगत	४१। ०८०। ५।३१	अमरसिह मा.बि. ट्रस निर्माण	अमरसिह मा.बि. ट्रस निर्माण उ.स.	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY (Ground Floor) WORK 1:4 C/S	२५.४३	१४८४७। २३	१३७००। ७३	२९१५५	१४५८	२७६९७
४.	गाउँपालिका पूँजिगत	३२। ०८०। ५।१९	आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण	आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण उ.स.	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY (Ground Floor) WORK 1:4 C/S	२५.४३	१४८४७। २३	१३७००। ७३	२९१५५	१४५८	२७६९७
५.	गाउँपालिका पूँजिगत	१०। ०८०।	राजाजी थान	राजाजी थान	FIRST CLASS CHIMNEY	१७.९३	१४८२०। ७३	१३६७४। २५	२०५५६	१०२८	१९५२८

		५।८	निर्माण	निर्माण उ.स.	(BHATTA) BRICK MASONRY (Ground Floor) WORK 1:4 C/S						
								जम्मा	**११४२०३**	**५७११**	**१०८४९२**

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
६९.२.१	अमरसिह मा.बि. ट्रस निर्माण उ.स	२७,६९७
६९.२.२	आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण उ.स	२७,६९७
६९.२.३	खेल मैदान निर्माण उ.स.	२०,९१९
६९.२.४	राजाजी थान निर्माण उ.स.	१९,५२८
६९.२.५	सतसङ्ग भवन प्राङ्गगणमा शौचालय निर्माण तथा माटो पुर्ने कार्य	१२,६५१

(विस्तृत विवरण बेरूजु दफा ६९.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	१,०८,४९२

६९.३ ईट्टाको दर विश्लेषण (ठेक्का):- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, इंटा, माटो, बालुवा, क्रकंट पाता, पोलिथिन पाईप, जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाऊ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्न योजनाको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको प्रयोग नगरेको कारणबाट निम्न आईटमवाईज कार्यको लागत अनुमान बढेको पाईपो । जसबाट पालिकालाई रु. ४,१६,९२१।- बढी ब्ययभार परेको पाइयो । उक्त रकम आवश्यक प्रक्रिया पुर्‍याई औचित्य र पुष्ट्याई सहित नियमित हुनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ६९.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	४,१६,९२१

६९.४ **भेरिएशन आदेश:** (एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम तर्फ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिसो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नु पर्ने भएमा यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी जारी गर्नु पर्ने व्यवस्था छ ।

(क) ठेक्काहरुको भेरिएसन आदेश जारी गर्दा प्रचलित खरिद कानुन, SBD तथा सम्झौता गर्दाको बखत भेरिएसन आदेश सन्तुलित (BALANCED VARIATION ORDER) हुने गरी जारी गर्ने प्रचलन तथा असल अभ्यास रहेको छ । लेखापरीक्षणको क्रममा परिक्षण गर्दा निम्नानुसारको ठेक्कामा भेरिएसन आदेश जारी गर्दा भेरिएशन आदेश सन्तुलित भएको पाइएन।भेरिएसन आदेश जारी गर्दा कार्यालयले नेपाल सरकारलाई यथासक्य कम व्ययभार पर्ने गरी जारी गर्नेतर्फ ध्यान दिएको पाइएन। भेरिएसन आदेश सन्तुलित (BALANCED VARIATION ORDER) नभएको कारण नेपाल सरकारलाई रु. २८,९६,७७०।- थप व्ययभार परेको देखियो । तपशिल बमोजिमको ठेक्काको भेरिएशन स्वीकृत नभएको हुँदा कार्यपालिकाबाट अलग अलग रुपमा पेश गरी स्वीकृत हुनु पर्दछ । साथै पालिकाबाट सन्तुलित हुनेगरी भेरिएशन आदेश स्वीकृत गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ।भरिएसन आदेश स्वीकृत गर्दा निर्माण व्यवसायीबाट लागत अनुमानको तुलनामा घटी कबोल गरिएका आईटमवाईज कार्यको कार्य परिमाण घटाउनु र बढी कबोल गरिएका आईटमवाईज कार्यको कार्य परिमाण बढाएका कारण समग्रमा भेरिएसन आदेश सन्तुलित नभएको कारण बढी भुक्तानी हुने अवस्था

श्रृजना भएको हुँदा सोमा कार्यालयले अन्तिम भुक्तानीसम्ममा पुनर्बिचार गरी भेरिएशन आदेश सन्तुलित भएको प्रमाण सम्लग्न राखी बढन जाने खर्चलाई नियन्त्रण गरि नियमित गर्नु पर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ६९.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	२८,९६,७७०

६९.५ **(ख) नयाँ आइटम थपः** पालिकाबाट १० बेड प्राथमिक स्वास्थ्य केन्द्र निर्माण गर्ने कार्यको भेरिएशन आदेश स्वीकृत गर्दा नयाँ थप भएका आईटमवाईज कार्यहरु सोही भवन निर्माणसँग सम्बन्धित रहेका छन । यसरी थपिएका योजनासँग प्रत्यक्ष सम्बन्धित थप नयाँ आईटमवाईज कार्यको Rate Negotiation गर्दा ठेक्का ३२.७६ (पि.एस. र मू.अ.कर बाहेक) प्रतिशत घटीमा सकार भएको कारण सो बराबर नै घटाई नयाँ दर कायम गर्नु पर्नेमा लागत अनुमानकै दर राखी भेरिएशन आदेश स्वीकृत गरेको कारण पालिकालाई रु. २१,०५,४२९।- बढी व्ययभार परेको पाइयो । यसरी भेरिएसन आदेश जारी गर्ने प्रकृयामा आवश्यक सुधार हुनुपर्दछ ।

क्र.स.	ब.उ.शि.नं.	योजनाको नाम	निर्माण व्यवसायीको नाम	आईटम नं.	भेरिएशन आदेशबाट थप भएका नयाँ आईटमवाईज कार्यको नाम	कार्य परिमाण	लागत अनुमानको दर (मू.अ.कर सहित)	भेरिएशन पछि भुक्तानी हुने दर (मू.अ.कर सहित) रु.	भुक्तानी हुनुपर्ने दर (मू.अ.कर सहित) रु.	बढी व्ययभार परेको
१.	३७०००११६४	१० बेड प्राथमिक स्वास्थ्य केन्द भवन निर्माण	कुँवर डेभलपर्स एण्ड बिल्डर्स	Additional Item (A)	Coloured marble florring on 20 mm mortar 1:2	१०१२.१७	५५६७।०६	५४८०।५०	३७४३।२९	१७५८३५२
				(B)	2 mm thick white putting	४०२९.९८	२८७।००	२५४।२५	१९२।९८	२४६९१७
				(C)	Squre pipe or circular black pipe	७३९.७८	१६६।९६	१६३।८५	११२।२६	३८१६५
				(D)	26 Gauge medium coloured CGI sheet	१६१.४०	१४४५।२८	१३५६।००	९७१।८८	६१९९५
									जम्मा	**२१०५४२९**

(विस्तृत विवरण बेरूजु दफा ६९.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६९.६ **मूल्य समायोजन भुक्तानी:-** १३४-०८०।११।१३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख) अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामाग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नु पर्ने र सोही अनुसार सम्झौतामा उल्लेख गरी सोही आधारमा मूल्य समायोजन भुक्तानी हुनुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै कार्यालयले रनिङ्ग बिल र कर बिजक पेश गरेको मिति (Invoiced Date) भन्दा ३० दिन पहिलाको सम्बन्धित महिनाको श्रम, सामग्री र उपकरणको मूल्य सूची (Price Index) लाई आधार मानी मूल्य समायोजन हिसाब (Price Adjustment) गणना गरी भुक्तानी दिनुपर्ने व्यवस्था सम्झौतामा उल्लेख छ । पालिकाबाट सडक स्तरोन्नति कार्य देवानगञ्ज-४ का निर्माण व्यवसायी भूमि ए.एस.जे.भी. बिराटनगरलाई भुक्तानी अवधिसम्म प्रकाशित भएको Index प्रयोग गरी मूल्य समायोजन भुक्तानी दिदा Coefficient हरु सहिनै राखेपनि दोश्रो रनिङ्ग बिलको गणना गर्दा गलत हुन गई बढी भुक्तानी भएको पाइयो । यसरी भुक्तानी भएको मूल्य समायोजन रकम रु. ९,११,१५२।- असुल हुनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ६९.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	९,११,१५२

६९.७ **गणना फरक पारी भुक्तानी:-** १४२।०८०।११।२१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको ठेक्कामा एक आईटमवाईज कार्यको नापी किताबको गणनामा फरक पारी भुक्तानी गरेको पाइयो । यसरी अन्तिम बिलको गणनामा फरक परी आईटमवाईज कार्यको परिमाण बढन गएको कारण पालिकालाई ब्ययभार परेको पाइयो । पालिकाबाट बढी भुक्तानी भएको रकम रु. १,८३,२९५।- सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।

क्र.सं.	**योजनाको नाम**	**निर्माण ब्यबसायीको नाम**	**आईटमवाईज कार्यको नाम**	**भुक्तानी परिमाण (घ.मी.)**	**भुक्तानी हुनुपर्ने कार्य परिमाण (घ.मी.)**	**भुक्तानी दर बि.ओ.क्यु अनुसार भुक्तानी दर (मू.अ.कर सहित)**	**असुल हुनुपर्ने**
१.	मरियापुर मोती टापु अर्जुन घरदेखि दक्षिण जानेबाटो कालोपत्र	पण्डित-भगवती जे.भी., नेपालगञ्ज-७	Providing & Laying Crusher Run Material for Base Course	३१२.८९	२६२.२०	३६१६	१८३२९५
						जम्मा	**१८३२९५**

(विस्तृत विवरण बेरूजु दफा ६९.७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	१,८३,२९५

६९.८ **नापी किताब:-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको योजनाहरुमा आईटमवाईज कार्य BRICK WORKS 1:4 को वास्तविक भएको कार्य परिमाणको गणना गर्दा Sill band र Lintel band को Concrete को परिमाण RCC को परिमाणमा थप गरी नापी किताब तयार गरिएकोमा BRICK WORKS 1:4 मा उक्त कार्य परिमाण घटाएको पाइएन । यसरी नघटाई लागत अनुमानको परिमाण तय गरिएको सोही परिमाण बि.ओ.क्यू. मा उल्लेख गरी ठेक्का व्यवस्थापन भएको पाइयो । यसरी Sill Band र Lintel Band को कार्य परिमाण BRICK MASONRY WORKS 1:4 मा नघटाई भुक्तानी गरेको कारण भुक्तानी हुनुपर्ने भन्दा बढी कार्य परिमाणको भुक्तानी भएको हुँदा सो बापत भुक्तानी भएको रकम असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ ।

क्र.स.	गो.भौ./ मिति	निर्माण व्यवसायी/ उपभोक्ता समितिको नाम	आईटमवाईज कार्यको नाम	Sill bandर Lintel band		भुक्तानी भएको कार्य परिमाण (घ.मी.)	Sill Bandर Lintel bandकटाउँदा भुक्तानी हुनुपर्ने कार्य परिमाण (घ.मी.)	बि.ओ.क्यू.को भुक्तानी दर (मू.अ.कर सहित)	बढी भुक्तानी भएको रकम रु.
				प्रयोग भएको निर्माणस्थल	कार्य परिमाण(घ.मी.)				
१.	१३६। ०८०। ११। १५	Tanweer & Brothers Builders & Construction Pvt. Ltd., Kathmandu	Bricks Masonry 1:4 C/S	नवदुर्गा आ.बि., देवानगञ्ज-७, भवन निर्माण	१२.९३	११४.६५	१०१.७२	१४१२५	१८२६३६
२.	१७८। ०८१। १।२४	Tanweer & Brothers Builders & Construction Pvt. Ltd., Kathmandu	Bricks Masonry 1:4 C/S	पशुपति शिक्षा मन्दिर २ कोठे भवन निर्माण	३.०९	५३.३४	५०.२५	१४१२५	४३६४६
३.	१७३। ०८१। १।२०	Tanweer & Brothers Builders & Construction Pvt. Ltd., Kathmandu	Bricks Masonry 1:4 C/S	दिब्या आधारभूतविद्यालय, वडा नं.३	१२.६२	९३.५७	८०.९५	१४१२५	१७८२५८
४.	२१२। ०८१। ३।५	शान्ति निर्माण सेवा, सप्तरी	Bricks Masonry 1:4 C/S	जनता मा.बि., वडा नं.-१ (४ कोठे)	४.८३	५३.३२	४८.४९	१२४३०	६००३७
५.	१२७। ०८०। १०। १५	कलाम निर्माण सेवा, सुनसरी	Bricks Masonry 1:4 C/S	वडा नं. १ कार्यालय भवन निर्माण	१.३२	२०.९५	१९.६३	१२४३०	१६४०८
								जम्मा	**४८०९८५**

(विस्तृत विवरण बेरूजु दफा ६९.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	४,८०,९८५

६९.९ **अधुरो निर्माण:-** ८।०८०।५।५ सार्वजनिक खरिद ऐनको दफा ५९ मा खरिद सम्झौताको अन्त्य र सोको उपचारका बिषयमा उल्लेख छ । कार्यालय अन्तर्गत विभिन्न निर्माण योजनाहरुको कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण व्यवसायीलाई सार्वजनिक निर्माण सम्बन्धी दायित्वबाट मुक्ति दिएको पाइयो । सार्वजनिक निकायले सार्वजनिक निर्माण कार्य सारभुत रुपमा सम्पन्न (SUBSTANTIAL COMPLITION) भएको अवस्थामा मात्र सुबिस्ताको आधारमा सम्झौताको अन्त्य गर्न सक्ने अवस्था रहेको छ ।कार्यालयले स्रोतको व्यवस्थापन बिकल्प खोजी ठेक्काको म्याद थप गरी बाँकी कार्य गराउनु पर्नेमा ठेक्का अधुरो छोडी Partially Completion गर्नु नियमसम्मत दखिएन । जसबाट योजनाको प्रभावकारिता नहुने, लागत बढने, कतिपय सार्वजनिक निर्माण कार्य प्रयोग बिहिन भई त्यसका लागि भएको लगानी ब्यर्थ हुने अवस्था सृजना भएको हुँदा भएको खर्च नियमित देखिएन । साथै निर्माण व्यवसायीले घटी कबोल गरेका आईटमवाईज कार्यको परिमाण अत्याधिक रुपमा कम गरी बढी कबोल गरेका आईटमवाईज कार्य धेरैनै बढाई भुक्तानी गरेर ठेक्का Partially Completion भएको अवस्थामानै ठेक्का अन्त्य गरेको पाइयो । यसरी लागत अनुमानमा उल्लेख भए अनुसारको परिमाणमा कार्य नहुदै ठेक्का अन्त्य गरेको कारणबाट कार्यालयलाई रु. १०,१५,६५४।- ब्ययभार परेको पाइयो । यसरी तोकिएको कार्य

परिमाणमा घटबढ गरी ठेक्का अन्त्य गरेको कारण बढी भुक्तानी गरेको रकम कार्य सम्पन्न प्रतिवेदन र नापी किताब तयार गर्ने प्राबिधिकलाई जिम्मेवार बनाई असुल गर्नु पर्दछ । रु.

क्र.स.	योजनाको नाम	निर्माण व्यवसायीको नाम	आईटमवाईज कार्य	लागत अनुमान अनुसारको कार्य परिमाण	खुद भएको कार्य परिमाण	फरक कार्य परिमाण	लागत अनुमानको दर (मू.अ.कर सहित) रु.	बि.-ओ.क्यु. को दर (मू.अ.कर सहित) रु.	बढी भुक्तानी भएको रकम रु.
१.	माटोपुरी ग्राभेल गर्ने तथा ह्युमपाईप जडान गर्ने कार्य, देबानजंङ्ग-४	दिनेश निर्माण सेवा, बर्जु, सुनसरी	Earth Excavation both side by machine	१०४४ घ.मी.	२२५१.८० घ.मी.	१२०७.८० घ.मी.	९७।४६	३३९	२९१७३२
			Providing Laying Spreeding soil for sub grade	१४५० घ.मी.	८३४ घ.मी.	६१६ घ.मी.	५८४।७८	३३.९०	३३९३४२
			Providing, Laying, Spreeding, watering & levellinng of sub-base with rolling	१०८७.५० घ.मी.	७८१.८८ घ.मी.	३०५.६२ घ.मी.	३४०५। ३६	२१४७	३८४५८०
								जम्मा	**१०१५६५४**

(विस्तृत विवरण बेरूजु दफा ६९.९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	१०,१५,६५४

६९.१० **PS ITEMS-** सार्वजनिक नियमावली, २०६४ को नियम २२ तथा अनूसूची ४ अनुसार काम गर्ने परिस्थिति पूर्वानुमान गर्न नसकिने प्रकृतिको निर्माण कार्य गराउनको लागि लागत सोधभर्ना सम्झौता गर्न सकिने व्यवस्था छ । कार्यालयले विभिन्न ठेक्काको प्रभिजनल सममा राखिएको आईटमवाईज कार्य बापतको रकम भुक्तानी गर्दा निर्माण व्यवसायी वा सेवा प्रदायकबाट खर्चको बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ठेक्काको PROVISIONAL SUM मा राखिएका आईटमवाईज कार्यको बिल भरपाई पेश भएको अवस्थामा मात्र बिल बमोजिमको रकम भुक्तानी दिनु पर्दछ ।कार्यालय अन्तर्गत सञ्चालित निम्न ठेक्कामा निर्माण व्यवसायीबाट सक्कल बिल भरपाई पेश नहुदै PROVISIONAL SUM बापतको रकम भुक्तानी दिएको पाइयो । अत: सम्बन्धित निर्माण व्यवसायीबाट सक्कल बिल बिजक पेश हुनु पर्दछ, अन्यथा असुल गरी राजस्व दाखिला गर्नु पर्दछ।

क्र.स.	ठेक्का न.	गो.भौ./ मिति	योजनाको नाम	भुक्तानी पाउने निर्माण व्यवसायीको नाम	PS Items को बिवरण	भुक्तानी भएको रकम (मू.अ.कर सहित)	कैफियत
१.	HRMROAD/C/NCB/05/079/80	१३६। ०८०। ११। १५	नवदुर्गा आ.बि., देवानगञ्ज-७, भवन निर्माण	Tanweer & Brothers Builders & Construction Pvt. Ltd., Kathmandu	Lab TestCharge	४६३३०	
२.	DRM/BUILDING/NCB/C/07/2077/78	१। ०८१। ३।२६	१० शैया प्राथमिक अस्पताल भवन निर्माण	कुँवर बिल्डर्स, कागेश्वरी, काठमाण्डौ	Provided Sefty Precuation	१०००००	
					Provided , Construction Relocation demage	३५००००	प्रथम रनिङ्ग बिलबाट भुक्तानी भएकोमा नवौ रनिङ्ग बिलमा अद्यावबिक भुक्तानी कार्यमा नदेखाएको
					जम्मा	**४९६३३०**	

(विस्तृत विवरण बेरूजु दफा ६९.१० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	४,९६,३३०

७० **कार्यसम्पन्न प्रतिवेदन तथा भरपाई पेश नभएको:**- (१७२-२०८१-१-२०):

कार्य सम्पन्न प्रतिवेदन सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले वडा नं.१,६ र ७ मा सिचाई बिद्युचिकरण कार्यको कुल लागत अनुमान रु. १०७४०३३५२ को ६० प्रतिशतले हुन आउने रु.६,४४,४२,०११/- पालिकाले र बाँकी रकम रु. ४२,८१,३४०/८० बिद्युत प्राधिकरणले ब्यहोर्ने गरी सम्झौता भएको पाइयो । सम्झौता बमोजिम पालिकाले रु. ६,००,००,०००/- बिद्युत प्राधिकरणलाई भुक्तानी दिएकोमा कार्यक्रम खर्चको कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, बिल भरपाई पेश नभएको हुँदा सक्कल बिल, भरपाई कार्य सम्पन्न प्रतिवेदन र नापी किताब पेश हुनुपर्दछ । रु.

क्र.सं.	ब.उ.शि.नं.	कार्यको बिवरण	भुक्तानी पाउने संस्थाको नाम	प्रमाण कागजात पेश गर्नु पर्ने रकम रु.
१.	गाउँपालिका पूँजिगत	विभिन्न वडामा सिचाई बिद्युतिकरण	नेपाल बिधुत प्राधिकरण, ईनरुवा बितरण केन्द्र, सुनसरी	४५००००००
२.	गाउँपालिका पूँजिगत	विभिन्न वडामा सिचाई बिद्युतिकरण	नेपाल बिधुत प्राधिकरण, ईनरुवा बितरण केन्द्र, सुनसरी	१५००००००
			जम्मा	**६००००००००**

प्रमाण पेश नगरेको	६,००,००,०००

७१ **पम्पसेट अनुदान:**- (१४५-२०८१-११-२९):

बाली विकास तथा रेथाने बाली प्रवर्द्धन सम्वन्धि कार्यक्रम अन्तर्गत क्र.स.-२० आलु उत्पादन कार्यक्रम र सि. नं.-२५ धान/मकै/गहुँ प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि साना सिचाई र अन्य पूर्वाधार निर्माण तथा यान्त्रिकरण सहयोग (धान/गहुँ/मकै बालीमा) कार्यक्रममा प्रयोग गरिने विभिन्न उपकरण खरिद र भाडा बापत ५० प्रतिशतमात्र कृषकलाई अनुदान दिन मिल्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न कृषकहरुलाई पानी तान्ने पम्प र सोमा लाग्ने अन्य उपकरण ८० प्रतिशत अनुदानमा बितरण गरेको पाइयो । यसरी कार्यबिधिमा तोकिएको सिमाभन्दा बढी अनुदान भुक्तानी गर्नु नियमसम्मत देखिएन । यसरी बढी अनुदान दिएको रकम रु. १८,८५,२२१।- असुल हुनुपर्दछ । रु.

क्र.स.	गो.भौ./ मिति	खरिद गरिएको सामानको बिवरण	सप्लाईकर्ता फर्मको नाम	बिजक नं./मिति	खरिद परिमाण (सेट)	भुक्तानी दर रु.	कुल भुक्तानी रकम	कार्यालयको अनुदान (८०%)	कार्यालयले ब्यहोर्नुपर्ने अनुदान (५०%)	बढी अनुदान (३०%)
१.	१४५। ०८०। ११।२९	२ एच.पी. मोटर तथा पाईप फिटिङ्ग सेट	आदित्य ट्रेडिङ्ग हाउस, नेपालगञ्ज	२९३। ०८०। ३।२०	१८	३३४९८। ६१	६०२९७५	४८२३८०	३०१४८८	१८०८९३
२.	१४५। ०८०। ११।२९	२ एच.पी. मोटर तथा पाईप फिटिङ्ग सेट	आदित्य ट्रेडिङ्ग हाउस, नेपालगञ्ज	२७३। ०८०। ३।१७	६९	१७९२१। ८०	१२३६६०४	९८९२८३	६१८३०२	३७०९८१
३.	१४५। ०८०। ११।२९	२ एच.पी. मोटर तथा पाईप फिटिङ्ग सेट	आदित्य ट्रेडिङ्ग हाउस, नेपालगञ्ज	२७४। ०८०। ३।१७	६४	१७९२१। १७	११४६९५५	९१७५६४	५७३४७८	३४४०८७
४.	१४५। ०८०। ११।२९	२ एच.पी. मोटर तथा पाईप फिटिङ्ग सेट	केयर ट्रेड सेन्टर, नरैनापुर, बाँके	२२५। ०८०। ३।२०	३३	२५६८५	८४७६०२	६७८०८२	४२३८०१	२५४२८१
५.	१४८। ०८०। १२।६ १८०। ०८१। १२।६	२ एच.पी. मोटर तथा पाईप फिटिङ्ग सेट	श्री गणेश सप्लायर्स, बिराटनगर	८०९। ०८०। ११।१६	१००	२४५००	२४५००००	१९६००००	१२२५०००	७३५०००
				जम्मा	**२८४**		**६२८४१७५**	**५०२७३०९**	**३१४२०८८**	**१८८५२२१**

असुल गर्नुपर्ने	१८,८५,२४२

७२ **ठेक्का बिलभन्दा बढी भुक्तानी:-** (३२।०८०।५।१९-२०८०-५-१९):

पालिका अन्तर्गत सञ्चालित आधारभूत स्वास्थ्य केन्द्र निर्माण कार्यको भुक्तानी उपभोक्ता समितिलाई गर्दा अन्तिम बिलको स्वीकृत रकमभन्दा बढी भुक्तानी गरेको पाइयो । अन्तिम बिलबाट भुक्तानी हुनपर्ने रकम रु. ९,८९,३६३।६५ (अपभोक्ता समितिको अंश सहित) भएकोमा रु.११,२८,६५७।- भुक्तानी भएको पाइयो । यसरी खुद भएको कार्यभन्दा बढी भुक्तानी भएको रु. १,३९,२९३।३५ मा करकट्टी पछि खुद बढी भुक्तानी भएको रकम रु. १,३७,८०३।- सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	१,३७,८०३

७३ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस

कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष पालिकालाई ७९ जना श्रमिकलाई रोजगार सृजना गर्न नेपाल सरकारबाट रु. २७,५०,०००।- र विश्व बैंकबाट रु. २५,४४,०००।- गरी जम्मा रु. ५२,९४,०००।- प्राप्त भएको छ । पालिका अन्तर्गत रहेका ७ वटा वडाहरुमध्ये ५ वटा वडाहरुमा १७ योजना सञ्चालन गरी यस वर्ष ९२० जना सूचीकृत बेरोजगार श्रमिकहरुमध्ये १४४ जनालाई औसत ५४ दिनले ७,७१८ दिन रोजगारी उपलव्ध गराई प्रतिदिन रु.६६८ का दरले रु. ५१,५५,६२४ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७४ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम**

७४.१ **तालिमः** गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा १७ अनुसार पालिकाले यस आ.व.मा १५ जना नयाँ उद्यमी सृजना गर्न र २० जना उद्यमीलाई स्तरोन्नति सम्बन्धी सीप विकास तालिम संञ्चालन गर्नको लागि (नयाँ उद्यमशिलता विकास तालिममा रु.६०,०००।-, प्राविधिक सीप विकास तालिममा रु.२,९७,०००।-, एड्भान्स सीप विकास तालिमको लागि रु.१,९८,०००।-) रु.५,५५,०००।- बजेट व्यवस्थापन गरी १५ जना नयाँ उद्यमीलाई २ महिने सिलाईकटाई{ तालिम, स्तरोन्नतितर्फ २० जनालाई ३० दिने एडभान्स सिलाईकटाई सिप विकास तालिम दिएको जनाएको छ । सञ्चालित तालिमबाट लाभान्वित भएका उद्यमीहरुले आर्जन गरेका ज्ञान, सीप, अनुभव र प्रदान गरिएको प्रविधिबमोजिमको व्यवसाय तथा रोजगार प्राप्त गर्ने नगर्ने सम्बन्धमा कार्यक्रमको प्रभावकारिताको लेखाजोखा पालिकाबाट हुनुपर्ने देखिन्छ ।

क्र.सं.	तालिमको नाम	वडा नं.	तालिम संचालन दिन	लक्ष्य संख्या	तालिममा सहभागी भएको संख्या	खर्च रकम
	नयाँ उद्यमी सिर्जननतर्फ					
१.	उद्यमशिलता विकास तालिम	६	८	१५	१५	६००००
२.	सिलाइकटाइ सिप विकास{ तालिम	६	६०	१५	१५	२९७०००
	जम्मा					
	स्तरोन्नति तर्फ					
३.	सिलाइकटाइ { सिप विकास तालिम	३	३०	२०	२०	१९८०००
	जम्मा			५०	५०	५५५०००

यस सम्बन्धी देखिएका थप व्यहोराः

७४.२ **कार्यसम्पन्न प्रतिवेदनः** १८६-०८१।३।१७ पालिकाले यस वर्ष १५ जना नयाँ उद्यमी सिर्जना गर्नको लागि १ महिने सिलाईकटाइ तालिम, ५० जनालाई ५ दिने सामाजिक परिचालन तालिम, १५ जनालाई ८ दिने उद्यमशिलता तालिम, २५ जनालाई १/१ दिने लघु वित्तमा पहुँच र वस्तु र सेवाको बजारीकण तथा व्यवस्थापन परामर्श तालिम सञ्चालन गर्नको लागि पालिका र गौरीभक्त मल्टि टेक्निकल कलेज (६०५९६८०४४)सँग सम्झौता भई सम्झौताबमोजिम रु.३,५७,०००।– भुक्तानी भएको देखियो । तर उक्त तालिमहरुमा सहभागी हुने उद्यमीको नामावली सूची पालिकाले तयार गरी राखेको पाइएन । तालिम सञ्चालन गर्दा कति जनालाई सहभागी गरी तालिम दिएको हो सो विवरण खुल्ने हाजरी संलग्न भएको नदेखिएकोले तालिममा सहभागी भई हाजिरी भएको प्रमाण सहित कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	३,५७,०००

७४.३ **तालिमको प्रभावकारिताः** १८५-०८१।३।१७ पालिकाले यस वर्ष २० जना नयाँ उद्यमी सिर्जना गर्नको लागि १ महिने सिलाईकटाइ तालिम सञ्चालन गर्नको लागि पालिका र सोनाली मल्टीप्रपोज एण्ड ड्राइभिङ्ग स्कूल (६१०४०६७१५)बीच मिति २०८० चैत्र १४ मा सम्झौता भई रु.१,९८,०००।- भुक्तानी भएको छ । तालिम दिने संस्थाको स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र अनुसार ड्राइभिङ्ग सम्बन्धी अटोमोबाइलको प्रशिक्षण क्रियाकलापहरु, अन्यन्त्र उल्लेख नगरिएका अन्य शैक्षिक कार्यक्रमहरु, कम्प्यूटर तालिम र अन्य प्राविधिक परामर्श सम्बन्धी कारोबार गर्न पाउने उल्लेख छ । उल्लिखित कारोबारभित्र सिलाईकटाई तालिम सञ्चालन गर्न पाउने नपाउने सम्बन्धमा पालिकाबाट यकिन भएको पाइएन । सहभागीको उपस्थितिमा एकै दिन हाजिरी गरेको जस्तो देखिने प्रमाण पेश गरेको देखियो । आगामी दिनमा पालिकाले सञ्चालिन हुने तालिमको हाजिरी अनुसार सहभागीको दैनिक रूपमा भौतिक रुपमा उपस्थिति भए नभएको यकिन गरी तालिमको प्रभावकारिताको आकलन गर्ने गराउने गरिनु पर्दछ ।

७५ **अन्य कार्यालयको खर्चः**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनामा मात्र खर्च गर्नु पर्दछ । स्थानिय निकायका लागि बित्तिय सामान्यीकरण अनुदान बापत केन्द्र सरकारबाट प्राप्त रकम छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन । कार्यालयले विभिन्न सरकारी कार्यालयको भवन निर्माण,मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत भुक्तानी दिने गरेको पाइयो । यसरी सार्वजनिक निर्माण,अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था श्रृजना भएमा आफ्नो आन्तरिक स्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाइएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिना समेत हुन सक्ने हुँदा यस्तो खर्चमा नियन्त्रण भएको प्रमाण सहित नियमित हुनु पर्दछ ।

क्र.स.	ब.उ.शि.नं.	गो. भौ./ मिति	फर्मको नाम	भुक्तानी पाउने कार्यालय/संस्थाको नाम	प्रयोजन/कामको बिवरण	भुक्तानी रकम	कैफियत
१.	गाउँपालिका पूँजिगत	१७०। ०८९।१। १७	आर.के. उद्योग, बिराटनगर र अन्य भरपाईहरु	अस्थायी प्रहरी चौकी, राजगञ्ज	अस्थायी प्रहरी चौकी घेराबार	४६८४१	
२.	गाउँपालिका पूँजिगत	१३५। ०८०। ११।१४	हिमाली स-मिल, सुनसरी	ईलाका प्रहरी कार्यालय, देवानगञ्ज	फर्निचर खरिद	२४८६००	जिल्ला प्रहरी कार्यालयमा दाखिला नभएको
३.	गाउँपालिका पूँजिगत	१३०। ०८०। ११।२	श्री गणेश ईन्टरप्राईजेज, सुनसरी	ईलाका प्रहरी कार्यालय, साहेबगञ्ज	फर्निचर खरिद	४१०७४	जिल्ला प्रहरी कार्यालयमा दाखिला नभएको
४.	गाउँपालिका पूँजिगत	११६। ०८०।९। २६	CGDigital, Biratnagar	प्रदेश प्रहरी कार्यालय, बिराटनगर	एल.जी. ७५ ईन्च एल. ई.डी. टि.भी.	२४५०१७	पाम्समा दाखिला नभएको
४.	गाउँपालिका पूँजिगत	७५। ०८०।८। ५	बजरंग हार्डवेयर एण्ड ट्रेडर्स, सुनसरी	साबिक-३, ईलाका प्रहरी कार्यालय परिसरमा रहेको दुर्गा मन्दिरमा रंङ्ग रोगन	प्रहरी कार्यालय परिसरमा रहेको दुर्गा मन्दिरमा रंङ्ग रोगन	१४७०४७	
					जम्मा	**७२८५७९**	

अनियमित भएको	७,२८,५७९

७६ **अनुगमन भत्ताः**

गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ (क) मा गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षलाई मासिक रु.१०,०००।- का दरले अनुगमन भत्ता खर्च लेख्न सकिने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम पालिकाले पदाधिकारीरुलाई मासिक रुपमा त्यस्तो सुविधाको रकम उपलब्ध गराएको अवस्थामा पनि नमुनाको रुपमा छनौट गरी परीक्षण गर्दा निम्नानुसारका कार्यक्रमको अनुगमन गरेबापत अनुगमन भत्ता लिएको देखियो । यसरी भुक्तानी भएको रकम दोहोरो परेको देखिएकोले सम्बन्धितबाट असुल हुनुपर्दछ ।

गो. भौ . नं . / मिति	भुक्तानी पाउने पदनाम	कार्यक्रम	अनुगमन मिति	भुक्तानी दर	बढी भएको करकट्टि पछिको रकम
२०१-०८१।३।२१	अध्यक्ष बेचन प्रसाद मेहता	तरकारी बाली पकेट विकास कार्यक्रमको अनुगमन	२०८१ जेठ २७ देखि असार ६ गतेसम्म १० दिन	१०००	८५००
"	उपाध्यक्ष कुमारी विभा यादव	"	"	१०००	८५००
२२७-०८१।३।२३	अध्यक्ष बेचन प्रसाद मेहता	सुनौलो हजार दिनका आमाहरुलाई कुखुरा तथा बाख्रा पालन सम्बन्धी तालिमको अनुगमन	२०८१।३।७, १० र १२ गतेसम्म ३ दिन	१०००	२५५०
१५५-०८१।२।२४	अध्यक्ष बेचन प्रसाद मेहता	खाद्यान्न बालीको उन्नत बीउ उपयोग कार्यक्रमको अनुगमन	०८०।७।१९ देखि ०८१।२।२२ सम्म १६ दिन	१०००	१३६००
१५५-०८१।२।२४	उपाध्यक्ष कुमारी विभा यादव	"	०८०।७।१९ देखि ०८१।२।२२ सम्म १६ दिन	१०००	१३६००
		जम्मा			४६७५०

असुल गर्नुपर्ने	४६,७५०

७७ **परामर्शदाता मार्फत तालिम तथा कार्यक्रमः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखिकरण, सवलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराँउदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्रवाह गर्न सक्ने उल्लेख छ । त्यसैगरी सोहो ऐनको दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले पालिकाकै शाखागत जनशक्तिबाट कार्य गराउन सकिने शिक्षा, स्वास्थ्य, कृषि जस्ता विषयगत तालिम समेत निम्नानुसारका संस्थामार्फत गराएको देखियो । सञ्चालित तालिमको आवश्यकता पहिचान, प्रशिक्षार्थी तथा लाभग्राही छनौटको आधार तथा विधि, तालिममा सहभागी हुने सहभागीको संख्या किटान नगरी सोझै संस्थासँग सम्झौता गरी तालिम संचालन गराई भुक्तानी दिएको देखियो । तालिम कार्यक्रम स्वीकृत गर्नुपूर्व तालिमको आवश्यकता पहिचान, विगत वर्षमा संचालित तालिको प्रभावकारिता मूल्यांकन र अभिलेख अद्यावधिक, स्वीकृत तालिमको लाभग्राही छनौटको मापदण्ड र तालिम प्रदायक संस्था छनौट सम्बन्धमा कार्यक्षेत्रगत शर्त तयार नगरी विषयगत शाखाबाट गर्न सकिने तालिम परामर्शदातामार्फत गराइनु नियमसम्मत देखिएन । यस विषयमा विगत वर्षमा समेत सुझाव औल्याएकोमा पालिकाले सुधार गरेको नदेखिएकोले यसरी तालिम सञ्चालिन गरिनुको कारण र औचित्य पुष्ट्याई सहित खर्च रकम नियमित हुनुपर्दछ ।

ब.उ.शी.नं.	गो भ नं/मिति	कार्यक्रम/ तालिमको नाम	संस्थाको नाम	रकम	कैफियत
पालिका चालु	३०४/९।२६	सार्वजनिक सुनुवाइ कार्यक्रम	एडमिक मिडीया नेटवर्क प्रा लि	२९५०००	एकमुष्ट भ्याट विल पेश भएको तर खर्चको पुष्ट्याई गर्ने गरि संझौता बमोजिमको विल भर्पाइ पेश नभएको
पालिका चालु	५११/१२।२८	गाउँपालिकाको Village Profile निर्माण	साउथ एसियन टुरिजम एडभाइजर्स एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि	४४०७००	
पालिका चालु	४१४/११।२०	सामाजिक परीक्षण	जजन्युज मिडिया प्रा लि इनरुवा	१९५०००	एकमुष्ट भ्याट विल पेश भएको तर खर्चको पुष्ट्याई गर्ने गरि संझौता बमोजिमको विल भर्पाइ पेश नभएको साथै सार्वजनिक परीक्षणको बजेटबाट सामाजिक परीक्षण कार्य गराएको
पालिका चालु	५१४/१।४	सातै वडामा सिलाई कटाई कार्यक्रम	क्यारिफोर मल्टिपर्पोज प्रा.लि	४९५०००	२०८०।१०।२४-२०८०।१२।१ सम्म संचालित ३० दिने वडा नं २ को सभाहलमा संचालित
पालिका चालु	५१३/१।३	सातै वडामा सिलाई कटाई कार्यक्रम	सोनाली मल्टिपर्पोज एण्ड ड्राइभिङ्ग स्कुल	१९७०००	२०८०।१०।२४-२०८०।१२।५ सम्म संचालित ४५ दिने उक्त तालिम दाताको कार्यक्षेत्र भन्दा बाहिरको तालिम भएको
पालिका चालु	६१०/२।२४	नागरिक सन्तुस्टी सर्भेक्षण कार्यक्रम	भुमिका विकास समाज देवानगंज	१४६७००	
पालिका चालु	२३/२।२४	मेलमिलाप कर्ताको पुनर्ताजगि तालिम(गा पा चालू न्यायिक समिति)	जजन्युज मिडिया प्रा. लि. (६०१०४२३३३६)	१४५०००	कार्य सम्पन्न प्रतिवेदनमा संझौता बमोजिमको खर्च भए नभएको पुष्ट गर्ने गरी खर्च विवरण पेश नभएको
पालिका चालु	५१४/१।३	सातै वडामा सिलाई कटाई कार्यक्रम	क्यारिफोर मल्टिपर्पोज प्रा.लि.	४९५०००	
पालिका चालु	२०५/८।१७	युवाहरुलाई सीपमूलक कार्यक्रम	अभियान ब्रोडकास्टिङ नेटवर्क प्रा लि सुनसरी	१५००००	पालिकाको शिक्षा तथा उद्यम विकास शाखाबाट गर्नुपर्ने र गर्न सकिने कार्य नाफामूलक संस्थाबाट गराएको
पालिका चालु	३५१/१०।१६	महिलाहरुका लागि सिपमूलक तालिम	ग्रामिण समुदाय केन्द्र	१०००००	पालिकाको कृषि शाखाबाट गर्न सकिने कार्य नाफामूलक संस्थाबाट गराएको
पालिका चालु	२८/२।२२	शिक्षकहरुलाई नयाँ पाठ्यपुस्तक सम्बन्धी तालिम (पालिका शिक्षा चालू)	शुभम टेक्निकल इन्स्टिच्युट प्रा लि	२४७६९६	कार्य सम्पन्न प्रतिवेदनमा संझौता बमोजिमको खर्च भए नभएको पुष्ट गर्ने गरी खर्च विवरण पेश नभएको
पालिका चालु	३१/३।२१	बाल विकास सहजकर्ताको अभिमुखिकरण कार्यक्रम पालिका शिक्षा चालू)	शुभम टेक्निकल इन्स्टिच्युट प्रा लि	९१६०९	कार्य सम्पन्न प्रतिवेदनमा संझौता बमोजिमको खर्च भए नभएको पुष्ट गर्ने गरी खर्च विवरण पेश नभएको
सशर्त चालु	२०३-०८१।३।२१	बहुक्षेत्रीय पोषण विशेष कार्यक्रम	यस शुभम टेक्निकल इन्स्टिच्युट प्रा. लि. (६०६८१५२२०)	९९८९२	विद्यालयका विद्यार्थीहरुलाई व्यक्तिगत सरसफाइ तथा हात धुने तरिका अभिमुखीकरण कार्यक्रम ।

					सम्झौतामा कति विद्यालयको कति विद्यार्थीलाई कति दिन सिकाउने हो सो व्यहोरा नखुलाएको ।
सशर्त चालु	२२६-०८१।३।२३	बहुक्षेत्रीय पोषण विशेष कार्यक्रम	एक्सपर्ट टेक्निकल कलेज नेपाल प्रा.लि. (६०१८७८३४१)	८९९४८	सरोकारवालाहरुलाई पोषण तथा सरसफाई सम्बन्धी अभिमुखी कार्यक्रम, कति जनालाई दिने सरोकारवाला को को हुन स्पष्ट नगरी सम्झौता
सशर्त चालु	१२९-०८१।१।३	बहुक्षेत्रीय पोषण विशेष कार्यक्रम	न्यू कोशी रिसर्च सेन्टर प्रा. लि.(६१०४८३४९५)	३९६९००	पालिकाको ३० जनालाई १५ दिने सुनौलो हजार दिनका महिला तथा तिनका परिवारका सदस्यहरुलाई एकीकृत पोषण सम्बन्धी तालिम दिन भनी सम्झौता गरी कार्य गरेको । सुनौलो हजार दिनका महिला कति छन सोको यकिन तथ्यांक नलिई तालिम लिने महिलाको नामावली बेगर सम्झौता गरेको ।
सशर्त चालु	१५०-०८१।२।२१	शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण	एब्सुलुट टेक्निकल इन्स्टिच्युट एण्ड रिसर्च सेन्टर प्रा.लि. (६०९८९६१४९)	४९८७८२	शिक्षकहरुको पेशागत विकासका लागि पाठ्यक्रम प्रबोधीकरण सम्बन्धी कार्यक्रम (कक्षा ५, ८ र १०) लाई २०८१ बैशाख २८ र २९ गते सञ्चालन गरेको भनी भुक्तानी गरेको तर सहभागी हुने शिक्षकको नामावलीको सूची बेगर नै सम्झौता ।
सशर्त चालु	१६०-०८१।३।७	लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण	एक्सपर्ट टेक्निकल कलेज नेपाल प्रा.लि. (६०१८७८३४१)	३५००००	एकीकृत पाठ्यक्रम सम्बन्धी कष्टमाइज तालिम । कति जना शिक्षकलाई दिनुपर्ने संख्या यकिन नगरी सम्झौता । असार २,३ र ४ गते कार्य गरेको २९ जना शिक्षक सहभागी भएको । शिक्षक मनोनायन गरी पठाएको पत्र नभएको ।
	जम्मा			४४३४२२७	

अनियमित भएको	४४,३४,२२७

७८ **भरपाई पेश हुनुपर्नेः** (५१-२०८१-३-२२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले विभिन्न लाभान्वित समुहलाई बितरणका लागि १८३ थान ईन्भर्टर चुलो खरिद गरी रु. ७,९८,९८०।- भुक्तानी गरेको पाइयो । पालिकाले लेखापरीक्षण अवधिसम्म सम्बन्धित ब्यक्तिहरुलाई बितरण गरेको भरपाई पेश भएन । पालिकाबाट बितरण गरेको प्रमाण पेश हुनु पर्दछ अन्यथा असुल हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	७,९८,९८०

७९ **पदाधिकारीको चाड पर्व खर्चः** ((१३१-२०८०-७-१):

गाउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(४) मा चाडपर्व खर्चको हकमा बर्षमा एक पटक सम्बन्धित स्थानीय तहको आन्तरिक राजस्व र आम्दानीलाई विचार गरि गाउँपालिकाको सदस्यले रु. दश हजारमा नबढ्ने गरी सभाले स्वीकृत गरेको बजेटको सिमा भित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिम चाडपर्व खर्च पाउने व्यवस्था छ । पालिकाले यस वर्ष तपशिल बमोजिमका ३९ जना पदाधिकारीहरुलाई चाडपर्व बापत रु. २५००० का दरले भुक्तानी गरेको देखियो । ऐनको प्रावधान विपरित प्रति व्यक्ति रु १५,०००/-का दरले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

क्र सं	पदाधिकारीको नाम तथा पद	भुक्तानी रकम	भुक्तानी हुनुपर्ने रकम	बढी भुक्तानी	१% सा.सु. कर कट्टी पछिको असुल गर्नुपर्ने रकम
१	अनिल कुमार भगत	२५०००	१००००	१५०००	१४८५०
२	अर्जुन मेहता वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
३	उषा देवी यादव कार्यापालिका सदस्य	२५०००	१००००	१५०००	१४८५०
४	ओमप्रकाश मेहता वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
५	कमलेश यादव वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
६	कुमारी विभा यादव उपाध्यक्ष	२५०००	१००००	१५०००	१४८५०
७	किशोर कुमार पाल	२५०००	१००००	१५०००	१४८५०
८	चन्द्रलाल उराँव वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
९	छुतहरु पासवान वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
१०	जग नारायण मेहता	२५०००	१००००	१५०००	१४८५०
११	दिनानाथ साह वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
१२	नरेश कुमार पाल गडेरी वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
१३	पुनम कुमारी यादव वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
१४	प्रमानन्द गडेरी वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
१५	परशुराम यादव वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
१६	बेचन प्रसाद मेहता पालिका अध्यक्ष	२५०००	१००००	१५०००	१४८५०
१७	बुलन्ती देवी रिषिदेव वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
१८	मनोज कुमार भगत का पा सदस्य	२५०००	१००००	१५०००	१४८५०
१९	मनोज कुमार मण्डल	२५०००	१००००	१५०००	१४८५०
२०	ममता देवी यादव वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
२१	रुणा देवी दास कार्यापालिका सदस्य	२५०००	१००००	१५०००	१४८५०
२२	रमेन्द्र मेहता वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
२३	रसुल मियाँ वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
२४	राम कुमार भगत वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
२५	राम बहादुर महतो वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
२६	रामसती देवी तत्मा	२५०००	१००००	१५०००	१४८५०
२७	रिता कुमारी मण्डल	२५०००	१००००	१५०००	१४८५०
२८	लजिना खातुन वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
२९	लडडवती देवी दास वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
३०	विजय प्रसाद यादव वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०

३१	सुनिता कुमारी रिषिदेव वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
३२	सुनिता देवी यादव कार्यापालिका सदस्य	२५०००	१००००	१५०००	१४८५०
३३	सुनिता देवी यादव वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
३४	सम्तुलिया देवी बाँतर का पा सदस्य	२५०००	१००००	१५०००	१४८५०
३५	सुर्य नारायण पाल	२५०००	१००००	१५०००	१४८५०
३६	सुर्य नारायण यादव	२५०००	१००००	१५०००	१४८५०
३७	सरिता कुमारी सरदार वडा सदस्य	२५०००	१००००	१५०००	१४८५०
३८	सुशिल कुमार मेहता	२५०००	१००००	१५०००	१४८५०
३९	हरिनन्दन मेहता	२५०००	१००००	१५०००	१४८५०
जम्मा		९७५०००	३९००००	५८५०००	५७९१५०

असुल गर्नुपर्ने	५,७९,१५०

८० **यातायात सुविधा सम्बन्धमाः**

गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ७ (२) मा नगरपालिकाको उपप्रमुख तथा गाउपालिकाको अध्यक्ष र उपाध्यक्षको हकमा सम्बन्धी स्थानीय तहको आवस्यकता, आन्तरिक राजस्वको परिचालनको अवस्था समेतलाई ध्यान दिइ सम्बन्धित कार्यपालिकाको निर्णय बमोजिम एक एक वटा हलुका सवारी साधन उपलब्ध गराउन सक्ने व्यवस्था छ । त्यसरी सवारी साधन उपलब्ध गराउन नसकेमा सोही ऐनको अनुसूची १ (क) मा उल्लेख भए बमोजिम गाउपालिकाका अध्यक्ष तथा उपाध्यक्षलाई मासिक रु १०,००० र वडाध्यक्षलाई मासिक रु ४००० का दरले यातायात भत्ता खर्च लेख्न सकिने व्यवस्था छ। सोही प्रावधान बमोजिम पालिकाले पनि अनुसूची १ (क) मा उल्लेख भए बमोजिमको यातायात खर्च बापतको सुविधा पालिकाका पदाधिकारीरुलाई मासिक रुपमा उपलब्ध गराउदै आएको छ । पालिकाबाट उपलब्ध भएको अभिलेख अनुसार देहायका पदाधिकारीहरुले पालिकाबाट उपलब्ध गराएका सवारी साधनको प्रयोग गरे पश्चात पनि पुनः यातायात भत्ता लिएको देखियो । यसरी दोहोरो सुविधा लिन पाउने व्यवस्था नभएकोले भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

सि नं	पद	नाम	दर	१२ महिनाको भुक्तानी रकम	कर रकम घटाइ असुल गर्नुपर्ने रकम	कैफियत
१	उपाध्यक्ष	कुमारी विभा यादव	१००००	१२००००	११८८००	प्र.१-२-००१ब ३५२५ न
२	वडाध्यक्ष वडा नं १	सुर्यनारायण पाल	४०००	४८०००	४७५२०	को १ ब २१५१
३	वडाध्यक्ष वडा नं ३	अनिल कुमार भगत	४०००	४८०००	४७५२०	को १ ब १३२८
४	वडाध्यक्ष वडा नं ४	सुसिल कुमार मेहता	४०००	४८०००	४७५२०	को १ ब १३२३
५	वडाध्यक्ष वडा नं ५	मनोज कुमार मण्डल	४०००	४८०००	४७५२०	को १ ब १३२९
६	वडाध्यक्ष वडा नं ६	हरिनन्दन मेहता	४०००	४८०००	४७५२०	को १ ब १३२२
७	वडाध्यक्ष वडा नं ७	सुर्यनारायण यादव	४०००	४८०००	४७५२०	को १ ब १३२५
	जम्मा			४०८,०००	४०३९२०	

असुल गर्नुपर्ने	४,०३,९२०

८१ **भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कार्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था छ । प्रमुख प्रशासकीय अधिकृत श्री रामराज पौडेलको भ्रमण विलमा मिति २०८०।७।१३-२०८०।७।२३ सम्म देवानगंजबाट विराटनगरहुँदै काठमाण्डौ र त्यहाँबाट पोखरा तथा चितवनका विभिन्न स्थान हुँदै देवानगंज फिर्ता हुँदा लागेको भ्रमण खर्च रु ३७,७०० भुक्तानी भएको छ । भ्रमणको उद्देश्यमा काठमाण्डौमा विभिन्न मन्त्रालयमा र भारतीय दुताबासमा कामकाज भएको देखाएकोमा मन्त्रालय तथा उक्त दुतावाससंग सम्बन्धित कुनै पनि कार्य एवं संलग्नताको प्रमाण पेश भएको छैन । भ्रमण आदेश नं. २१४ बाट काठमाण्डौ र पोखराको लागि भ्रमण स्वीकृत गराएकोमा भ्रमण प्रतिवेदनमा पोखरामा कार्यालयसँग सम्बन्धित कुनै पनि कार्य रहेको तथा भएको देखिन्दैन । यसैगरी पोखरादेखि चितवन र चितवनदेखि देवानगंजसम्म रु.५००० का दरले स्कार्पियो भाडाबापत भुक्तानी भएको रु १०,००० पुष्ट्याइगर्ने कागजात तथा रिजर्भ गर्नुपर्ने प्रयोजन समेत देखिएन । यसरी नितान्त व्यक्तिगत भ्रमण जस्तो देखिने खर्चमा सार्वजिनिक कोषको प्रयोग गरिनु कानूनसम्मत नभएकोले निज रामराज पौडेलबाट असुल गरी गाउँपालिकाको संचित कोषमा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३७,७००

८२ **सूचना प्रकाशन सम्बन्धमाः**

विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को निर्देशन नं ४५ मा विद्युतीय खरिद प्रणाली मार्फत वोलपत्र आह्वान गरिएको अवस्थामा बोलपत्र खरिद प्रकृयासँग सम्बन्धित कुनै पनि सूचना अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन भन्ने व्यहोरा उल्लेख छ । नमुना परीक्षणको क्रममा पालिकाले यस वर्ष विद्युतीय बोलपत्रका एउटै सूचना राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत प्रकाशन गरी रु ११०२२५ रकम खर्चिएको छ । यस्ता खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।

सि नं	गोभौनं/ मिति	प्यान नं	खर्च शीर्षक	भुक्तानी पाउने	कामको विवरण	खर्च रकम
१	६०६/२।२४	६०४३१४८२४	पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च	इस्टर्न एडभर्टाइजिङ प्रा लि	Invitation for bid	११०२२५

८३ **संझौता बमोजिम कार्य नभएकोः** (६०१-२०८१-२-२३):

गाउपालिकाले मानवअधिकार सम्बन्धी कार्यक्रम शीर्षकाबाट डि एन नेपाल बहुउद्देशीय प्रा लि संग संझौता गरि उक्त कार्यक्रम सम्पन्न पश्चात रु.१९७,५०५/- भुक्तानी गरेको छ ।संझौता बमोजिम कार्य सम्पन्न गर्नुपर्ने मिति २०८१।१।७ भएता पनि उक्त समयमा हिन्दु मुस्लिम द्वन्द्वको कारणले कार्य सम्पन्न गर्न नसकी म्याद थपको लागि पेश भएको निवेदनका आधारमा २०८१।१।१८ सम्म म्याद थप भएको देखिन्छ ।लेखापरीक्षणको समयमा पेश भएको कागजात परीक्षण गर्दा २०८१।२।४ मा मात्र कार्यसम्पन्न भएको देखियो । यसरी म्याद थप पस्चात पनि समयमै कार्य सम्पन्न नभएको तर संझौता बमोजिम पुरै भुक्तानी भएको छ । अत संझौता बमोजिम कार्य नहुदा नहुदै पनि पुरै रकम भुक्तानी भएको देखिन्छ । यस्तो रकम पालिकाबाट नियमित हुनुपर्दछ ।

अनियमित भएको	१,९७,५०५

८४ **बिल भर्पाई र निर्णय वेगर खर्चः** (७२-२०८०-६-२३):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । देवानगञ्ज गाउपालिका वडा नं ५ ले वडाको बजेटबाट वडा समितिको निर्णय बेगर ग्रिन ल्याण्ड कलेज विराटनगरमा आइ.एस.सी.मा अध्ययनरत छात्रा रिया कुमारी यादवलाई जेहेन्दार विद्यार्थी भनी कलेजको शुल्क तथा खर्चको विल भर्पाइ बेगर नै रु २१,०००/- उपलब्ध गराएको छ । यस्ता खर्चमा सुधार तथा नियन्त्रण हुनुपर्दछ ।

८५ **Software खरिद सम्बन्धमाः** (९२-२०८०-६-२६):

कुनैपनि सरकारी निकायले software खरिद गर्दा सूचना प्रविधि विभागसंग अनुमति लिनुपर्ने, त्यस्तो प्रणालीको सुरक्षा अडिट गराउनु पर्ने तथा सरकारी क्लाउड रिसोर्स उपलब्धताका लागि अनुरोध गर्नुपर्ने कानुनी प्रावधान छ । पालिकाले यस बर्ष सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली(PAMS) को खरिद सहयोगी सफ्टवेयर नामक software रु.१६९,५०० मा खरिद गरि प्रयोगमा ल्याएको देखिन्छ । यसको बार्षिक सपोर्ट तथा नवीकरण शुल्क बापत मु अ कर बाहेक रु २५००० पालिकाले तिर्नुपर्ने संझौतामा उल्लेख गरिएको छ । पालिकाले खरिद गरेको उक्त software को लागत अनुमान तयार गर्दा विश्वासनीय आधार नलिई गौतम इन्टरप्राइजेज नामक संस्थाबाट खरिद गरिएको उक्त software संचालन सम्बन्धमा पालिकाले सूचना प्रविधि विभागसंग अनुमति लिएको, त्यस्तो प्रणालीको सुरक्षा अडिट गराएको तथा सरकारी क्लाउड रिसोर्स उपलब्धताका लागि अनुरोध गरेको देखिएन । तसर्थ यसरी कानुनी प्रावधान पूरानगरी संचालनमा ल्याइएको त्यस्तो सफ्टवेरको खर्च पुष्ट्याँइको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,६९,५००

८६ **परामर्श खर्च:**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र डि.पी.आर तथा परामर्श सेवा लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । डि.पी.आर. तथा अध्ययन प्रतिवेदन तयार गर्दा कार्यालयको प्राविधिक तथा विषयगत जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट पार्नुपर्दछ। पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार पाथिभरा अनुसन्धान सेवा एवं परामर्श सेवा प्रा. लि. बाट रु.४,९७,६८५/- मा लागत अनुमान तयार गरी मध्यमकालीन खर्च संरचना (२०८१/८२-२०८३/८४) निर्माण बापत रु.४,९६,४८८/१ खर्च लेखेको छ । पालिकाले आवश्यकताको पहिचानको आधारमा मात्र यस्ता विषयगत प्रतिवेदन तयार गर्ने साथै आवश्यकता बेगर प्रतिवेदन बनाउने कार्यमा निन्त्रण गर्नुपर्दछ । उक्त खर्च संरचनाको लागत अनुमान तयार गर्दा कार्यलय व्यवस्थापनबापत ६% अर्थात रू. २४८७० थप गरी तयार गरेको छ । निर्माण कार्य बाहेक अन्य परामर्श सेवामा यसरी कार्यलय व्यवस्थापन खर्च बापत अतिरिक्त रकम थप गरी लागत अनुमान तयार गर्न मिल्ने नदिएकोले कार्यसंचालन बापत भुक्तानी भएको रकम मु अ कर सहित असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	२८,१०३

८७ **असम्बन्धित क्षेत्रको खर्चः** (२३६-२०८०-९-२):

देवानगंज गाउपालिका, देवानगंज सुनसरी तथा नमो मिडिया ग्रुप एण्ड रिसर्च सेन्टर प्रा लि वीच २०८०।८।२२ मा संझौता गरी मुख्यमन्त्री स्वागत सम्मान तथा नमो अनलाइन डटकमको शुभारम्भ कार्यक्रम सम्बन्धी कार्यको लागि पालिकाले युवाहरुलाई सीपमूलक कार्यक्रम शीर्षकबाट नमो मिडिया ग्रुप एण्ड रिसर्च सेन्टर प्रा लि लाई रु १,००,००० भुक्तानी गरेको छ । पेश भएको स्रेस्ता तथा फोटो अध्ययन गर्दा उक्त कार्यक्रम नमो मिडिया ग्रुप एण्ड रिसर्च सेन्टर प्रा. लि. संग मात्र सम्बन्धित देखिएको र सो मिडिया प्रा. लि. विसुद्ध नाफामूलक संस्था रहेकोले पालिकासंग असम्बन्धित विषय तथा कार्यक्रमा केवल तोकादेशको आधारमा भएको भुक्तानीलाई नियमसम्मत मान्न सकिएन ।यसरी नियमानुसार भुक्तानी दिन निमिल्ने रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,००,०००

८८ **लोक सेवा आयोग तयारी कक्षा संचालनः** (५९४,२६-२०८१-२-२२):

पालिकाले यस बर्ष लोक सेवा आयोग तयारी कक्षा संचालन गर्नको लागि एमिटी इन्स्टिच्युट प्रा.लि.विराटनगरसँग संझौता गरेको छ । सम्झौतामा कम्तिमा ३० जना विद्यार्थी संलग्न गराई दिनको २ घण्टाको दरले ४५ दिनसम्म कक्षा संचालन गर्नुपर्ने र सो गरेबापत पालिकाबाट रु.४,९७,२००।- भुक्तानी गर्नुपर्ने सर्त उल्लेख छ । पालिकाले पेश गरेको प्रमाण कागजात परीक्षण गर्दा २४ जना मात्र विद्यार्थीले कक्षा लिएको, कक्षा लिने विद्यार्थी छनौटको आधार नखुलाएको र कुन तहको लागि कक्षा संचालन गरिएको हो सो तह खुलाएको पाइएन । साथै कक्षा संचालन गर्ने उक्त इनस्टिच्युटको संस्था दर्ताको प्रमाण पत्र तथा कार्यक्षेत्र खुल्ने कागजात पनि पेश भएन । यसरी संझौता गर्दा उल्लेख गर्नुपर्ने न्यूनतम विषय तथा शर्त पनि उल्लेख नगरी गरिनु र सम्झौतामा उल्लेख भएको शर्तबमोजिम विद्यार्थीलाई सहभागी नगराई सम्झौताबमोजिमको पूरै रकम भुक्तानी हुनु नियमसम्मत मान्न सकिएन । यस सम्बन्धमा पालिकाले खर्चको औचित्य पुष्ट्याई हुने प्रमाण सहित खर्च रकम नियमित हुनुपर्दछ ।

अनियमित भएको	४,९७,२००

८९ **एउटै कार्यक्रममा पटक पटक खर्चः**

पालिकाले नागरिक मेडिया प्रा लि लाई पालिकाको आधिकारिक सूचना तथा विज्ञापन स्थानीय भाषामा प्रसारण गर्ने प्रयोजनार्थ मिति २०८०।४।३० मा संझौता गरेको छ । संझौता बमोजिम पालिकाले मासिक रु ८५०० (भ्याट बाहेक) का दरले एक बर्ष सम्म भुक्तानी गर्नुपर्ने र उक्त मिडियाले सोही संझौता बमोजिम पालिकाका सूचना तथा संदेशहरु प्रसारण गर्नुपर्ने उल्लेख छ । संझौतामा यस्तो सूचना प्रशारण गर्दा दिनको कुन समयमा, कति पटक र कति अवधिको हुने भन्ने कुरा उल्लेख भएको देखिएन । त्यसै गरी सोही प्रयोजनका लागि दर्शन एफ एम १०१.५ मेगाहर्जसंग २०८०।४।२८ मा संझौता गरी बार्षिक रु.७,००,०००।- भुक्तानी गरेको छ । अर्कोतर्फ पालिकाले विज्ञापन तथा चेतनामूलक सन्देश प्रकाशन गर्ने प्रयोजनार्थ मिति २०८० साउन १ गते देखि २०८१ असार मसान्तसम्मका लागि ग्रामिण विकास संचार विराटनगर (६०९७२३२३६) संग मिति २०८०।४।१ मा संझौता गरी रु १,००,०००।- भुक्तानी गरेको छ । पुनः सोही प्रयोजनका लागि सम्राट मिडिया ग्रुप प्रा.लि. विराटनगर (६१०४१२५१०) संग २०८०।९।२३ देखि २०८१ असार मसान्तसम्मका लागि २०८०।९।२३ मा संझौता गरी रु ९९००० भुक्तानी गरेको छ । यसरी एउटै कार्यका लागि पटक पटक संझौता गरी भुक्तानी हुनु कानून सम्मत देखिदैन ।अतः पालिकाबाट यस्तो खर्चको औचित्य पुष्ट्याइ सहित खर्च रकम नियमित हुनुपर्दछ ।

क्र.सं.	मिडियाको नाम	सम्झौता मिति	अवधि	प्रयोजन	भुक्तानी रकम
१	ग्रामिण विकास संचार विराटनगर (६०९७२३२३६)	२०८०।४।१	२०८०।४।१-२०८१।३।मसान्त	विज्ञापन तथा चेतनामूलक सन्देश प्रकाशन गर्ने	१०००००
२	सम्राट मिडिया ग्रुप प्रा लि विराटनगर (६१०४१२५१०)	२०८०।९।२३	२०८०।९।२३-२०८१।३।मसान्त	विज्ञापन तथा चेतनामूलक सन्देश प्रकाशन गर्ने	९९०००
३	दर्शन एफ एम १०१.५ मेगाहर्ज	२०८०।४।२८	२०८०।४।१-२०८१।३।मसान्त	पालिकाले संचालन गरेको सबै कार्यक्रमको विषय समेट्नुपर्ने	७०००००
४	नागरिक मेडिया प्रा लि	२०८०।४।३०	२०८०।४।१-२०८१।३।मसान्त	पालिकाको आधिकारिक सूचना तथा विज्ञापन स्थानीय भाषामा प्रसारण गर्ने	१०२४१५
	जम्मा				१०,०१,४१५

अनियमित भएको	१०,०१,४१५

९० **सम्झौताको शर्त पूरा नगरी भुक्तानीः**

लोक सेवा आयोग तयारी कक्षा संचालन गर्नको लागि पालिका र एमिटी इन्स्टिच्युट प्रा.लि.विराटनगरसँग संझौता हुँदा सम्झौतामा कम्तिमा ३० जना विद्यार्थी संलग्न गराई दिनको २ घण्टाको दरले ४५ दिनसम्म कक्षा संचालन गर्नुपर्ने र सो गरेबापत पालिकाबाट रु.४,९७,२००।- भुक्तानी गर्नुपर्ने सर्त उल्लेख छ । एमिटी इन्स्टिच्युट प्रा.लि.विराटनगरले २४ जना विद्यार्थीलाई मात्र कक्षा दिएको देखिएकोले सम्झौताबमोजिम ६ जना विद्यार्थी सहभागी नगराई भुक्तानी भएको दामासायिले हुने रकम रु.९९,४४०।-सम्बन्धितबाट असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

असुल गर्नुपर्ने	९९,४४०

९१ **सामग्री वितरणको भर्पाइ पेश गर्नुपर्नेः** (६४०-२०८१-३-१२):

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **४९०,९८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९२ **फरक शीर्षकबाट खर्चः**

५४१/२०८१।१।१६, ५८६/२०८१।२।१७, ७२३/२०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) अनुसार कार्यालय प्रमुखले कुनै बजेट उपशीर्षकमा विनियोजित रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा वाधा पर्ने देखेमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को खर्च उपशीर्षकको मौज्दात रकमबाट खर्च गर्न सकिने र त्यस्तो खर्च भएको रकम नियम ४३ बमोजिम नियमित गराउने दायित्व खर्च गर्ने अधिकारीको हुने व्यवस्था छ । पालिकाले यस वर्ष शीर्षक विपरित गरी खर्च गरिनु पर्ने कारण नखुलाई कर्मचारीहरुको पारिश्रमिक शीर्षकबाट गुप्ता आयल स्टोरलाई इन्धन खर्च भनी रु.१३,३३,२५३/- भुक्तानी दिएको छ । यसरी शीर्षक बिपरित गरिएको खर्च रकम औचित्य पुष्ट्याई सहित नियमित हुनुपर्दछ ।

अनियमित भएको	१३,३३,२५३

संपरीक्षणबाट थप भएको बेरुजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३ अन्तर्गत ९.९ मा शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका र सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ का आधारमा समायोजन वा एकीकरण हुनुपर्ने विद्यालयमा नपर्ने सामुदायिक विद्यालयहरुलाई मात्र करार सम्झौता अनुसार कार्य सम्पादन गर्ने शर्तमा वार्षिक एकमुष्ट रु. १०,००,०००।– निकासा दिने व्यवस्था छ । यस्ता अनुदान पाउने विद्यालयको प्रधानाध्यापकले विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ को बुँदा नं. ८ मा व्यवस्था भए बमोजिम योग्यता पुगेका दुई जना शिक्षक, एक जना बालकक्षा शिक्षक र एक जना विद्यालय सहयोगीको लागि पारिश्रमिक खर्च र विद्यालय व्यवस्थापन, शैक्षिक सामग्री विकास र विद्यालय सुधार योजनामा आधारित रही शैक्षिक सुधारका लागि आवश्यक पर्ने खर्चको लागि प्रस्ताब तायार गरी बुँदा नं. ९ मा व्यवस्था भए बमोजिम विद्यालय व्यवस्थापन समितिबाट उक्त प्रस्ताव स्वीकृत गराई अनुदान रकम खर्च गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ६ विद्यालयलाई एकमुष्ट रु.६०,००,०००।- अनुदान उपलब्ध गराएको छ । उपलब्ध रकमबाट विद्यालयको प्रधानाध्यापकले खर्च गर्ने प्रस्ताव तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराएर सोही बमोजिम खर्च गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन गरेको पाइएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम विद्यालयले नियुक्त गरेको शिक्षक तथा कर्मचारीको हाजिरी सहित नियुक्ति गरेको पत्र संलग्न भएको देखिएन । कार्यविधिमा व्यवस्था भए बमोजिम खर्चको प्रस्ताव गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरेको कागजात, शिक्षक र विद्यालय सहयोगीको नियुक्ति, हाजिरी र भुक्तानी भएको भरपाइ सहितको प्रमाण पेश हुनुपर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>सिकाइ केन्द्रको नाम</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>श्री पशुपति शिक्षा मन्दिर-१</td><td>१००००००</td></tr>
<tr><td>२</td><td>श्री राजाजी आ.वि.-१</td><td>१००००००</td></tr>
<tr><td>३</td><td>श्री हरिशिव आज वि.-२</td><td>१००००००</td></tr>
<tr><td>४</td><td>श्री शिव दलित आ.वि-२</td><td>१००००००</td></tr>
<tr><td>५</td><td>श्री गणेश आ. वि.-५</td><td>१००००००</td></tr>
<tr><td>६</td><td>नवदुर्गा आ.वि.-७</td><td>१००००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६००००००</td></tr>
</table>
</td><td>६०,००,०००</td></tr>
</table>

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : देवानगञ्ज गाउँपालिका, सुनसरी , देवानगन्ज गाउँपालिका , सुनसरी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राम राज पौडेल	२०७९-५-२७	२०८१-२-३०
कार्यालय प्रमुख	सुधिर साफी	२०८१-३-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	श्री इन्द्र कुमार श्रेष्ठ	२०७८-४-१	२०८१-५-७
लेखा प्रमुख	बिन्देश्वर यादव	२०८१-६-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	इन्द्र कुमार श्रेष्ठ	२०७८-३-७	२०८१-५-७

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
९,१२३,४४४.०५	२६,५८९,५२०	७९,५४६,३४२.५	०	०	७,६५६,५४९
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१२२,९१५,८५५.५५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	६,५६९,२७०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	६,०००,०००
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१२२,३४६,५८५.५५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६५८१२५९३.४३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३३०१८२६२१	चालु खर्च	२७०६९३८५५.८८
प्रदेश सरकारबाट अनुदान	२१५०९०००	पूँजीगत खर्च	२०८२४५४५४.४२
राजश्व बाँडफाँट	८१३५१७२४.७९	वित्तीय/अन्य व्यवस्था	१८८८७९८१०.५६
आन्तरिक आय	३३५६४१६७.१		
अन्य आय	१५८२८३६१६.०९		
कुल आय	६२४८९११२८.९८	कुल खर्च	६६७८१९१२०.८६
बाँकी मौज्दात		२२८८४६०१.५५	

बेरूजु दफा ६९.३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स.	ब.उ.शि.नं.	गो.भौ./मिति	योजनाको नाम	निर्माण व्यवसायी फर्मको नाम	आईटमवाईज कार्यको बिवरण	लागत अनुमानको कार्य परिमाण (घ.मी.)	लागत अनुमानको (मू.अ.कर सहित) दर	तयार हुनुपर्ने ल.ई. (मू.अ.कर सहित) को दर	बढी हुन गएको ल.ई.	कैफियत
१.	गाउँपालिका पूँजिगत	२५९।०८१।३।२४	सडक, नाला स्तरोन्नती कार्य	सरोज कन्ष्ट्रक्सन	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	१३५	१७६५४।६६	१६४२०	१६६६६२	तराईको ईटाको साईज लम्बाई २५१´१२९´७७ mm हुने हुँदा औषतमा ३५० थान ईट्टा प्रयोग हुनुपर्नेमा ४०० ईट्टा प्रति घन मिटरमा प्रयोग भएको ईट्टाको ईट्टाको २०७९।८० को जिल्ला दररेट रु.१९+ओभरहेड १५ प्रतिशत=२१।८५ प्रति ईट्टा दरको आधारमा
२.	प्रदेश पूँजिगत	१५।०८१।३।२२	फोचोदास आधारभूतविद्यालय, सुनसरी	पंण्डित भगवती जे.भी., सुनसरी	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S(Ground Floor)	१८३.४१	१७०९२।७९	१५७२८।३१	२५०२५९	तराईको ईटाको साईज लम्बाई २५१´१२९´७७ mm हुने हुँदा औषतमा ३५० थान ईट्टा प्रयोग हुनुपर्नेमा ४०० ईट्टा प्रति घन मिटरमा प्रयोग भएको ईट्टाको ईट्टाको २०८०।८१ को जिल्ला दररेट रु.२१+ओभरहेड १५ प्रतिशत=२४।१५ प्रति ईट्टा दरको आधारमा
								जम्मा	**४१६९२१**	

बेरूजु दफा ६९.४ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र.स.	ठेक्का नं.	योजनाको नाम	निर्माणव्यवसायीको नाम	सुरु लागत अनुमानरकम (पि.एस. र मू.अ.कर बाहेक) रु.	परिमार्जित लागतरकम (अन्तिम भेरिएशन आदेश अनुसार)	सुरु लागतअनुमानको तुलनामा भएको थप घटको प्रतिशत (%)	शुरु सम्झौता रकम (पि.एस. र मू.अ.कर बाहेक)	अन्तिम भेरिएशनआदेश पछि कायम सम्झौता रकम (पि.एस. र मू.अ.कर बाहेक) रु.	सुरु सम्झौताकोतुलनामा भएको थप घटको प्रतिशत (%)	भेरिएशन आदेश पछिकायम लागत अनुमान र सम्झौता रकमका बिचमा भएको भिन्नता प्रतिशत (%)	सन्तुलित भेरिएशनआदेश (Balanced Veriation Order)नभएको कारण बढी भुक्तानी हुन गएको रु.
१.	DRM/BUILDING/NCB/C/07/2077/78	१० शैया प्राथमिक अस्पताल	कुँवर बिल्डर्स, कागेश्वरी, काठमाण्डौ	९२२९२१७८	११०३०६६०	२०.३०	६२०२९३३८	७७५२०००८	२४.९७	४.६७	२८९६७७०
										जम्मा	२८९६७७०

बेरूजु दफा ६९.६ सँग सम्बन्धित विवरण - अनुसूची -५

IPC	Price Adj. Factor PN=A+ B(LN/LO) +C (MN/MO)+D(EN/EO)													
	Invoiced Date	Date for Price Escallation Calculation	Based Price Index before 30 days of submission of bid			भुक्तानी प्रयोजनमा प्रयोग भएको मूल्य सूचि(PI)			भुक्तानी भएको मूल्य समायोजन Factor PN	भुक्तानी हुनुपर्ने मूल्य समायोजन Factor PN	NET ADJUSTABLE AMOUNT AFTER DEDUCTING MOBILIZATION & PS ITEMS	भुक्तानी भएको मूल्य समायोजन रकम (मू.अ.कर सहित) रु.	भुक्तानी हुनुपर्ने मूल्य समायोजन रकम (मू.अ.कर सहित) रु.	बढी भुक्तानी भएको मूल्य समायोजन रकम रु.
			LO	MO	EO	LN	MN	EN						
2	27 May 2022	APR/May 2022	523.75	116.12	120.54	541.82	140.20	124.47	1.9223	1.1242	1110330	1052965	141813	911152
											Total	1052965	141813	911152

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षकको पदपूर्ति नभएकोले पदपूर्ति गरी आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।